जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

# कृषि जर्नल

Agriculture Journal

मासिक

## कृषि जर्नल २०८० जेष्ठ (krishijournal–2023, (May-June)



जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अर्थतन्त्रको आधार

# कृषि जर्नल

Agriculture Journal मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष-१९, अङ्क १०७ जेठ २०८०

## यस अङ्कमा

१. पशुमुत्र संकलन तथा भकारो सुधारका कार्यविधि : २०७९ ३
२. अखिल नेपाल किसान महासंघको सातौं राष्ट्रिय महाधिवेशन ६
३. बालीमा बढ्दो आकाशवेली झारको प्रकोप र नियन्त्रण ८
४. हामी मल्ल कालदेखि नेपाल आएका हौं : मिश्र ९
५. चिया तथा कफी विकास बोर्डको २७ औं राष्ट्रिय चिया दिवस १२
६. ऋण उठाउन महानगरले सहजिकरण गर्छ १४
७. लघुवित्त आन्दोलनकारी सडकमा १५
८. अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)द्धारा जारी विज्ञाप्ति १६-१७
९. सार्क स्तरीय किसान सम्मेलन १८
१०. लघुवित्त पीडितहरूको पक्षमा श्रेष्ठद्धारा संघर्ष जारी राख्न आव्हान १९
११. दक्षिण एशियाली किसान मञ्चको घोषण अध्यक्ष : डा.प्रेम दंगाल २०
१२. सयुक्त राष्ट्र संघीय खाद्य फ्रेमवर्क सार्वजनिक २१
१३. व्यवसायिक माछा पालन २२
14. FAO and Nepal's Joint CPF technology for Agriculture sector 27
15. 27th National Tea Festival in Nepal 29
16. Critical moment for global food Security: Analyse-WFP 31
17. FOSTERING COLLECTIVE ACTION ON FORGOTTEN FOOD 32
18. Japan, UN-IFAD boost global food security 33
19. Reducing the environmental footprint, operations of WFP 34
20. Forgotten Food, Millets and Community seed banks improve biodiversity 36











व्यक्तिगत मूल्य रु. १००/-
संस्थागत मूल्य रु. २००/-

**प्रकाशक :** कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
**सल्लाहकार :** कृष्ण कोपिला, डा.गिरीराजमणी त्रिपाठी, छविन्द्रराज कँडेल, डा.भरतबहादुर पाण्डे
**प्रबन्ध निर्देशक :** श्रीबहादुर खड्का, **प्रधान सम्पादक :** धनबहादुर मगर
**कार्यकारी सम्पादक :** सिताराम पराजुली सह-सम्पादक हिरा पाण्डे (दिक्षा) रितु रुपाखेती
**कानुनी सल्लाहकार :** सरस्वती मानन्धर
**मुख्य कार्यालय :** बागबजार २८, टौखेल मच्छेगाउँ ९, चन्द्रागिरी नगरपालिका
**फोन :** ०१४२८८७४३, **मोवाईल नं.** ९८४१४४५७५३, **मुद्रण :** प्रिन्ट स्काई, भुरुङ्खेल, काठमाडौं
**website** : www.krishijournal.com.np, इमेल : krishijournal@yahoo.com

# कृषि विकासमा सञ्चारको महत्व

सम्पादकीय



यहाँ कृषि व्यवसायले दिन प्रतिदिन औद्यौगिक रुप लिदै आएको छ । काठमाडौं उपत्यका लगायत देशको विभिन्न भागमा कृषि उत्पादनले व्यवसायिक रुप लिदै गएको छ । आधुनिक कृषि उद्योगहरु पनि दिन प्रतिदिन बढ्दै गएको छ । विश्वमा भएको नयाँ(नयाँ कृषि प्रविधिको विकाससँगसँगै नेपाल पनि त्यसबाट टाढा रहन सक्दैन । कृषिमा आएका नयाँ(नयाँ औजारका बारेमा कृषकहरुले यथेष्ट सूचना पाउन अझै पनि सकिरहेका छैंन । ग्रामीण क्षेत्रमा पनि कृषि प्रविधि मैत्री बन्दै गएको छ । नेपाली कृषि व्यवसाय हदसम्म परम्परागत शैलीमा अडिरहेको छ । अवस्थामा गाउँगाउमा किसानहरुले प्रविधिको प्रयोग गर्न थालेको देखिन्छ ।

हाम्रो देशको कृषि, पछि वन, सिँचाई पनि एक महत्वपूण एकाई मानिन्छ । कृषिबाट मानिसले आफूलाई खाना जुटाउछ । वनबाट मानिसलाई चाहिने आवश्यक वस्तुहरु प्राप्त मात्र गर्दैन वनले वातावरण स्वच्छराख्न सहयोग पुऱ्याउँछ ।

आजको यस वस्तुगत आवश्यकतालाई परिपूर्ति गर्न कृषिमा आधुनिकीकरण अपरिहार्य छ । यस क्षेत्रमा जनचेतना जगाउने उद्देश्यले कृषि सूचनासँग सम्वन्धित प्रकाशनहरु प्रकाशन ल्याईरहेका छन् ।

त्यतिमात्र होइन कृषि अहिले सूचनामैत्री बन्न खोजिरहेको छ । सबैको हातहातमा मोवाइल पुगको अवस्था छ । मोवाइल प्रविधिको माध्यमबाट आम जनसमुदायले मात्र होइन कृषकहरुले आफ्नो उत्पादनलाई ठीक समयमा लगाउने र ठीक समयमा बजारको खोजी गर्ने अवसर पनि सूचना र प्रविधिले जुटाईदिइएको छ ।

दीर्घकालीन रुपमा कृषि क्रान्तिको लागि एउटा उर्जा दिन सकोस् र प्रत्येक नेपालीहरुले अन्नविना भोको रहन नपरोस् भन्ने हाम्रो उद्देश्य हुन्छ । त्यसकारण पनि पाठकहरुमाझ, कृषि कर्म गर्ने किसानहरूको माझ कृषि सञ्चारलाई कसरी अगाडि बढाउने ?

कृषि सम्बन्धी सूचना र सञ्चारलाई प्राथमिकता दिने संघ(संस्थाहरूको योगदान कसरी अगाडि बढाउने र उनीहरुलाई कसरी सहयोग पुऱ्याउने भन्ने कुरा, व्यवसायिक कृषकहरुको सूचना कसरी अगाडि लैजाने र आम जनमानसमा आफ्नो पहुँच कसरी पुऱ्याउने भन्ने कुरा महत्वपूर्ण छ । केही समयदेखि नेपालको कृषि क्षेत्रमा सूचना प्रवाह गर्न कृषि सम्बन्धी अनलाइनहरु पनि आफ्नो संस्करणलाई अगाडि बढाईरहेको छ । टेलिभिजन कार्यक्रमहरु पनि अगाडि आइरहेको छ भने मूल प्रवाहका सञ्चार माध्यमहरुले पनि कृषि सञ्चारलाई प्राथमिकता दिएर आफ्नो प्रशारण अगाडि बढाईरहेको अवस्था छ ।

कृषिमा सूचनाको पहुँच बढ्नु देशको लागि सकारात्मक विषय हो । सम्पूर्ण पाठक, स्रोता र सम्बन्धित निकायहरु कृषि क्षेत्रको विकासमा दत्तचित्त भएर लाग्दै आएको छ । तर पनि अझै जिम्मेवारी पूरा नभएको अनुभव भइरहेको छ । कृषिले व्यवसायिक रुपलिन खोजे पनि सोचे जसरी नेपालको कृषि अगाडि बढ्न सकेको छैन । देशको कृषि व्यवसायमा केहीन केही सहयोग पुऱ्याउन सक्छ भन्ने आशा हामीले लिएका छौं । हाम्रो लक्ष्य भनेको साझा लक्ष्य हुनु पर्छ । यो लक्ष्यलाई आफ्नै लक्ष्य ठानी कृषि व्यवसाय प्रति समर्पित रहेर मुलुकलाई सम्पन्न गराउने उद्देश्यमा सहयोग पुऱ्याउनु पर्छ । म कृषि प्रति समर्पित व्यक्तित्व भएको नाताले मेरो योगदान यही क्षेत्रमा हुनुपर्छ भन्ने चिन्तन र भावनाको विकासमा एकाकार भएर लान सके मात्र हाम्रो आफ्नो क्षेत्रको विकास अगाडि बढ्न सक्छ ।

वर्तमान परिवेशमा कृषि सम्बन्धी सूचना र सञ्चारको महत्व पनि दिनानु दिन बढ्दै गएको छ । यसका लागि नेपाल सरकार कृषि, भूमि, सिँचाई, वन जस्ता निकायहरु संस्थागत रुपमा स्थापना भएको कृषि सम्बन्धी सरकारी तथा गैह्रसरकारी, सहकारी संघ(संस्थाहरुको विशेष भूमिका रहन्छ । तर, त्यति हुँदाहुँदै पनि पुलको काम गर्ने माध्यम भनेको कृषि सञ्चार नै हो । कृषि सञ्चारको विकासले सरकारको काम कारवाही, कृषकहरुको काम कारवाही, उनीहरुले गरेका क्रियाकलापहरुको योगदानको मूल्याङ्कन आदान प्रदान गर्न सञ्चारको अझ भूमिका महत्वपूर्ण रहने कुरामा कसैको दुईमत हुन सक्दैन ।

दुःखको कुरा नेपालको ८० प्रतिशत भू(भागमा कृषि गरिरहेको भएपनि गुणात्मक रुपमा अझै कृषिले फड्को मार्न सकिरहेको छैन । शहर केन्द्रीत कृषिले नेपालको कृषिमा आत्मनिर्भर बन्न सक्दैन । सघन बालीहरु तरकार र बालीमा मात्र केन्द्रीत हुन नहुने अवस्थाको बारेमा हामीलाई शिक्षा दिएको छ । अबको व्यवसायिक किसान बन्न किसानले मात्र चाहेर हुँदैन । सरकार स्वयम अगाडि सर्नु पर्छ । राज्यले कृषिमा सघन लगानी गर्ने वातावरण नबनाए सम्म नेपालको कृषि फस्टाउन सक्दैन । नेपालको खेर गईरहेको कृषि भूमि सदुपयोग गर्ने वातावरण जबसम्म राज्यले गर्न सक्दैन तबसम्म नेपालको कृषि अगाडि बढ्न सक्दैन । जबजस्ती रुपमा नेपाली कृषि अगाडि बढे पनि किसानले कति दिनसम्म आफूलाई ऋणको जोखिममा पारेर टिक्न सक्छ भन्ने विषय चिन्ताको विषय बन्दै आएको छ । विगतका धेरै व्यवसायिक किसानहरू कृषि पेशा छाडेर अन्य पेशा अंगाल्न पुगेको देखिन्छ । निर्वाहमूखी कृषि पेशालाई आत्मनिर्भर, नाफामूखी बनाउन किसानले अझ सकिरहेको छैन । किसानहरु जीविकोपार्जन सहज होस् भनेर नै कृषि पेशामा संलग्न भएका छन् । तर पनि दिनप्रतिदिन घाटा सहनु परेको अवस्था देखिन्छ ।

त्यसकारण किसानको लगानी नडुब्ने र घाटामा नजाने वातावरण सिर्जना गर्न पहिलो दायित्व सरकारको हो । सञ्चारमाध्यम खाली माध्यम मात्र हो । सञ्चारले कृषि क्षेत्रमा के भइरहेको छ भन्ने सत्यतथ्या कुरा जनमानसमा ल्याउने हो । यसमा सरकार अगाडि र सञ्चार पछिपछि हुनु पर्ने हो तर सञ्चार अघि अघि सरकार पछि पछि भइरहेको अवस्था छ । त्यो अवस्था त्यति सन्तोषजनक होइन । किसानले आफ्नो लगानी यसरी फसिरहेको छ भन्ने कुरा किसानले पनि लुकाउँदै आइरहेको अवस्था छ । भित्री यथार्थ अवस्था किसानले दिइरहेको देखिदैन । सतही रुपमा मात्र अगाडि आइरहेको छ । किसान र सरकार बीचमा समन्वय भइरहेको देखिदैन । त्यसकारण पनि धेरै समस्या किसानले भोग्नु परेको छ । यस बीचमा सरकार र किसानहरू बीचको समन्वय गर्न र किसानहरुको यस्तो अवस्था आउन नदिन सञ्चार क्षेत्रमा काम गर्ने सञ्चारकर्मीहरुले नेपाली किसानहरुको यथार्थता अगाडि ल्याउन महत्वपूर्ण योगदान पुऱ्याउनु पर्ने आजको आवश्यकता बनेको छ ।

# पशुमुत्र संकलन तथा भकारो सुधारका कार्यविधि : २०७९

केशवराज काफ्ले, वरिष्ठ कृषि अधिकृत

नेपालको परिप्रेक्षमा तरकारीमा प्राङ्गारिक मलको प्रयोग घट्दो छ, र भएका प्राङ्गारिक मलका स्रोतहरुको समुचित प्रयोग हुन नसक्दा माटोको उर्वरा शक्तिमा सुधार हुन सकेको छैन । यसैलाइ मध्य नजर गर्दै भकारो सुधार, मल व्यवस्थापन, पशुमुत्र संकलन, गोवरमल सुधारमा जोड दिनु पर्दछ ।

पशुमुत्र संकलनको फाइदा गहुँतलाई कम्तीमा २ हप्तासम्म क्यूरिङ्ग गरी प्रयोग गर्दाका फाइदा यस प्रकार छन् ।

रु गहुँतको प्रयोगले बिरुवालाई खाद्यतत्व उपलब्ध गराई रोगकिराको आक्रमणबाट बच्न मद्दत पुग्दछ ।

- माटोमा सुक्ष्म जिवहरुको क्रियाकलाप बढाउँदछ, पि.एच.मा सुधार गर्दछ र पानी अड्याउने क्षमता बढाउँदछ ।

**हाल भईरहेको प्रविधिमा सुधार गर्न पर्ने कुराहरु :**

- गोवर तथा कम्पोष्ट मललाई राम्रोसँग डिकम्पोज-गलाउने गराउने प्रविधिमा परिमार्जन गर्ने ।
- संकलित पशुमुत्रको सहज तरिकाबाट प्रयोग गर्ने प्रविधिको विकास गर्ने ।

पशुमुत्र संकलन तथा भकारो सुधार प्रविधिमा सुधार गर्न पर्ने कुरा ।

**१) पशुमुत्र संकलन तथा भकारो सुधार :**

- सिमेण्ट १ भाग, वालुवा २ भाग र ४ भाग गिटीको अनुपातले १.५ प्रतिशत स्लोपको पि सि सि
ढलान गर्ने ।
- पशुमुत्र बग्ने वा पाइप नजिकै भित्रीभाग १ फिट लम्बाई र १ फुट चौडा र गहिरो १.५ फुटको
पक्की मंगल बनाउने र त्यस मंगलमा पशुमुत्र स्वचालित रुपमा जम्मा हुने व्यवस्था गर्ने ।
- गोठमा काम गर्ने व्यात्तिको खुट्टा तथा पशुहरुको खुट्टा नपसोस भन्नका लागी मंगलमा काठ वा
सिमेण्टको स्लाव बनाई ढकन राख्ने व्यवस्था गर्ने ।
- ढकन वा स्लाव अड्याउन मंगलको भित्रि भागमा १ इन्ची खाँच बनाउने ।
- मंगल बनाउँदा मंगलको गाह्रोको भित्री भाग १ इन्ची होचो बनाएर ढकन यता उता नसर्ने र मंगल भित्र पनि नपस्ने गरि मिलाउने । जस्ले गर्दा ढकन सानो भए हुने र उचाल्न सजिलो हुन्छ ।
- नालामा आकाश तथा बलेनीको पानी नपर्ने व्यवस्था गर्ने ।
- गोठमा काम गर्ने व्यात्तिको खुट्टा तथा पशुहरुको खुट्टा नपसोस् भन्नका लागी नालाबाट मंगलमा जाने ठाउँमा ४ इन्चीको कालो कडा पाइप बिछ्याउने र पशुमुत्र जाने ३ देखी ४ ठाउँमा २ इन्ची
डायमीटरको प्वालपार्ने र खस्रो पि भि सि जालीघोप्टो पारी राख्ने, जस्ले पिसाब सँगै



आएका गोवर,
पराल तथा अन्य घास पातका टुक्राहरु पशुमुत्र संकलन गर्ने खाडलमा जान पाउँदैन ।
- मंगलमा जानु भन्दा पहिला सानो खाडल बनाई खाडलमा जम्मा भएको पिसाब घोप्टो पारिएको
जालीहुँदै मंगलमा जाने व्यवस्था गर्ने ।
- मंगलमा पिसाव भरिए पछि बाहिर वाल्टि वा डूममा जानका लागी मंगलको माथिल्लो सतह भन्दा
करिव १ इन्च तल एक इन्च कालोपाईप वा गार्डेन पाइप जडान गर्ने र पाईपको मुखमा पि भि सिको मसिनो जाली राख्ने जस्ले गर्दा पिसाब सँगै आएका गोवर, पराल तथा अन्य घास पातका टुक्राहरु
पशुमुत्र संकलन गर्ने डूमहरुमा जान पाउँदैन । यसो गर्दा मंगल भरिए पछिको पिसाब स्वचालित
रुपमा बाल्टीमा जम्मा हुँदै जान्छ ।
- मंगलमा स्वचालित हिसावले संकलन भएको पशुमुत्र कालो प्लाष्टिक पाईप मार्फत खाडल भन्दा केही तल्लो सतहमा पशुमुत्रको मात्राको आधारमा २ वटा वा सो भन्दा बढि प्लाष्टिकका १०, २०, ३०, ५० वा ६० लिटर जाने बजारमा सर्वसुलभ पाइने बिर्को भएका डूमहरु राख्ने ।

रु समथर जग्गा भएकामा पशुमुत्र भरिए पछि उठाएर ड्रममा राख्न मिल्नका लागि ५ वा १० लिटरका
बिर्को भएका बाल्टीनहरु वा पशुमुत्र संकलन गर्न सकिने भाडाहरु राख्ने ।

- पशुमुत्र संकलन गरेको मंगलमा जोडिएको पाइपलाई सबै ड्रममा जाने गरि सतह मिलाएर राख्ने र ड्रमको माथिल्लो सतहमा बिर्को लगाउन मिल्ने गरि पाईपको टुप्पा घुसाउने ।
- पशुमुत्रले एउटा डूम भरिए पछि अर्को ड्रममा लैजान मिल्ने व्यवस्था गर्ने ।
- प्रत्येक ड्रमको पिँधभन्दा झण्डै १ इन्ची माथिबाट आधाईन्चीको प्लाष्टिक धारा जोड्ने ।
- समथर जग्गा भएको अवस्थामा वाल्टीनको पिँधमा प्वाल पार्न पर्दैन ।
- सो धारामा अर्को पाइपवाट मिश्रण ड्रममा लैजान मिल्ने बनाउने ।

**२) मिश्रण डूम :**

--पशुमुत्र र पानी संकलन गरेको पोखरी वा ड्रमबाट खेत बारीमा पानी पठाउन मिल्ने ठाउँमा ५००
लिटर वा आवश्यकता अनुसारको क्षमताको एक वटा पोलीथिनको ड्रम राख्ने । समथर जग्गामा मंगल
नजिक ड्रम जमीनको सतह भन्दा कम्तीमा ३ फिट अग्लो संयन्त्र (डिल, पर्खाल, ढिस्को आदी) बनाई राख्ने । जस्ले गर्दा सो ड्रमबाट पाइप लगाई समथर जग्गामा पनि पाइपको सहायताले मात्र पनि मिश्रणबाट सिँचाई गर्न सकियोस् ।

रु सो ड्रममा पानी र पशुमुत्र मिसाउन मिल्ने

संयन्त्रहरु जडान गर्ने ।
रु पशुमुत्र र पानीको मिश्रण थोपा सिँचाई वा पाइप सिँचाई वा स्प्रेयरबाट छर्न मिल्ने गरि ०.५
ईन्चीको पाइप, टुटी वा चेकभल्वहरु राख्ने ।
३) सिँचाई वा मिश्रण स्प्रे :
रु मिश्रणको ड्रममा जम्मा भएको मिश्रण थोपा सिँचाई, बोतल सिँचाई वा पाइप सिँचाईका संयन्त्रहरु जडान गरि नजिकको तरकारी बालीमा विभिन्न प्रविधिबाट सिँचाई गर्न मिल्ने बनाउने,
- उमेर तथा प्रयोगको उद्देश्य अनुसार प्रयोग गर्ने पशुमुत्र र पानीको अनुपात मिलाई प्रयोग गर्ने
- बाली बिरुवाका मुख्य शत्रु कीराहरुलाई मार्न, धपाउन वा नआउने बनाउन १ भाग पशुमुत्रमा ५ देखी ६ भाग पानीको मिश्रण छर्ने ।
- १ भाग पशुमुत्रमा १० भाग पानीको मिश्रण छरेर बिरुवालाई पातको माध्यमबाट छिटो खाद्य तत्व प्राप्त गर्नका लागि छर्ने ।
- १ भाग पशुमुत्रमा ७ देखी ८ भाग पानीको मिश्रणबाट पाउडरी मिल्ड्यू जस्ता घातक रोगहरु व्यवस्थापनका लागि पशुमुत्र छर्ने ।
- यसका लागि मिश्रण डूममा, डूमको आउटलेटमा आधा ईन्चीको पाइप जोडी मोटर पम्पको माध्यमबाट पनि बिरुवामा छर्न पनि सकिन्छ ।

**४) मलखाद व्यवस्थापन :**

वस्तुको गोवरमलको गुणस्तर बढाउन वा त्यसमा भएको खाद्यवस्तुको नासहुन नदिनका लागि मलखाद व्यवस्थापन अति जरुरी छ, त्यसका लागि परम्परागत रुपमा गर्दै आएको र केही वर्ष अगाडी विकास गरिएको तरिकामा केही सुधार गर्दै लैजानु आजको आवश्यकता हो, भनिन्छ ।भबचलष्लन ष्क अयलतष्ल( गभक उचयअभकक ।चफ धफद तय तफद सिकाई का कुरा भ्रुण देखी चिहानसम्म सँधै जारी रहने कुरा हो । विकास कहिलै रोकिनु हुँदैन, एकपछि अर्को नयाँ कुराको खोजी गरि रहनु पर्दछ । त्यसैले मलखाद तथा गोवर मलको प्रयोगमा गर्दै आएको र यसमा गर्न पर्ने सुधारहरु यस प्रकार छन्

**क) परम्परागत तरिका :**

- मलखाद भिरालो ठाउँमा घाम पानीले गोवरमा भएको तत्व नास हुने गरि खुल्ला ठाउँमा राख्ने ।
- मलखाद फर्काउनु पर्छ भन्ने कुराको मनन नभएको ।
- मलखादलाई खाडलमा राख्नु राम्रो हुन्छ भन्ने धारणाको विकास हुनु ।
- ढुवानीका लागि सजिलो बनाउन खेत बारीमा लैजानु अगाडि खनेर सुकाउने ।
- खेतबारी खनजोत गर्नु भन्दा धेरै दिन अगाडि खेतबारीमा लगी फिजाएर वा छरेर राख्नु ।
- पशुमुत्रको महत्व नराखी खेर फालिनु ।
य यसो गर्दा मलमा भएको खाद्यतत्वमा ह्रास, माथीको भाग सुख्खा र पिँधको भाग पनि नगलेको
अवस्था या नगलेको मल खेतबारीमा हाल्दा



धमिरा, खुम्रेकिराको प्रकोप बढि हुने, खाद्यतत्वमा ह्रास ।

**ख) सुधारिएको तरिका :**

- मलखादलाइ घाम पानीबाट जोगाउन छानो हाल्ने प्रविधिको विकास भएको ।
- मलखाद फर्काउनु पर्छ भन्ने कुराको मनन भएको छ ।
- मललाई धेरै सुकाउन नहुने, खेतबारी खनजोत गर्नु केही समय अगाडि मात्र मल फिजाउने भन्ने धारणाको विकास ।
- मलखादलाइ खाडलमा राख्नु राम्रो हुन्न भन्ने कुराको वोध गराइएको छैन ।
- भकारो सुधार गरि नालाबाट पशुमुत्र मंगलमा जम्मा गर्ने प्रविधिको विकास भएको छ ।
- संकलित पशुमुत्र मंगलबाट निकालेर वाल्टिन वा स्प्रेयरमा मिसाई छर्ने भन्ने कुराको विकास भयो ।

**ग) थप सुधार्न पर्ने कुराहरु :**

- मलखादलाई घाम पानीबाट जोगाउन छानो हाल्नै पर्ने बनाउनु पर्ने ।
- मलखाद फर्काउदा मललाई गलाउने जिवहरुको प्रयोग गराउन लगाउने, गोवर हुने प्रत्येक कृषकको घरमा EM जस्ता जैविक वस्तुको सर्वसुलभ तरिकाले मल, बीउ, विषादी लगायत किराना पसलमा समेत उपलब्ध हुने व्यवस्था गर्ने ।
- मलखादलाई खाडलमा राख्नु राम्रो हुन्न, मलखादलाई एकीकृत गरि थोरै ठाउमा धेरै अटाउन, छानो हाल्न सजिलो बनाउन, साइड( साइडमा हावा खेल्न प्वाल भएको कम्तीमा २ च्याम्वरको इट्टाको पर्खाल बनाउने प्रविधिको विकास गर्ने ।
- मललाई एउटा च्याम्वरबाट अर्को च्याम्वरमा भौगोलिक धरातलको आधारमा माथीबाट तल फर्काउन मिल्ने बनाउने ।
- नाला वा पाइपबाट मंगलमा जम्मा भएको पशुमुत्रलाई मंगलको माथिको भागमा पाइप राखी ओभर फ्लो भएको सफा पिसाव पाइपबाट वाल्टिन वा ड्रममा जम्मा प्रविधिको विकास गर्ने ।
- संकलित पशुमुत्र एक भन्दा बढि बाल्टिन वा ड्रममा जम्मा गरि कुन पिसाव कति दिनको हो चिन्न मिल्ने गरि संकलन शुरु गरेको मिति समेत लेखेर संकलन गर्ने र आवश्यकता अनुसारको अनुपातको मिश्रण बनाई प्रयोग गर्न मिल्ने बनाउने ।
- प्रविधि जती सरल भयो यसको उपयोग त्यतिनै बढि हुन्छ ।

नयाँ तरिका अनुसार पशुमुत्र तथा मलखाद व्यवस्थापनको गर्न, नेपाल सरकार कृषि तथा पशुपन्छि विकास मन्त्रालय आयोजनाको नामः पशुमुत्र संकलन तथा प्रयोग निर्देशन २०७९ (भिरालो ठाउँमा उपयुक्त हुने संरचना तथा प्रयोग गर्ने तरिका, सुधारिएको गाई र भैंसीको गोठ पशुमुत्र संकलनको लागि प्वाल पारी राखिएको जाली राखिएको पाइप र मंगल, मल राख्ने र फर्काउन पर्खालबाट बनाइएको

कोठी पशुमुत्र संकलनका विभिन्न क्षमताका मंगल पशुमुख र पानीको मिश्रण डूम
पशुमुत्र मिश्रणले बोटलको पिँधको भाग काटी बिर्कोपट्टिको केही भाग निकालेर वा बिर्को खुकुलो बनाएर गाडिएको बोतलबाट थोपा सिँचाई गर्ने तरिका, गोठ तथा भकारो सुधारका तरिकाहरु

१) मलखादको परम्परागत तरिका, मलखादलाई भिरालो ठाउँमा राख्दा, नगल्ने अवस्था र पशुमुत्र संकलनको कुनै संरचना नबनाएको अवस्था

२) सुधारिएकोमा नयाँ तरिकामा गोठको थलो ढलान गरि पशुमुत्रलाई मंगलमा जम्मा गर्ने, तरिकालाई रुपान्तरण गदै स्थानीय मिस्त्रीहरु :

३) गोठ तथा भकारो सुधार कार्यक्रम अनुसार सुधारेर बनाएको मलखाद व्यवस्थापन तरिका यसमा मल फर्काउनका लागि अलग(अलग २ कोठा बनाएको छ। मलखादमा हावा पस्नेगरि बनाइएको पर्खाल ।

४) मंगलमा भएको पशुमुत्रलाई पाइपको सहायताले विभिन्न क्षमताका ड्रमहरुमा जम्मा गरि पूरानो भएको पशुमुत्रलाई आवश्यकता अनुसारको अनुपातमा पानीसँग मिसाई सिँचाई गर्ने नयाँ तरिका ।

५) परम्परागतबाट सुधार्नु परेका कुराहरु :

क) पशुमुत्र संकलन :

१) पशुमुत्र थलो भित्रबाटै संकलन गर्नका लागी जाली घोप्टो गरि राख्ने ।

२) पशुमुत्र एकतृत हुनका लागि साना मसिना कुलेसो बनाउने ।

३) पशुमुत्र थलो बाहिरबाट संकलन गर्नका लागी पाइपको प्रयोग गर्ने ।

४) पाइपको प्रयोग गर्दा पाइपमा प्वाल पारि ४ इन्चिको पि भि सी जाली घोप्टो गरि राख्ने ।

५) पशुमुत्र थलो बाहिरबाट संकलन गर्नका लागि नाला बनाइसकेको छ भने नालामा पाइप राखेर पाइपको प्रयोग गर्ने ।

६) पशुमुत्र संकलनको मंगलमा भित्रपट्टिबाट ढकन राख्न मिल्ने बनाउने ।

७) मंगल भरिएपछि छानिएको पशुमुत्र स्वचालित तरिकाबाट पशुमुत्र संकलन डूम तथा बाल्टिनमा जम्मा गर्नका लागि एक ईञ्चीको पाइप राख्ने ।

८) मंगलको पशुमुत्र बाहिर निस्कने क्रममा ठोस पदार्थ नजाओस् भन्नका लागि भित्रपट्टी जाली राख्न मिल्ने बनाउने ।

९) पशुमुत्र क्रमशः एउटा भरिएपछि अर्कोमा जाने व्यवस्था मिलाउने ।,

१०) पशुमुत्रको कम्तिमा १५ दिनको अगच( ष्लन अवधि पुगेपछि आवश्यकता अनुसारको अनुपातको मिश्रण बनाउनका लागि पानी टंकीमा जान मिल्ने बनाउने ।

११) मिश्रणको ड्रममा पाइप जडान गरि सिँचाईमा प्रयोग गर्नका लागि पाइप टुटी फिटिङ गर्ने ।

**ख) मलखाद व्यवस्थापन :**

१) छरिएर रहने गोवरमललाई एकतृत गर्न र मल फर्काउन मिल्ने बनाउनका लागि र मलखादमा हावा खेल्न मिल्ने गरि इटाको गारोबाट बढिमा ४ फिटको २ वटा च्याम्वर बनाउने ।

२)मलखादलाई घामपानीबाट जोगाउन २५० जि एस एम को प्लाष्टिकले छाउने ।

३) मल भरिदै गर्दा मल छेक्नका लागी फलेक वा अन्य चिजलाई अड्याउनका लागी गारोको बिच भागमा खाँच बनाउने ।

**सारंश :**

अहिलेको रोजाई कुन हो, कृषक भन्नासाथ, च्यात्तियको कपडा, आधा टोपी लगाएको, पशुमुत्र र गोवरसँग लतपतिएको, हिलो धुलो माटोसँग खेलेकै हुनु पर्ने छ र ?

यसलाई सुधारेर लैजान पनि त सकिन्छ । त्यो हो भने भकारो सुधारको पछिल्लो तरिका अपनाई लागु गरिहालौं ।

**किन ? :**

१) गोठ सफा राख्न तथा कृषक सफा हुन ।

२) मल र पिसावको गुणस्तर बढाउन ।

३) पशुमुत्रको प्रयोग बढाउन ।

४) स्वथ्य बाली उत्पादन गर्न ।

५) प्राङ्गारिक उत्पादनलाई बढाउन ।

**कसरी शुरु गर्ने ? :**

१) सरकारी, गैह्र(सरकारी तथा निजीस्तरबाट सञ्चालन गरिने कृषि कार्यक्रमहरु सञ्चालन गर्दा सुधारिएको मलखाद तथा भकारो व्यवस्थान एक घर, एक भकारो सुधारको कार्यक्रमबाट शुरु गर्ने ।

२) नयाँ तरिकालाई Norms मा राखी यही तरिकाबाट गर्नका लागि गोष्ठी तथा तालिमको व्यवस्था गर्ने ।

३) पालिका तथा अन्य संस्थाबाट स्थानीय स्तरमा सुधारिएको तरिकाबाट बनाउनका लागि मिस्त्री तालिम दिई एक घर, एक रोजगारमा समावेश गरि गाउँ(गाउँमा खटाउने ।

४) गाई भैंसीको दूध बेच्ने झै ऋगचष्लन गरेको पशुमुत्र पनि ब्राण्डीङ गरि मल, बीउ, विषादी बेच्ने पसलमा देच्ने व्यवस्था गर्ने ।

५) टि भि, रेडियो तथा अन्य सञ्चारका माध्यमबाट सुधारिएको तरिकाको संरचना बनाउन प्रचार प्रसार गर्ने ।

कहिलेबाट शुरु गर्ने ?

१) जति सक्दो चाडै गर्ने ।

२) ढिला गर्दा के हुन्छ ?

रु कर्यक्रम भएका संस्थाले पूरानै अनुसार बनाउँदा नयाँ तरिका लागु गर्न ढिला हुने ।

रु कृषिका कार्यक्रमको वजेट अरु विषयमा खर्च हुने भएकाले यस कार्यक्रमले प्राथमिकता नपाउने हुन सक्छ ।

रु लाखौं गाईभैंसीको करोडौं लिटर पशुमुत्र तथा करोडौं टन गोवरमल कम गुणस्तर भई लाखौं टन
उत्पादनको घाटा पर्ने ।

यसरी बनाइएको ऋगचष्लन पुगेको पशुमुत्रलाई बोतलमा जम्मा गरि ब्राण्डिङ्ग गरि बिउ विषादी बेच्ने
पसलमा राखी बिक्री गर्ने व्यवस्था मिलाउन सके मल कारखाना स्थापना तथा मलको अभावलाई कम गर्न र प्राङ्गारिक मल उत्पादन गर्न साथै देशको पैसा देशमै राख्नका लागि केही सहयोग हुन्थ्यो की ?

**मोवाइल सम्पर्क नं.**: ९८५१२२२५८३
kaflekr@gmail.com

कृषि उत्पादनमा वृद्धि र सहजता,
कृषि यान्त्रीकरणको प्रवर्द्धन र उपयोगिता देश
आत्मनिर्भरताको मूल आधार, कृषि विकासमा नविनम्
सुधार
कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण
प्रवर्द्धन केन्द्र
( CAIDMP)

# अखिल नेपाल किसान महासंघको सातौं राष्ट्रिय महाधिवेशन



अखिल नेपाल किसान महासंघको सातौं महाधिवेशन यही चैत्र ३० गते २०७९, देखि २ बैशाखसम्म झापाको दमकमा सम्पन्न भयो । महाधिवेशनको उद्घाटन आदिवासी रंगशालामा हजारौंको संख्यामा उपस्थिति जनसमुदायको माझ नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधामन्त्री केपी शर्मा ओलीले गर्नु भएको थियो । कार्यक्रमलाई सम्वोधन गर्दै ओली ' महाधिवेशनको सफलताको शुभकामना व्यक्त गर्नु भयो । र किसान आन्दोलन प्रति नेकपा एमालेको प्रतिवद्धता व्यक्त गर्न वरिष्ठ नेता इश्वर पोखरेल, उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेल, सल्लाहकार परिषद्का अध्यक्ष अमृत बोहरा अनुशासन आयोगका अध्यक्ष केशव वडाल, लेखा आयोगका अध्यक्ष पुष्प कँडेल, निर्वाचन आयोगका अध्यक्ष  विजय सुब्बा, स्थायी समितिका सदस्यहरु पोलिटव्यूरो र केन्दीय समितिका सदस्यहरु अतिथिको रुपमा आमन्त्रित हुनुहन्थ्यो । उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकरपोखरलले महाधिवेशनको उद्घाटन शत्रलाई सम्वोधन गर्नु भएको थियो । बन्द शत्रलाई वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेल, अमृत बोहरा केशव वडाल, पुष्प कँडेल, विजय सुब्बाले सम्वोधन गर्नु भएको थियो । उद्घाटन शत्रलाई दक्षिण एशिया भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकाका किसान नेताहरुले सम्वोधन गर्नु भएको थियो । उद्घाटन शत्रलाई दक्षिण एशिया भारत, पाकिस्तान, उद्घाटन शत्रको अध्यक्ष महासंघका अध्यक्ष डा.प्रेम दंगालले गर्नु भएको थियो । स्वागत मन्तव्य उपाध्यक्ष वेनु शिवाकोटी र सञ्चालन महासचिव खड्कबहादुर खड्काले गर्नु भएको थियो महाविधेशनको बन्द सत्र नेकपाएमाले स्थायी समिति सदस्य एव जनसंगठन समन्वय संयन्त्रका प्रमुख भानुभक्त ढकाल रहेको पोलिटव्यूरो सदस्य देवेन्द्र दाहल, केन्द्रीय सदस्य मेनका काफ्ले, रचना खड्का झापा जिल्ला नेकपा एमालेको अध्यक्ष दीपक कार्की, संघीय सांसद एलपी साँवा रहेको अध्यक्ष मण्डल रहेको केन्द्रीय निर्वाचन आयोगले सम्पन्न गरेको थियो ।

*प्रत्यक्ष कृषि उत्पादनमा संलग्न किसानलाई भूमि प्रदान गर्ने, ज) राज्यको स्वामित्वमा रहेको जमीन लीजमा प्रदान गने, झ) राज्यको स्वामित्वमा रहेको जमीन लिजमा प्रदान गर्ने ।*

सरकारले किसानका समस्या सम्वोधन गर्न सक्दैन, यो सरकारले एकपछि अर्को गरी किसान विरोधी निर्णयहरु गर्दै गरेको छ । किसानका मुद्दालाई उठाएर निष्कर्षमा पुऱ्याउने पार्टी भनेको नेकपा एमाले मात्र रहेको बताए । महाधिवेशनले टेकबहादुर बोगटी, आरती पौडेल, तारा खाती र कोषाध्यक्षमा सरस्वती बाटी रहनु भएको छ । महाधिवेशनमा मुलुकभरको ७७ जिल्ला र २२ वटा विषयगत संगठनहरुको ११४५ जना प्रतिनिधीहरु सहभागी रहेका थिए महाविधवेशनले कृषि क्रान्तिको कार्यक्रमलाई अद्यावधिक गर्दै राजनीतिक तथा संगठनात्मक प्रतिवेदन विधान संशोधनको प्रस्ताव तथा आर्थिक प्रतिवेदन पारित गरेको छ । महाधिवेशनले किसानले भोगिरहेको र कृषि क्षेत्रको रुपान्तरणका लागि गर्नु पर्ने कामका सम्बन्धमा प्रस्तावहरु पारित गरेको छ ।

म्हाधिवेशनले नेकपा एमाले केन्द्रीय सदस्य एव निवर्तमान अध्यक्ष प्रेम दंगाललाई सर्वसम्मत अध्यक्ष निर्वाचित गरेको छ । दंगालको नेतृत्वमा २०१ सदस्यीय केन्द्रीय समिति सर्वसम्मत ढंगले चयन गरेको छ । अन्य पदाधिकारी निम्न वमोजिम रहेका छन् । उपाध्यक्षहरु : खड्कबहादुर खड्का, वेनु शिवाकोटी, सूर्य बहादुर शाकी,  राजकुमार उप्रेती, रामशरण आलेमगर, महासचिव बाबुराम थापा, उप(महासचिवमा प्रेमनारायण अधिकारी र सरिता भुसाल निर्वाचित हुनु भएको छ । त्यसैगरी सचिवहरुमा विश्व वराल, उमेश गुप्ता, कृष्ण अधिकारी देवप्रसाद गर्वुजा रहेका छन् ।

महाधिवेशनले पारित गरेका प्रस्तावहरु :

भूमि सम्बन्धमा :

१. भूमिहिन दलित, भूमिहीन गरिब किसानहले जमीन पाउने सके, संवैधानिक हक कार्यन्वयन गरि भूमिहीन गरिब किसानहरुलाई जमीन प्रदान गरिने पर्ने, भूमि सुधार तथा भूमिको व्यवस्थापन सम्बन्धमा निम्नानुसार व्यवस्था अवलम्वन गरिनु पर्ने, (क) सामन भू( स्वामित्वको अन्त्य, (ख) द्वैध स्वामित्वको अन्त्य : ग) कृषि भूमिको चक्लावन्दी घ) जमीनको उकास, सुधार र उपयोग, नयाँ भू( स्वामित्वको स्थापना च) भूमिहीन किसानलाई भूमी प्रदान, छ) प्रत्यक्ष कृषि उत्पादनमा संलग्न किसानलाई भूमि प्रदान गर्ने, ज) राज्यको स्वामित्वमा रहेको जमीन लीजमा प्रदान गने, झ) राज्यको स्वामित्वमा रहेको जमीन लिजमा प्रदान गर्ने । झ) भूमिको वैज्ञानिक अभिलेख राख्ने, ञ) भीम उपयोगको नीति ट) भूमिहीन तथा गरिब किसानको हित संरक्षणको विशेष नीति बनाउने, ठ) कृषि तथा तृणभूमिको वैज्ञानिक उपयोग । कृषि क्रान्तिको कार्यक्रम सम्पन्न गर्न पर्ने कृषि क्षेत्रका आधारभूत विषयहरु

१. संघीय, प्रदेश तथा स्थानीय तिनै तहका सरकारहरुले कुल वजेटको १० प्रतिशत कृषि क्षेत्रका लागि विनियोजन गरिनु पर्ने ।

२. किसानको पहिचान, वर्गीकरण र सूचीकरण गरिब किसान परिचय पत्र वितरण गर्ने र त्यसको आधारमा सबै तहका सरकारहरुले प्रवाह गर्ने सेवा, सुविधा र छुटहरु किसानले पाउने व्यवस्था गरिनुपर्ने ।

३. देशका अनुसन्धान केन्द्रहरुलाई स्रोत साधन सम्पन्न बनाई अनुसन्धानको दायरा फराकिलो बनाउने । प्रदेश स्तरमा कृषि अध्ययन तथा अनुसन्धान केन्द्रहरुको विकास गर्ने, कृषि विश्व विद्यालय तथा कलेजहरु अनुसन्धान केन्द्रीत बनाउने कृषि शिक्षा, अनुसन्धान र प्रसारलाई एकीकृत रुपमा सञ्चालन गगिनु पर्ने । स्थानीय बीउविजन तथा नश्लहरुको संरक्षण तथा उन्नत जातको बीउविजन तथा नश्लको समावेशमा उत्पादन र सहज वितरणको व्यवस्था गर्दै बिउमा भईरहेको परनिर्भरता घटाउँदै यथाशिघ्र आत्मनिर्भर बन्ने गरि काम गर्नु पर्ने ।

४. कृषि उत्पादनको समर्थन मूल्य निर्धारण गरी राज्यले नै खरिद कृषिमा राज्यको लगानी वृद्धि गर्ने निजी क्षेत्रलाई कृषिमा गर्ने व्यवस्था गरिनु पर्ने निर्धारित समर्थन मूल्यभन्दा कम मूल्यमा बिक्री गर्नु पर्दा किसानलाई निर्धारित मूल्य बराबर क्षतिपुर्ति दिने व्यवस्था गरिदिनु पर्ने, स्थानीय, प्रदेश र संघीय सरकारले आ( आफ्नो तहमा कृषि बजार व्यवस्थापन गरिनु पर्ने तथा कृषि उत्पादनमा संकलन र चिस्यान केन्द्रहरुको स्थापना गरिनु पर्ने ।

५. कृषि सहकारी मार्फत कृषि उत्पादनको सामुहिकीकरण सहकारीकरण गर्ने । पालिका मार्फत वडा तथा गाउँ तहमा उत्पादनमा संलग्न किसानहरुको उत्पादन विशेष समूह निर्माण गर्ने उक्त समूहहरुलाई सहकारमिा आवद्ध गर्ने । सहकारीको मुख्य कृषि उत्पादन, बजारीकरण प्रशोधन, भण्डरणको व्यवस्था मिलाउन । सहकारीले कृषि सम्बन्धी यन्त्रशाला (कृषि औजारहरुको लाइब्रेरी) बीउ विजन विषादीको उपलब्धता प्राविधिक ज्ञान, सीप सम्बन्धी सेवा सम्बन्धी वडा तथा पालिकामा उत्पादन हुने कृषि तथा कृषिजन्य वस्तुहरुको वस्तुपूरक सूचना अध्यवधिक राख्ने ।

६. उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनु पर्ने ।

७. किसानलाई योगदानमा आधारित निवृतिभरणको व्यवस्था गरिनु पर्ने ।

८. गरिबीको रेखामुनि रहेको किसान तथा

*आधुनिक ज्ञान, सीप र प्राविधिको बारेमा किसानहरुलाई आवश्यक जानकारी सहज रुपमा प्राप्त गर्ने व्यवस्था गर्ने, ट्रेक्टर, थ्रेसर लगायतको खरीदमा ५० प्रतिशत अनुदानको व्यवस्था गरिनु पर्ने ।*

साना किसानहरुमा वित्तीय पहुँचको सुनिश्चितता गरिनुपर्ने मिटर व्याज जस्तो अपराधिक धन्दा चलाई किसानलाई शोषण गर्ने सुदखोरहरुलाई छानविन गरी कारवाही गरिनु पर्ने, कृषि कर्जाको सीमा निर्धारण खारेज गरि किसानलाई सहुलियत दरको कृषि कर्जा स्थानीयस्तरबाटै सहज र सरल रुपमा किसानले प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्ने ।

९. कृषिमा राज्यको लगानी वृद्धि गर्ने निजी क्षेत्रलाई कृषिमा लगानी गर्न प्रोत्साहन गर्ने । मूलुकको कृषि विकासलाई प्राथमिकतामा राखी आगामी एक दशकमा कृषि क्रान्तिको दशक घोषण गरि सोही अनुसार राज्यको नीति कार्यक्रम र योजनाहरु निर्माण गरि अभियानको रुपमा लागु गरिनु पर्ने ।

१० परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण गर्दै व्यवसायीकरण गरिनु पर्ने । कृषिलाई व्यवासायिकरण र आधुनिकीरण गर्नका लागि यस सम्बन्धी आधुनिक ज्ञान, सीप र प्राविधिको बारेमा किसानहरुलाई आवश्यक जानकारी सहज रुपमा प्राप्त गर्ने व्यवस्था गर्ने, ट्रेक्टर, थ्रेसर लगायतको खरीदमा ५० प्रतिशत अनुदानको व्यवस्था गरिनु पर्ने ।

कृषि औजार उपकरण, मेशिन, पम्पिङ्ग सेटमा कृषि मिटरको व्यवस्था गरि कृषि, पशुपालन मत्स्यापालन प्रयोगका लागि विद्युत महशुलमा ७५ प्रतिशत छुट गरिनु पर्छ ।

११. किसानमेत्री एकीकृत कृषि कानून निमार्ण गरि लागु गरिनु पर्ने ।

१२. भूमिको वगीकरण गरि कृषियोग्य भूमिको खण्डीकरण र अधिकरण रोक्नु पर्ने ।

१३. निशुल्क कृषि तथा पशुधन विमा कार्यक्रम प्रभावकारी रुपमा लागु गरिनुपर्ने ।

१४. भूमि बैंक मार्फत भूमिको उपयोग गर्ने व्यवस्था लागु गरिनु पर्ने ।

१५ सम्पूर्ण गुठी जमीन जोतभोग गर्दै आएको किसानका नाममा रेकर गरिनु पर्ने ।

१६. देशमा रासायनिक मल कारखाना खोली मलको परनिर्भरता अन्त्य गरिनुपर्ने । तत्काल मल आपुर्तिको सुनिश्चितता गरिनु पर्ने ।

१७. जल, जंगल, जमीन, जडिबुटी र जैविक विविधतामा किसानको नैसर्गिक अधिकार स्थापित गरिनु पर्ने ७५ प्रतिशत छुट गरिनु पर्ने ।

१९ वनमा आधारित कृषि उत्पादनको प्रवर्द्धन समेत गरि वनको वहुउपयोग नीति लागु गरिनु पर्ने । कृषि वन मार्फत फलफूल खेती जडिबुटी खेती, पशु आहार, माछापालन, वन्यजन्य खाद्य कन्दमुलको उत्पादन खाद्य सुरक्षाको सुनिश्चितताको लागि काम गर्नु पर्ने कार्वन व्यापारबाट आएको रुकम स्थानीय किसानहरुले प्रत्यक्ष प्राप्त गर्ने गरी व्यव्यस्था गरि पर्ने ।

२०. प्रत्येक पालिकाले कृषि गुरुयोजना निर्माण गरि लागु गर्नुपर्ने ।

२१. स्थानीय तहमा सम्भावना भएको कृषि उत्पादनहरुको विशिष्टिकरण र विविधिकरण गरि पकेट क्षेत्रको रुपमा विकास गर्नु पर्ने कोही भोकै पर्दैन, कोही भोकले मर्दैन भन्ने नारा साकार पार्न पालिकाले कृषि उत्पादनमा आत्मनिर्भर हुने रणीनीति लिनुपर्ने ।

२२. ग्रामीण कृषि सडक समेत कृषिका पूर्वाधार निर्माण गर्ने र भएको पूर्वाधारहरुको मर्मत सम्भार गरिनुपर्ने ।

२३. सार्जजनिक जग्गा, पोखरी, पाटी पौवा, मठ मन्दिर लगायतका सम्पदाको संरक्षण गरिनु पर्ने ।

२४. आधुनिक प्रविधि, ज्ञान, सीप विकासयुक्त जनशक्ति निर्माणका लागि व्यवसायिक कृषि शिक्षा प्रदान गरिनु पर्ने ।

२५. खाद्य सम्प्रभुत्ताको प्रभाकारी कार्यन्वयन गरिनु पर्ने राष्ट्रिय खाद्य सम्प्रभुत्ता परिषद्को गठन गरिनु पर्ने र उक्त परिषद्मा किसान संघ-संगठनको प्रतिनधीत्व अनिवार्य गरिनु पर्ने ।

२६. राज्यको हरेक तहका नीति निर्माण प्रकृियामा किसान संघ(संगठनको सहभागीता आनिवार्य गरिनु पर्ने ।

२७. महिलामैत्री कषि औजार र प्रविधिको अनुसन्धान र विकास गरिनु पर्ने । महिला किसानहरुलाई भत्ता सहितको सुत्केरी विदाको व्यवस्था गरिनु पर्ने ।

२८. प्राकृतिक, मानवीय वा वन्यजन्तुबाट कृषि तथा कृषि भूमिमा भएका क्षीतको क्षतिपूर्ति, राहत र पुनर्स्थापनाको व्यवस्था गर्न राष्ट्रियस्तरको किसान कोष स्थापना गरिनु पर्ने ।

२९. कृषिमा आधारित उद्योगहरुको स्थापना, संरक्षण प्रवर्द्धन गरिनु पर्ने ।

३०. विदेशबाट विना रोकतोक कृषि तथा कृषिजन्य उत्पादनहरु भित्रिएको अवस्थाको अन्त्य गर्दै विदेशमा उत्पादित वस्तुका

हस्तक्षेपबाट नेपाली उत्पादनको रक्षा गरिनु पर्ने । विदेशबाट आयत हुने कृषिजन्य उपजहरुमा आवश्यक कर लगाउने देशको किसानहरुलाई उत्पादनको लागि प्रोत्साहन गर्ने किसानको वृद्धि विकासमा विशेष ध्यान दिने ।

३१. उत्पादनका स्रोतसाधन, अवसर र नाफामा महिलाको समान हक स्थापित गर्न महिला किसानको लागि विशेष कार्यक्रम लागु गरिनु पर्ने ।

३२. दूग्ध उत्पादनमा विशेष जोड दिनु उन्नत जातका पशुपालन व्यवसायलाई प्रोत्साहन गरिनु पर्ने ।

३३. उखु उत्पादनमा लागेको लागत र चिनीको मूल्य वृद्धि भएको आधारमा क.स.उखुको मूल्य निर्धारण गरिनु मुलुकको कृषि सम्बन्धी संरचनाहरु किसानमैत्री र किसानका आवश्यकता सम्वोधन गर्ने गरि पुर्नसंरचना गर्नु पर्ने ।

३४. उच्च मूल्य भएको जडिबुटी तथा कृषि उत्पादनहरुलाई प्रवर्द्धन गर्ने र मूल्य श्रृँखलामा आधारितभई निर्यातलाई प्राथमिकता राखिनु पर्ने ।

३५. कृषि उत्पादनमा प्रयोग भईरहेको मानव स्वस्थ्यलाई हानी पुऱ्याउने विषादीको पूर्ण रुपमा नियणन्त्रण गरिनु पर्ने, जैविक तथा प्रागारिक मल र विषादी उत्पादनमा स्थानीय सहकारी मार्फत प्रवर्द्धन गर्ने, (प्राविधि, सिप र लगानी) अर्गानिक उत्पादनलाई प्रवर्द्धन गर्दै स्वास्थ्य उत्पादन मार्फत निरोगी नेपालको परिकल्पना साकार पर्ने दिशातर्फ कृषि उत्पादनलाइ डोऱ्याउनु पर्ने ।

३६. एकीकृत कृषि सूचना प्रणालीको विकास गर्ने किसानलाई आवश्यक जानकारी तथा सुचना सहज रुपमा प्राप्त गर्ने गरी किसान एप्सको विकास गरि लागु गरिनु पर्ने ।

३७. मुलुकमा कृषि सम्बन्धी संरचनाहरु किसानमैत्री र किसानका आवश्यकता सम्वोधन गर्ने गरि पुनर्संरचना गर्नु पर्ने ।

३८. कृषि क्षेत्रको उत्पादन विशेष क्षेत्र तरकारी, आलु, पशुपालन, चिया, कफी, पन्छी, फलफूल, पुष्प तथा नर्सरी, जडिबुटी माछा, मसला बाली, खाद्य बाली आदि विकासका लागि अलग(अलग अनुसन्धान तथा विकास बोर्ड स्थापित गर्नु पर्ने ।

३९. कृषि क्षेत्रलाई प्राथमिकतामा राखि आगामी दशकलाई कृषि क्रान्तिको दशकको रुपमा घोषणा गरि तदनुरुपकै नीति तथा कार्यक्रम, लगानी र बनेट विनियोजन गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्ने ।

# बालीमा बढ्दो आकाशवेली झारको प्रकोप र नियन्त्रण

विषय परिचय

अमरलता पात तथा हरितकण नभएको एक किसिमको पहेंलो सुन्तले वा गुलावी रङ्गको पातलो खालको लहरा भई विरुवा तथा बोटहरु लपेटिएर जाने परजीववी झार हो । भन्नाले अन्य बोट तथा जनावारहरुमा वृद्धिभई त्यस्ता परजीवी पाल्ने वालीको डाँठ तथा पातहरुलाई लपेट्न थालेपछि यो

परजीवीले आक्रमण शुरु गरेको अनुमान गर्न सकिन्छ । यस्तो

परजीवीको लहरामा पात नभएपनि अत्यन्त नजिकबाट हेर्ने हो भने मसिना कत्ला देख्न सकिन्छ ।



बोट तथा जनवारहरुबाट आवश्यक खाद्य पदार्थ चुसेरपुर्णवा आंशिक रुपमा निर्भर रहेका वोटलाई परजीववी भन्ने भनिन्छ ।

यो परजीवी झारको वोट मुख्य बालीको डाँठ वा हाँगाहरुमा लाग्ने एक किसिमको पुर्ण परजीवी हो । यसलाई स्थानीय भाषामा आकाशवेली, अमरलता, स्वर्णलता वा इन्द्रलत भनेर भनिन्छ भने अंग्रेजीमा डोडर वा लभ भाइन भनेर भनिन्छ । यसको वेज्ञानिक नाम कसकुटा स्पेसिज हो । कसकुटेयिया परिवारमा पर्ने यो परजीवी झारको वर्ग हालसम्म १७० वटा प्रजातीका फेला परेका छन् ।

यि प्रजाती मध्ये केही प्रजातीहरु वर्सिम, भेच, अल्फा बकुल्ला, लुसर्न जस्ता वालीमा लाग्दछन् । भने केही परजीवी श्रंगारिक वोटविरुवा, रुख तथा वुट्टयानहरुमा समेत लाग्दछन् । यो परजीवीको बिउ मुख्य वाली (वर्सिम, भेच, मसुरो, अल्ला एवं अन्य दलहन वाली)का बीउ सँगै उम्रिन्छ । मुख्य वालीको वेर्नासँगै यसको पनि वृद्धिहुन थाल्दछ र परजीवीको लहराले वोटलाई लपेट्दै वेर्न शुरु गर्दछ ।

पात तथा हरितकण नभएको धागो जस्तो कमलो डाँठ भएको केही लहराले मुख्य जब परजीवीको डाँठ मुख्य वालीसँग सम्पर्कमा आउँछ । एक किसिमको मसिनो चुस्ने अङ्गको विकास भई यसले परजीवीलाई आवश्यक पर्ने खाद्य पदार्थ चुस्न तथा अड्न मद्दत पुऱ्याउछ । परजीवी र मुख्य वालीको सम्बन्ध पुर्णरुपले स्थापित भइसकेपनि यस परजीवीको माटोसँग कुनै सम्बन्ध रहूदैन । यसरी मुख्य वाली नमरेसम्म यस परजीवीले वालीबाट रस चुसेर बिरुवालाई मार्दछ ।

हाल हाम्रो देशमा रौतहट र सप्तरीमा यस परजीवीको प्रकोप वालीनालीमा देखा परेको छ यसबाट बर्सिम घाँसको उत्पादन ६० प्रतिशतसम्म घट्ने बताइएको छ । बर्सिम लगाएको खेतसँगै भएको मुसुरो, रायो, भेच जस्ता वालीहरुमा पनि यसले आक्रमण गर्दछ । अमरलता परजीवीको बिउ मुख्य वालीसँगै लाग्ने र सँगै परजीवीको बीउ मुख्य वालीसँगै लाग्ने र सँगै पाक्ने भएकाले बर्सिमको बीउसूग मिसिन जान्छ । यस परजीवीको बर्सिमको बीउसँग मिल्न जान्छ र यस परजीवीको बीउ (क्याप्सुल बीजकोष)मा लाग्ने गर्दछ । र दुरविनयुक्त सुक्ष्मदर्शक यन्त्रबाट प्रयोगशालामा

हेर्ने हो भने यसको बीउ खरानी रङ्गका खैरो रातो एवं बीउको सतह खस्रो तथा टाँसिने

**बाँकी .........११ पृष्ठमा**

# हामी मल्ल कालदेखि नेपाल आएका हौं : मिश्र

*कागजी रुपमा मात्र उत्पादन भएको छ कि भन्ने शंका लागेको छ । वास्तविक रुपमा उत्पादन बढेको छैन । र यो जल, जमीन र जडीबुटी, जलबाट विद्युत निकाल्ने, जमीनमा कृषि उपज उत्पादन गर्न सक्छौं । जमीनमा जडीबुटी र खाद्यान्न उत्पादन गर्न सक्छौं ।*



अनौपचारिक कुराकानीका आधारमा दीपक मिश्र काठमाडौं हनुमानढोका निवासी ८ सय अघिका वासिन्दा हुनुहुन्छ । विगतमा व्यापारिक पृष्ठभूमि भएको व्यक्ति यहाँ आफ्नै लगानी गरेर कृषि कर्म गर्नु भएको छ विगतमा काठमाडौं उपत्यकाको कृषि कस्तो थियो बताई दिनुहोस् ।

हामी मल्ल कालदेखि नेपाल आएका हौं । मल्ल राजाहरुले पाटन(ललितपुर, भक्तपुर र काठमाडौं लगायत मिश्र र झा परिवारलाई दरवार छेउछाउमा राखेको पाइन्छ । बाल्यकालका कृषि अवस्था भन्ने हो भने हाम्रो टोलमा किसानहरुले तरकारी उत्पादन गरेर ल्याउनु हुन्थ्यो । स्थानीय किसानहरूले खर्पनमा ल्याएर बिक्री वितरण गर्थ्यो । अहिले यहाँ कुनै खेतीबारीको अवस्था बाँकी छै सबै घरमा परिणत भएको छ ।

**मलको प्रयोग कसरी गर्नुहुन्थ्यो ?**

त्यो बेलामा खेती गर्दा रासायनिक मलको प्रयोग कम मात्रामा गरिन्थ्यो । प्राङ्गारिक, जैविक मल उत्पादन गर्थ्यो । त्यो बेलाको उत्पादन स्वादिलो र वास्नादार सबै स्वाथ्यवर्द्धक बनाउँथ्यो । खेती गर्ने किसानका खेतहरु अहिले घरहरुले भरिएको छ । काठमाडौं शहरभित्र कहीँ पनि खेती गर्न सकिदैन ।

**यहाँ सँधै कृषि कर्ममा लागि रहनु भएको छ । नेपालको कृषि क्षेत्र के भईरहेको भन्ने बारेमा यहाँले हिजोको कृषिको विषयमा चित्रण गरिदिनु भयो । यहाँले आफ्नै लगानीमा कृषि कर्म पनि गरिरहनु भएको छ ? अझै विस्तृत रुपमा भन्नु पर्ने विषय राखिदिनुहोस ?**

नेपाल कृषि प्रधान देश हो । विगतमा ९३ प्रतिशत जनसंख्या कृषिमा आश्रित थिए । अहिले कृषि होइन कुर्ची प्रधान देश भएको छ । वास्तविक कृषि क्षेत्र के हो भन्ने कुर्चीमा बस्ने मानिसहरुलाई थाहा छैन । कहाँ कृषि गर्ने भन्ने थाहा छैन । हामी सानो छँदा नेपालबाट धान चामल निर्यात हुन्थ्यो । धानचामल कम्पनीले २०३५/३६ ताका बंगलादेशमा मुसुरोको दाल निर्यात गर्थ्यो । भारतमा धान निर्यात हुन्थ्यो । अहिले कृषि कमजोर हुँदै गएकाले नेपालले वर्षेनी ७५ अर्बको चामल आयत गर्नु पर्ने अवस्थामा बनेको छ । सरकारी आंकडा हेर्ने हो भने वर्षेनी १६ लाख नेपाली बाहिर गईरहेका छन् । चामलको आयत त कम हुनुपर्ने हो, झन् बढ्दै गईरहेको छ । खाने मान्छे बाहिर गईराखेको छ । विदेशी नेपालमा आएको छैन । चामल किन आयत बढी भईराखेको छ बुझ्न सक्ने अवस्था छैन ?

कागजी रुपमा मात्र उत्पादन भएको छ कि भन्ने शंका लागेको छ । वास्तविक रुपमा उत्पादन बढेको छैन । र यो जल, जमीन र जडीबुटी, जलबाट विद्युत निकाल्ने, जमीनमा कृषि उपज उत्पादन गर्न सक्छौं । जमीनमा जडीबुटी र खाद्यान्न उत्पादन गर्न सक्छौं । कृषि नभई हुँदैन कृषि भविष्यमा कृषि क्रान्ति विना देश विकास हुने सम्भव छैन । चीनमा माओत्सेतुङको नेतृत्वमा कृषि क्रान्ति गरेर चीन बनेको हो । हाम्रो मौलिक उत्पादन हामीसँग केही पनि छैन । हामीले चिनबाट ल्याएका हाइब्रिड लसुन खान्छौं । हामीले उत्पादन गरेको अदुवा भारत जान गाह्रो हुन्छ । कृषिको भविष्य नेपालमा नभएको होइन । कृषि गरेर बिहान, बेलुका, दिउसो खाने उत्पादन हामीले खान्छौं ।

म कृषिको परिभाषा गर्न चाहान्छु, कृषि भनेको समय हो । समय अनुसार चल्न सकेन भने कृषि हुँदैन मंसीरमा धान रोपेर धान उत्पादन हुँदैन धान रोप्नु छ भने असारमै रोप्नु पर्छ । कृषिको भविष्य बनाउन सरकारले ध्यान दिनु पर्छ । जल, जमीन, जंगल, जल नेपालको लागि नभई नहुने विषय हो ।

**भविष्यमा नेपालको कृषिको चित्रण कस्तो पाउनु भएको छ ? उज्वल छ कि अझै यो भन्दा बढी पछि पर्छौ जस्तो लाग्छ ? नेपालको कृषि सुधार गर्न के गर्नु पर्छ ?**

नेपालको कृषिलाई सुधार गर्न साना सानो बाँझो रहेको जमीनलाई उत्पादनमा जोड्नु पर्छ । सरकारी जमीनहरुलाई व्यवस्थित गरेर के उत्पादन हुन्छ त्यसमा ध्यान दिनु पर्छ । जडीबुटी लगाउने हो कि कृषि उत्पादनमा जोडदिने हो । किसानलाई प्रोत्साहन दिन के गर्ने ? गाउँघरमा भएको जमीनलाई के गर्ने ? चक्लावन्दी गर्ने, हदवन्दी होइन, यो क्षेत्रमा यो उत्पादन गर्ने । अनुसन्धान गरेर यो महिनामा यो बाली फलाउन सकिन्छ भनेर खोजी गर्ने । पकेट उत्पादन गरेर यसको बजारको ठाउँ खोज्न किसानहरुलाई सहयोग पुऱ्याउने ।

एक साल राम्रो गोलभेडा फलेर बिक्री भएको देखेपछि सबै गोलभेडा खेतीमा लाग्ने प्रवृत्तिलाई निरुत्साही गर्ने । राम्रो भएको देखेर सबै किसानले गोलभेडा लगाउँछन् नेपालको गोलभेडा बिक्री नहुँदा पनि विचौलियाहरुले भारतबाट गोलभेडा लिएर आउँछन् । त्यो गोलभेडा चितवनमा लगेर फाल्नु पर्ने अवस्था आउँछ । तीन महिना लगाएर किसानले एककिलो गोलभेडाको मोल २० रुपैयाँ पाउँछ भने ३ घण्टा दुःख नगरी विचौलियाले ५० रुपैया कमाउँछन् यो भनेको सही कुरा होइनन् ?

**दोस्रो सरकारले न्यून्तम् मूल्य निर्धारण गर्नु पर्छ । अहिले पनि धानको न्यून्तम् मूल्य निर्धारण गरेको छैन । उखुको मूल्य निर्धारण गरेका छ । कृषि सामाग्री कम्पनीले किनी दिदैन । उखुमा त्यस्तै छ पैसा दिदैन पैसा नदिएपछि उखु किन लगाउने ?**

म सर्लाही जिल्लामा घुमेर आएको थिएँ । उखु लगाएको छैन । बिक्री हुँदैन किसानले रोपेर बेचेर आएको पैसाले छोराछारी पढाउने, विवाह व्रतवन्ध गर्ने आफ्नो गुजारा चलाउनको लागि काम गर्ने हो । र व्यवसायिक कृषि निर्वाहमूखी कृषि फरक हन्छ । पहिले व्यवसायिक कृषि गर्ने कृषकलाई सरकारले सेवा सुविधा सम्पन्न बनाई दिनु पऱ्यो । र निर्वाहमुखी कृषि भनेको हातमुख जोर्ने मात्र हो । हामीले व्यवसायिक कृषि गर्दा उत्पादन परिणाम र गुणस्तरीय दिन सक्छौं । अहिले विधि प्रविधि धेरै माथि छ । अहिलेको जमानामा रुढीवादी भएर काम गनु हुँदैन । नयाँ विधी प्रविधि अनुसार कामगर्दै जानु पर्छ । कृषिको भविष्य धेरै राम्रो छ । कृषिको भविष्य नहुनु भने हामी अन्धकारमा जानु हो । कृषि भनेको बिहान बेलुकी दिउँसो

खानको लागि उत्पादन गर्ने वस्तु हो । जमीन बढ्ने होइन झन् झनै घट्दै गएको छ। घरहरु बन्दै गएका छन् । भएको जमीनलाई सदुपयोग गरेर उत्पादन बढाउँदै परनिर्भर नभईञ्जेल आत्मनिर्भर बन्न नसकुञ्जेल देश माथि उठ्न सक्दैन । कतिदिन रेमिटेन्सबाट आएको पैसाले कतिदिन चामल आयत गरेर खाने हो ?

हाम्रा दाजुभाईहरू विदेशमा गएर बसेका छन् । उनीहरुले पठाएको रेमिटेन्सले हामीले चामल किनेर खाइरहेको छौं । त्यसकारण भारतबाट आएको चामल हामीले डलरमा हामीले, भारुमा होइन । त्यसकारण सरकारले पहिलो प्राथमिकता कृषि उत्पादनलाई दिनुपर्छ । अहिलेको जल्दो बल्दो विषय भनेको पहुँच बाहिरको उत्पादन पनि हो । नेपालका किसानहरूले मूल्य पाएन भनिरहेको बेला बाहिरका कृषि वस्तुहरु आयत गरेर नेपाली बजार कब्जा गरिदिन्छ । यसका लागि नेपाल सरकारले के गर्नु पर्छ ? पहिलो काम नेपाल सरकारले कृषिमा उत्पादन वृद्धि गर्नुपर्छ । समर्थन मूल्य तोकिदिए पक्कै पनि बाहिरबाट सामान आउँदैन । थुपै कृषि सहकारीहरु छन् त्यस मार्फत खरीद गरेर बेच्ने ठाउँ बनाउनु पर्छ । मानिलिउँ कालीमाटी तरकारी बजार कस्को लागि हो ? किसानको लागि हो किसानले तरकारी त्यहाँ ल्याएर बेच्न पाउँदैन, जबकी त्यसको भाडा तिरेर विचौलिया लिईराखेको छ । तराईमा ४ रुपैयाँ किलोमा फर्सीको भाउ नपाउँदा फालेको अवस्था छ । तर, त्यो त्यही फर्सी काठमाडौंको विचौलियाको समर्थन मूल्य ६० रुपैयाँ हुन्छ । उपभोक्ताकहाँ आईपुग्दा मूल्य ५६ रुपैयाँको फरक भयो । मैले पनि आफै गोलभेडा खेती गर्दा ३३५ रुपैयाँ प्रति क्रेट दिनुपऱ्यो । त्यही गोलभेडा २६८० रुपैयाँ बजार मूल्य हुन आउँछ । २६ सय रुपैयाँमा त्यही आएर गोलभेडा लिएर गएका थिए । त्यसबेला भारतबाट गोलभेडा कम आएका थिए । अनि २६०० सयमा गोलभेडा लगे । त्यसलाई देखेर सबै किसानहरू खुशी भएर ओहो रामेले त २६०० सयमा गोलभेडा बेच्यो । सबै किसानले गोलभेडा लगाए अनि त्यही सिजनमा भारतबाट सामान मगाई दियो । विचौलियाले गोलभेडा लगेन । तैपनि डडुवाबाट मात्रै ७ करोडको गोलभेडा निर्यात भएको थियो ४ महिनाको अन्तरालमा ।

देशको लागि कृषि पेशाले महत्वपूर्ण योगदान दिएको छ । राज्यले त्यसलाई व्यवस्थापन गर्न नसक्दा अहिले पनि उभो लाग्न नसकेको अवस्था हो । अब यहाँले भनि सक्नु भएको छ समस्या राज्यको कारण पनि निम्तिएको छ भनि सक्नु भएको छ र राज्यले ठोस् ठोस् रुपमा के गर्दा कृषि माथि पुग्छौं । यहाँको विचारमा के लाई बढी केन्द्रीत गर्नु हुन्छ ? सरकारले प्रादेशिक सरकार निर्माण गरेको छ । जसमा ७५३ वटै सिंहदरवार स्थानीय निकाय बनेको छ । ७५३ वटा स्थानीय निकाय सिंहदरवार बने पनि सञ्चालन गर्न सकेको छैन । कतिपय सिंहदरबारमा बस्ने हाकीमहरुलाई कृषि कसरी गर्ने भन्ने विषय नै थाहा छैन ।

मेरै उदाहरण दिउँ मेरो वडामा दर्ता गरिदिनु पऱ्यो भन्दा हामीले दर्ता गर्ने होइन भन्यो । मेरो फर्म भएको जग्गा छ । दर्ता गरिदिनु भन्दा यो यहाँ गर्ने होइन, नगरपालिकाले गर्छ । अझैसम्म गरेको छैन । किसान सहभागीता बढाउन वास्तविक किसानकहाँ पुग्न पर्छ। कागजी किसानलाई सरकारले च्याप्नु भएन कृषि विज्ञ मात्र होइन कृषिमा अनुभव प्राप्त मान्छेलाई पनि ल्याएर टिममा राख्नु पर्छ । किसान कसरी हुन्छ । किसानले के गर्नु पर्छ । किसानको पीरमर्का के हो ? किसानलाई के गर्दा माथि उठाउन सकिन्छ । कृषि पेशाबाट जग्गा बाँझो छोडेर किन विदेश पलायन हुँदैछ । बैकमा जग्गा धितो राखेर किसान विदेशिदैछन् भन्ने कुरा हेक्का गर्नुपर्छ ।

**यहाँ कृषि उद्यमी हुनुहुन्छ धेरै किसानहरुले हामी कृषि गर्छौं, भनिरहेको अवस्था छ । कृषिका लागि विभिन्न संस्थाहरूबाट ऋण पाउने सक्ने अवस्था छैन । किसानहरूलाई बैंकहरूबाट व्यवसाय गर्न ऋणमा किन प्राथमिकता दिदैन, अनि यहाँले चाहीं कृषि गर्ने ऋण पाउनु भएको छ ?**

प्रवाह भएको ऋणमा १५ प्रतिशत कृषिका लागि लगानी गर्नु पर्छ भनेर निर्देशिका बनाएको छ । त्यो स्वागतयोग्य र सह्रानीय छ । त्यसमा कसैको कुनै दुविधा छैन । राष्ट्र बैंकबाट नीति निर्धारण गरेको छ। र बैंक तथा वित्तीय संस्थाहरुले कृषिमा लगानी नगरेको कारण के हो भने, कृषिमा लगानी गरेपनि उच्च सम्भान्त र घरानीयहरूमा लगानी गरेको छ । वास्तविक फाटेको टोपी लगाउने किसान जसले कृषि गर्छ, कागजातहरु मिलाउन जान्दैन । किसानले बनाउन सक्दैन । ७ वर्ष प्रस्ताव व्यालेन्सिट समेत बनाउन सक्दैन र बैंकले कृषिमा लगानी गर्न काठमाडौंको जग्गा धितो खोज्छ ।

कृषिमा लगानी गर्न त्यहाँ कुलो छ कि छैन सिँचाईको व्यवस्था छ कि छैन, बाटो घाटो छ कि छैन उत्पादन भएको वस्तु बाटासम्म त ल्याउनु पर्छ । वास्तविक किसानले आजसम्म ऋण लिएको छैन । राष्ट्र बैंकको नीति अनुसार ऋण सम्भ्रान्त कागजी, दर्ता गरेको किसानले सदुपयोग गरिराखेको छ । त्यो पैसा लगेर अन्यत्र प्रयोग गरिराखेको छ । घरेडीमा, हाउजिङमा, सहकारीमा लगानी गरिरहेको छ । अनि उसले व्याज पनि तिरीदिन्छ । शुरुमै लगानी गर्नासाथ व्याज तिर भन्छ । एउटा बोट धनीयाँ उत्पादन हुन ४५/५० दिन लाग्छ । ३ महिनामा उसले कहाँ बजारमा लगेर बेच्ने एउटा भैसी पाल्यो भने दूध दुहन हुनका लागि १ वर्ष लाग्छ । ३ महिनामा कहाँबाट व्याज तिर्ने ? विविध कठिनाई पर्छ ।

बैंक पनि नाफा कमाउन बसेको संस्था हो । त्यसलाई ऋण दिँदा फिर्ता आउँदैन । त्यसैले विभिनन शर्तहरु राखिएको हुन्छ । किसानलाई ऋण दिदैन । मैले पनि ३/४ पटक बैंकमा ऋणको लागि धाएँ । मैले आजसम्म कुनै पनि बैंकको ऋण पाएको छैन । मैले १२५ रोपनी जमीन किनेर अर्गानिक कृषि गरिरहेको छु । अहिले गाडी किन्न जाउँ बैंकले तुरुन्त पैसा दिन्छ । त्यसपछि । उसको नाममा हुँदैन । भैसी किन्न ऋण देउ भन्दा के तिर्न सकेन भने भैसी ल्याउँ भनेर भनिन्छ । बाखापालनलाई ऋण देउ भनेको छ । पैसा दिएन भने के हामीले बाखा बाँध्ने हो भन्छन बैंकका मानिसहरूले ।

व्यवसायिक खेती गर्नको लागि ५/१० करोड कषि ऋण चाहिन्छ । निर्वाहमूखी कृषि गर्ने हो भने २ लाख रुपैयाँ भएपनि पुग्छ ।

**यहाँ काठमाडौं बासिन्दा हेर्दाहेर्दै काठमाडौं उपत्यकाको खेतीयोग्य जमीन मासिसकेको दृष्यको अवस्था यहाँले देखिसक्नु भएको छ । किन मासियो होला भन्ने विचार आयो कि आएन यहाँलाई ?**

भित्रैदेखि मन रुन्छ । हामी दुई मिनेट हिड्दा खेरी ताजा तरकारी किन्न पाउँथ्यौं । खेतबारी हरियाली हुन्थ्यो । हावापानी सफा थियो । विष्णुमती बागमतीमा नुहाउथ्यौं, पौडी खेल्थ्यौं । सिंहदरवार अगाडि सबै तरकारी बारी थियो । भद्रकाली, विजुलीबजार, मैतीदेवी अनामनगरसम्म सबै तरकारी बारी थियो अहिले कुनै जमीन बाँकी छैन । चराचरुङ्गी चिरविराउँथ्यो, खेतहरुमा हरियाली बाली र लहैलह बालीहरु फल्थ्यो । हेर्दाहेर्दै खेतहरु २/३ आना गर्दा-गर्दै सकिएको देख्दा भित्रैदेखि आत्मरुन्छ । छोरानातीको पालामा के हुन्छ, आकाश पनि किन्न पर्ने हुन्छ ।

संसारमा खेतीयोग्य जमीन मास्नु हुन्न, खेती गरेर खानु पर्छ । बाली उत्पादन गरेर खानु पर्छ । काठमाडौं उपत्यकाको यति धेरै राम्रो जमीन पूरै घरैघरले ढाकिएको छ । विगतका सरकारले यस्तो सौंच बनाएन ?

पहिलेको सरकारसँग त्यो सौंच थियो । तरकारी रोप्न मनोहरा पारी एरिया छुट्याएको थियो । त्यस ठाउँमा घर बनाउने जान दिएको थिएन । हामी बसेका ठाउँमा राँगा काट्ने स्लटर हाउस अलग्गै छुट्याएका थिए । अहिले पनि त्यही छन् । त्यहाँको फोहोर व्यवस्थापन गर्न महानगरलाई गाह्रो परेको छ ।

काठमाडौंका जनता पनि इजी मोनीतिर लागे जग्गा बेच्ने, घर बनाउने, गाडी किनेर भाडामा लगाउने खेतमा काम गर्नु भन्दा त्यसबाट आम्दानी भयो नि । खेतमा काम गर्ने ज्यापु, ज्यापुबाट भाजु भयो ।

यहाँ असाध्यै सोचेर, विचार गरेर कृषि क्षेत्रमा लाग्नु भयो । त्यसमा पनि काठमाडौंको पूराना वासिन्दा आर्थिक अवस्था पनि कमजोर देखिदैन । तर तपाई कृषि क्षेत्रमा लाग्नु भयो । कृषि क्षेत्रमा लाग्नु पर्छ भनेर अरुले पनि यहाँबाट पाठ सिक्नु पर्छ भन्ने मलाई लाग्छ । पहिले पनि कृषि गरेको अनभुव सुनाउनु भयो । सिन्धुपाल्चोकको डडुवामा गएर अहिले पनि कृषि उद्यममा लाग्नु भएको छ । कृषि गर्ने प्रेरणा चाहीं कसरी पाउन भयो ?

सान्दर्भिक प्रश्न गर्नुभयो, म नेपालबाट अमेरिका घुम्न गएको थिएँ । जहाजमा मसँग एकजना थाल्याण्डको साथी सँगै पर्‍यो । हामीले जहाजमा २६ घण्टाको यात्रा पार गर्नु थियो । कुरा गर्दै जाँदा थाइल्याण्डको विषयमा कुरा भयो । कुरै कुरामा थाई राजाले कृषि गरिराखेको कुरा सुनाउनु भयो । तपाई के गर्नु हुन्छ भनेर मलाई सोध्नु भयो । मैले व्यापार गर्छु भने, मलाई थाइल्याण्डमा आउनु भन्नु भयो । होइन, तपाई पहिला नेपाल आउनु भने, संयोगले दशैंको टिकाको दिन उहाँ नेपाल आउनु भयो । हामी हिन्दुहरुको महान चाड दशैं, मैले बोलाएको पाहुना, सत्कार गर्नु पर्‍यो । मैले उहाँलाई जिरी घुमाउन लिएर गएँ । उहाँले भन्नुभयो तपाईको देश त भयंकर राम्रो रहेछ । प्रत्येक १५/२० किलो मिटरको दूरीमा तापक्रम परिवर्तन हुँदो रहेछ । उहाँले भन्नुभयो तपाईको देशको जमीनमा जे पनि उत्पादन गर्न सक्छ । काठमाडौं फर्के पछि मेची(महाकली यात्रा गराएँ । कुरैकुरामा कृषिमा लाग्नु पर्ने भयो । यो सबै छोडेर कृषि गर आफू पनि बाँच्छ अरुलाई पनि बचाउने भने किसान हुन् भन्नु भयो । उहाँले मलाई भन्नु भयो तिमीलाई मैले गर्नु पर्ने सहयोग गर्छु भन्नु भयो । उहाँ थाईल्याण्डमा प्राङ्गारिक मल उत्पादन त्यहाँको राजालाई बेच्दो रहेछ ।

उहाँले विउ आफूले उपलब्ध गराउने र सजावटका लागि प्रयोग गरिने ५ जातका, पाँच रंगभएका क्याप्सिकम पठाउनु अनुरोध गर्नुभयो । रंगीविरङ्गी भैंडे खुर्सानी २ सय ग्रामको ५ सय पाउँछ भने । म किन नगर्ने भन्ने सोच भयो । नेपालमा मल बिउ ल्याउन धेरै झन्झट छ । टूायल गरैं, निर्यात गर्न पनि त्यतिकै गाह्रो भयो । पेरिसेवल चिज छिट्टै मासिने, नियमित गर्न सकिएन । त्यही देखि कृषिमा काम गरेको हुँ । मलाई अरु जस्तै अल्छि भएर बसेर खानु पुग्छ । कृषिमा महत्व पहिले चोटी भयो ।

कोभिडको बेला थियो । त्यस बेलामा मलाई धेरैले फोन गर्‍यो । ए दीपक तिमीसँग चामल छ ? पठाईदे न, मलाई तरकारी आएको छ केही ? अरु बेलामा जतासुकै पाउने त्यही बेला जान नसक्ने, कृषि भएकाले सुविधा दिएका थिए प्यान कार्ड भएकाले लिन पाउँथे । किन भने किसान भनेको त्यतिबेला सरकारले आवत जावत गर्ने सुविधा दिएका थिए ।

म गएर लिएर आउँथे अहो तिमी त भगवान जस्तो छ । हुनत किसान भनेको सबैलाई पालेको हुन्छ । चराचुरुङ्गी, किरा फट्याङ्ग्रा, साधु(सन्त, फकीर, फटाह सबैलाई पाल्ने किसान, सबैलाई पालेर सानसँग बाँच्ने मानिसलाई किसान भन्छन् । किसान कसैको अधिनमा रहँदैन । मैले कृषि पढेको होइन । २०३८ सालमा कमर्शमा व्याचलर गरेको, २०३३ सालको एसएसलसी व्याज हो म । मैले अर्गानिक कृषि गर्छु ।

अर्गानिक गर्दा नहुने होइन । मैले अर्गानिक खेती गर्छु । धान उत्पादन गरेर साथीहलाई दिईराखेको छु । कृषिमा प्रेरणा जागेको चाही त्यसबाट हो ।

---

प्रकृतिको हुन्छ ।

कृषकहरुले वालीनालीको बीउमा अमरलता परजीवीको बीउ मिसिए नमिसिएको थाहा पाउन उनको कपडाले बीउलाई चलाउदा

परजीवीको बीउहरु प्राय जसो कपडामा टासिन जाने हुदा सजिलैसूग यसको प्रकोप थाहा पाउन सकिन्छ यस्तो परजीवी मिसिएको वालीहरुको बीउ खेतमा छर्दा साधारणतया बर्सिम छरेको २ देखि ३ हप्ता पछि मुख्य वालीमा पहेंलो फिक्का रङ्गको पातलो लहराले लपेट्न थालेको देख्न सकिन्छ यो परजीवीको बीउ अन्य बीउ जस्तो गरी उम्रँदैन । भर्खर उम्रेको कलिलो वेर्ना कमलो किसिमको पहेंलो हाँगा नभएको धागो जस्तो हुन्छ ।

परजीवीको लहराको माथिल्लो टुप्पो सिधा वृद्धि हुन्छ र वृद्धि हुने टुप्पा गोलाकार रुपमा उपयुक्त परजीवी पाल्ने बोटविरुवाको खोजीमा बढ्न थाल्दछ । यदि कलिला परजीवीको डाँठले मुख्य वालीलाई लपेट्न थाल्दछ । यदि कलिला परजीविको डाँठले उपयुक्त बोट विरवा नभेटेर निर्जिव पर्दार्थ माथि आधारित हुनु पर्ने अवस्था आएमा परजीवी कलिलो डाँठ तत्काल मर्दछ ।

तर उपयुक्त बोट विरुवा पाएमा यसको डाूठबाट चुस्ने अङ्गको विकास हुन थाल्दछ । र बोट विरुवाबाट खाद्य पर्दाथ चुस्न थालेपछि यसको डाँठको माटोसँगको सम्बन्ध टुट्छ । यो परजीवीको खेतमा निम्न

तरिकाबाट फैलिन सक्छ ।

बर्सिमका बीउमा अमरलताको बीउ मिसिन गएमा छुट्याउन नसकिने भएकाले यस्तो बीउ खेतमा छँदा परजीवी फैलिन जान्छ । परजीवीको बीउ र डाँठ सिंचाई गर्दा एक ठाउँबाट अर्को ठाउँमा फैलिन सक्दछ । परजीवी भएको बर्सिम घाँसको बीउ पशुले खाएमा गोवरको माध्यमबाट अन्य खेतमा फैलिन जान्छ । परजीवीको बीउ र डाँठ कृषि औजार तथा उपकरणबाट पनि फैलिन सक्ने पशस्त सम्भावना रहन्छ । कहिलेकाूही ठुलो आंधी र चराबाट पनि परजीवीको डाँठ एक ठाउँबाट अर्को ठाउँमा पुग्न सक्दछ ।

परजीवीको बीउ पहिचान गर्ने तरिका :

यस परजीवीको बीउ बिजकोषमा क्याप्सुल लाग्दछ । यसको बीउ बर्सिमको बीउ भन्दा सानो फुको वालुवा जस्तो खैरो कुनै-कुनै खैरो रातो तथा बीउको सतह खस्रो हुन्छ विशेषगरी अमरलता

परजीवीको बीउ प्रयोगशालामा पहिचान गर्न दुरविनयुक्त सुक्ष्मदर्शक यन्त्रबाट हेर्नु पर्दछ । अन्यथा छुटाउन गाऱ्हो पर्दछ । १(१.५ मि.मि व्यास भएको अण्डाकार पनि देख्न सकिन्छ ।

अमरलताको बीउमा स्पष्ट गोलाकार दाग देख्न सकिने भएकाले यसलाई सजिलै पहिचान गर्न सकिन्छ । यस्तो गोलाकार दाग सुक्ष्मदर्शक यन्त्रबाट हेर्दा चट्ट चक्कुले काटेको जस्तो देखिन्छ भने यस्तो दागको माथिबाट प्रष्टरुपमा धर्साहरु देख्न सकिन्छ । तर केही बीउमा भने यस्ता धर्सा नहुन पनि सक्दछन् कहिले काूही प्रयोगशालामा गोलाकार वालुवा स्फटिक वा अन्य ढुंगाहरु पनि परजीवीको बीउसँग मिल्दा जुल्दा देखिने भएकाले भुक्किन पनि

# चिया तथा कफी विकास बोर्डको २७ औं राष्ट्रिय चिया दिवस

सन्दर्भ २०८० बैशाख १५ चिया उत्पादन किसान, स्टेट, प्रशोधक, उद्योगी, व्यवसायी, बिक्रेता, चिया उपभोक्ता र चियालाई मायाँ गर्ने सबै नेपालीहरुको राष्ट्रिय पर्वको रुपमा रहेको 'राष्ट्रिय चिया दिवस' को २७ औं संस्करण यही बैशाख १५ गते राष्ट्रिय चिया तथा कफी विकास बोर्डको आयोजनामा सपन्न भएको छ । चियासँग सरोकार राख्ने सबैले आ-आफनो स्थान हर्षोलाल्सका साथ मनाउने चिया दिवसको सन्दर्भमा पहिलो दिन काठमाडौंमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँगको सहकार्यमा विभिन्न राष्ट्रहरुबाट सहभागी हुन चियाका क्रेता/बिक्रेताहरु लगायत विशिष्ट व्यक्तिहरूको उपस्थितिमा चोथौं अन्तर्राष्ट्रिय चिया महोत्सवको आयोजना गरिएको हो । सो कार्यक्रमको अवसरमा नेपाली अर्थोडक्स चियामा लागु हुने टेर्सावलिटी प्रणालीको शुरुवातसँगै राष्ट्रिय चिया उद्यमीहरुलाई सम्मान समेत गरेको छ । यस वर्षको चिया दिवसको मूल समारोह भने विदेशीपाहुनाहरु, नेपाल सरकार विशिष्ट व्यक्तिहरुको उपस्थितिमा चिया प्रदर्शनी, टि टेस्टी, चिया बगैंचा अवलोकन, नेपाल र विदेशी चिया व्यापारीहरु बीच शिष्टाचारपूर्ण व्यापारिक बैठक लगायत विविध कार्यक्रमको आयोजना गरि अर्थोडक्स चियाको राजधानी मानिने इलामको फिक्कलमा बैशाख १५ र १६ गते आयोजना गरिएको थियो । इलामका तत्कालीन वडा हाकिम गजराज सिंह थापाले वि.स. १९२० मा इलाममा चिया रोपण गरेपछि चिया खेतीको शुरुवात भएको मानिन्छ । नेपाली चियाको इतिहास लगभग १६० वर्ष पूरानो रहेको छ । तत्कालीन राजा विरेन्द्रले वि.स २०३९ मा झापा, इलाम, पाँचथर, धनकुटा, तेह्रथुम जिल्लाहरुलाई चियाको क्षेत्रको रुपमा घोषणा गरेपछि सरकारी स्तरबाट व्यवसायिक चिया खेतीको प्रवर्द्धन भएको पाइन्छ । नेपालमा चिया तथा कफी क्षेत्रको योजनावद्ध विकास गर्न नेपाल सरकाले राष्ट्यि चिया तथा कफी विकास बोर्ड ऐन २०४९ अन्तर्गत छुट्टै बोर्ड स्थापना गरे पश्चात साना किसानको स्तरमा चिया खेतीले व्यापकता पाएको देखिन्छ । काठमाडौं र फिक्कल इलाममा आयोजना हुने २७ औं राष्ट्रिय चिया दिवसको मूल नारा यस प्रकार रहेको छ ।

'गुणस्तर निर्यात र आर्थिक उपार्जन बढाऔं, चिया क्षेत्रलाई राष्ट्रको समृद्धिसँग जोडौं ।

आ.व २०७८/०७९को तथ्याङ्क अनुसार नेपालमा २०,२१९ हेक्टरमा चिया रोपन भएको र त्यसबाट २६.३७९ मे.टन चिया उत्पादन भएको छ । १५ हजारभन्दा बढी




चिया कृषक र ६० हजार भन्दा बढी श्रमिकहरु चियाको विभिन्न मूल्य श्रृँखलामा संलग्न रहेका छन् । नेपालले अधिकांश उपभोग्य वस्तुहरु आयत गर्नु परेको परिप्रेक्ष्यमा मुलुकलाई आवश्यक पर्ने चिया आफै उन्पादन गरि भारत लगायत अन्य तेस्रो मुलुकहरूमा समेत नेपाली चिया निर्यात भइरहेको छ । गत आ.व २०७७/०७८ मा ३ अर्ब ७९ करोड ७१ लाख मूल्य बराबरको ११,९२० मेट्रिक टन चिया निर्यात भएकोमा आ.व २०७८ आ.व २०७८/०७९ मा ३ अर्ब ४३ करोड ४३ लाख रुपैयाँ बराबरको १२.४९४ मेट्रिक टन चिया निर्यात भएको भन्सार विभागको तथ्याङ्कले देखाएको छ । आ.व २०७७/०७८ मा नेपालमा चियाको आन्तरिक खपत ११,८२५ मे.टन रहेको मा २०७८/०७९ मा बढेर १३,८८५ मेट्रिक टन पुगेको छ । जसले गर्दा अघिल्ला वषर्हहरुमा भन्दा चियाको आयात पनि ४० प्रतिशत भन्दा बढीले घटेको छ ।

विदेशी मुद्रा आर्जन र ग्रामीण अर्थतन्त्रको मुख्य आधार रहेको चिया उद्योगको अगाडि गुणस्तरीय उत्पादन, अन्तर्राष्ट्रिय बजार, व्यवसायिक तथा दिगो खेती प्रविधि, अनुसन्धान एवं विकासका थुप्रै चुनौती हुने वाधा व्यवधान, झन्झटिलो प्रक्रिया, नेपाली चिया कमसल रहेको तथा मिसावट युक्त रहेको जस्ता आरोपहरु खेप्नु परेकामा नेपाली चिया गुणस्तरमा अब्बल हँदाहुँदै पनि अतिनै न्यून् मूल्यमा बिक्री गर्नु बाध्यताका कारण नेपाली चिया क्षेत्र क्षमता अनुसार नाफामूलक बन्न सकिरहेको छैन । उत्पादन शुरु भएको डेढसय वर्ष नाघिसक्दा पनि नेपालमा चियाको उत्पादन तथा प्रशोधन प्रविधि सम्बन्धी विषयमा आवश्यक अनुसन्धनात्मक कार्यहरु नहुँदा नेपालको आफ्नै चियाको जात एव प्रविधि विकास हुन सकिरहेको छैन । त्यस्तो चिया क्षेत्रहरुमा आवश्यक विजुली तथा सिँचाई पूर्वाधारको अभाव, भन्सार नाकाहरुमा निर्यात प्रवर्द्धनका लागि आवशयक द्रुत गतिमा नतिजा दिनसक्ने अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको प्रयोगशाला नहुनु अतिनै न्यून् विनियोजित स्रोत साधन लगायत अन्य कृषिजन्य उद्योग सरकारी सहुलियत ऋण लगायतका सुविधाहरुबाट नेपाली चिया क्षेत्र वञ्चित हुन परेको छ ।

बढ्दो व्यापार घाटा कम गर्न चियाको गुणस्रीय उत्पादनमा वृद्धि गरि निर्यात गर्नुको विकल्प छैन । नेपालमा छिमेकी मुलुकहरु भारत, श्रीलंका लगायतका राष्ट्रहरुले चियामा भ्यालु एड गरि प्रतिस्पर्धी बजारमा आफ्नो

स्थान सुरक्षित गरिरहेको छ र नेपालले पनि आम उपभोक्ताको माग अनुसार संख्यात्मक उत्पादनमा मात्रै नभएर तयारी चियाको विशिष्टकृत गुणस्तरमा ध्यान दिन अति जरुरी देखिन्छ । नेपालमै पनि चियाको आन्तरिक खपत अन्य छिमेकी मुलुकहरुको तुलनामा अतिनै न्यून् रहेकाले आन्तरिक बजार प्रवर्द्धन गरि खुल्लाबजार नीति अनुरुप दीर्घकालीन समस्या समाधानको लागि चिन, रुस, अमेरिका इयूका राष्ट्रहरुसँग सम्झौता गरि त्यहाँ रहेको नेपाली कुटनीतिक नियोगहरु मार्फत नेपाली चियाको ब्राण्ड प्रवर्द्धन गर्नु पर्दछ । अहिलेकै उत्पादन परिमाण कायम रहँदा पनि त्यसलाई बढाएर १० देखि १३ अर्बको निर्यात मूल्य बनाउन सकिने सम्भावना नेपाली चियाले बोकेको छ । यस वर्ष मात्रै चिनमा सम्पन्न भएको 2nd world black tea quality evaluation competition सहभागी १६ वटा नेपाली चियाको नामूनाहरु मध्ये ६ वटा गोल्ड र ४ वटा सिल्भर अवार्ड जित्न सफल भएको छ । नेपाली चिया क्षेत्रमा क्रियाशील सम्पूर्णका लागि यो एउटा ऐतिहासिक र गौरवको विषय हो । यसरी विश्वका प्रमुख चिया उत्पादन राष्ट्र चिन, भारत, श्रीलंका जस्तो राष्ट्रहरूमा प्रतिस्पर्धा गर्दै यस प्रकारको अवार्ड प्राप्त गर्नु भनेको भविष्यमा चियाको अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन तथा निर्यातमा टेवा मिल्नु र विश्व बजारमा नेपाली चियाको गुणस्तर सर्वोकृष्ट रहेको प्रमाणित हुनु हो ।

अन्तमा नेपाली चिया क्षेत्र आर्थिक समृद्धिको आधार स्तम्भ हो । चियाको गुणस्तरीय उत्पादन वृद्धि र दीर्घकालीन बजारको समस्या समाधानको लागि मूल्य रणनीति योजनाका साथ बोर्डले आफ्नो वार्षिक कार्यक्रममा मात्रै नभएर केही परियोजनाहरुसँग मिलेर कार्य गर्दै आएको छ । पूर्वी नेपाल क्षेत्र केही जिल्लाहरुमा सीमित रहेको चिया क्षेत्रलाई सम्भावित पश्चिमी जिल्लाहरूमा पनि व्यवसायिक खेती विस्तार प्रविधि प्रसारसँग उद्योगमा समेत सहयोग गर्दै आएको छ । त्यस्तो नेपाली चियाको आफ्नो क्लोन विकास गर्न अनुसन्धानरत निकाय नार्कसँग सम्झौता गरि प्रारम्भिक छनौटको कार्य अगाडि बढाएको छ ।

अर्थोडक्स चियाको बजार प्रवर्द्धनका लागि आफ्नै ट्रेड मार्क कार्यन्वयनमा ल्याई हालसम्म २९ वटा उद्योगहरुले ट्रेड मार्क प्राप्त गर्न सफल भएका छन् भने धेरै उद्योगहरू मापदण्ड पूरा गर्ने चरणमा रहेका छन् । विशेषत झापा जिल्लामा उत्पादन भईरहेको सिटीसी चियाको गुणस्तरमा एकरुपता कायम गर्न मापदण्ड निमाणको कार्य अगाडि बढेको छ । बोर्डले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको समन्वयमा NISTEP परियोजना मार्फत स्थापित चिया वगानको व्यवस्थापन देखि ट्रेसिविलीटी प्रणाली मार्फत बजारीकरण प्रमाणित गुणस्तरमा पारदर्शिता कायम गरि विश्व बजारको माग अनुरुप अर्गानिक प्रमाणिकरण गुणस्तरमा पारदर्शीता कायम गरि विश्व बजारको माग अनुरुप अर्गानिक प्रमाणीकरणमा उत्पादक तथा उद्योगीहरुलाई सहयोग गरिरहेको छ । नेपाली चिया क्षेत्रको समग्र विकास र सम्झौता गर्ने आउने वातावरण सजिलो बनाउने । स्टक वेसमा लोन दिने व्यवस्था गरे किसान भुक्तानीमा रोकिदैन । चियाको प्रवर्द्धनमा अत्यन्त न्यून् सीमित स्रोत साधन र विविध समस्याका बाबजुद पनि यो अवस्थामा ल्याई पुऱ्याउन निजी क्षेत्रको अतुलनीय योगदान रहेको छ । चिया क्षेत्रको समग्र नेतृत्व गरिरहेको बोर्डलाई स्रोत साधन सम्पन्न बनाई चिया क्षेत्रमा राज्यबाट प्राथमिकता साथ लगानी वृद्धि गरि सहज वित्तीय र नीतिगत व्यवस्था मिलाउन सकेमा नेपाली चियाले फड्को मार्न सक्ने देखिन्छ । आगामी दिनमा बोर्डले चियाको आन्तरिक र अन्तर्राष्ट्रिय बजार प्रवर्द्धनका लागि रणनीतिक रुपमा अघि बढ्ने कुरा २७ औं राष्ट्रिय चिया दिवसको अवसरमा व्यक्त गर्न चाहान्छौं । अन्त्यमा चिया कृषक, सहकारी व्यवसायी उद्यमी, चिया पारखी र सबै सरोकारवालाहरूमा चिया दिवसको शुभकामना अर्पण गर्दछु ।

डा.विष्णुप्रसाद भट्टराई कार्यकारी निर्देशक

उक्त अवसरमा कार्यकारी निर्देशक विष्णु प्रसाद भट्टराईले आन्तरिक चिया फेस्टीभेलको रुपमा लिएको बताउँदै इलाममा विजनेश बैठकको गरि रचनात्मक भूमिका खेल्ने विश्वास रहेको बताए । उक्त अवसरमा चीन, अमेरिका, रुस, जापान लगायत १६ देशको विदेशी पाहुनाहरू आएको बताउँदै गोठ देखि ओठसम्म भन्ने नाराले नेपालको चियाको आकर्षण बढेको छ । चिया दिवसको समारोहमा टिटेस्ट प्रदर्शनी गरिएको छ । विजनेश बैठक कृषि उद्यमीसँग इलामको अन्तु डाडामा सम्पन्न भएको छ । भट्टराईका अनुसार नेपाल सरकारको तर्फबाट कुटनीतिक तहमा प्रयास भईरहेको बताउनु भएको छ । साथै उक्त कार्यक्रममा युवा उद्यमीलाई समेत पुरस्कृत गरिएको छ । चिया बनाउने कला पनि हो । बोर्डका सह(निर्देशक दीपक खनालले चियाको आयतको भोलम् घट्दो छ । निर्यात भोलम ह्वाटै बढेको छ । केही प्राविधि समस्याको कारण बजारमा केही सस्तो मूल्यमा बेच्नु परेको बताउनु भयो ।

धेरै वर्षदेखि अक्सन चियाको विषयमा उठेको कुरामा समन्वय हुन नसकेर अडकिएको बताउनु भयो । अक्सन खोलेरमात्र सार्थकता हुन्न दुइतिनवटा नीतिगत सुधारहरु अपनाउन जरुरी छ । खनालको अनुसार नेपाल, भारतका र श्रीलंकाको जस्तो टि अक्सन नहुने बताए ।


## हार्दिक अपिल ! हार्दिक अपिल !!

रेल मार्ग विकास गर्दै देशको आर्थिक सामाजिक उत्थानमा टेवा पुऱ्याउने उद्देश्यका साथ मुख्यतः पूर्वपश्चिम रेलमार्ग छिमेकी राष्ट्र भारत र चीनसँग अन्तर्देशीय रेलमार्गहरुको निर्माण कार्य रेल विभागबाट हुँदै आइरहेको छ । रेलमार्ग निमार्णलाई छिटो सम्पन्न गरी जनतालाई सुर्वसुलभ यातायात सेवा प्रदान गर्ने कार्यमा सहयोग गर्न रेल मार्गमा घर टहरा हटाईदिने, मुआवजा रकम समयमै बुझिदिने कार्य गरिदिनुहुन हार्दिक अनुरोध छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
रेल विभाग

# ऋण उठाउन महानगरले सहजिकरण गर्छ

प्रक्रिया पुऱ्याएर ऋण लगानी गरेको आधार ल्याए सदस्यलाई सम्झाउने जिम्मा हाम्रो : काठमाडौं महानगर

सहकारी क्षेत्रका देखिएको समस्या समाधानका लागि सरोकारवालाबीच छलफल

काठमाडौं, २८ चैत्र

सहकारी क्षेत्रमा समस्या बढ्दै गएपछि त्यसको समाधानका लागि सरोरकारवाला निकायबीच छलफल तथा अन्तर्क्रिया कार्यक्रमले तीव्रता पाएको छ। विश्व अर्थतन्त्रमा आएको मन्दी र त्यसले मुलुकको अर्थतन्त्रमा पारेको प्रभावसँग सहकारी संस्थाहरु पनि समस्यामा पर्न थालेका छन्। व्यापार व्यवसायमा आएको मन्दीका कारण ऋणको साँवा ब्याज असुली प्रभावित भएपछि कतिपय सहकारी संस्थाहरुलाई तरलता व्यवस्थापनमा समस्या परेको छ। संस्थाहरुले सदस्यको वचत फिर्ता गर्न नसकेको गुनासो एकपछि अर्को गर्दै नियामक निकायमा चाङ लाग्न थालेको छ। सहकारीमा समस्या आउनुको कारण र त्यसको समाधानका उपाय पहिल्याउन सुझाव लिने उद्देश्यले राजधानीमा कार्यक्रमको आयोजना गरिएको थियो। नेपाल सहकारी पत्रकार समाज (सीजेएन) र काठमाडौं महानगरपालिका सहकारी विभागको संयुक्त आयोजनामा भएको कार्यक्रममा सहकारीका समस्या समाधानमा सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्ने औंल्याइएको छ। सरकार, सहकारी अभियान, सहकारीका सञ्चालक र सदस्यले आ-आफ्नो स्थानबाट सहजिकरण गरे समाधान निकाल्न सकिने बताए।

कार्यक्रममा बोल्दै काठमाडौं महानगरपालिका सहकारी विभागका निर्देशक देवेन्द्र प्रसाद पोखरेलले अहिलेको आर्थिक चक्रमा परेको प्रभावलाई मनन् गर्दै सहकारी सञ्चालक, सदस्य, नियामक र अभियानकर्मीहरु समेत एक ठाउँमा आएर समस्या सहजिकरणको उपाय निकाल्नुपर्ने औंल्याए।

महानगरपालिकाको सहकारी विभागका उप-निर्देशक विमला कोइरालाले अन्तर सरकारी क्षेत्राधिकारमा एकरुपता ल्याउन पहिला कानुनी पक्ष सुधार हुनुपर्ने बताइन्। सहकारी संघ-संस्था सञ्चालन, अनुमतिपत्र नियमन




तथा व्यवस्थापनमा कानुनी अड्चन देखिएको उनले औंल्याउनु भयो। सहकारी ऐन, २०७४ ले सहकारीको दर्ता, नियमन तथा अनुगमनको अधिकार स्थानीय तहलाई नै दिएपनि संविधानतः तीनवटै सरकारले आ-आफ्नो क्षेत्रबाट सहकार्य हेर्न पाउने गरी व्यवस्था भएसँगै समस्या देखिएको छ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै कोईरालाले कानुनी छिद्रताका कारण संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरुबीच सहकारीको कार्यक्षेत्राधिकारको विषयमा विवाद हुने गरेको औंल्याए।

सहकारी संस्था र सदस्यहरुबीच सहमतिमा समाधान निकाल्न आफुहरुले भरपुर प्रयास गरेको जनाउँदै भनिन्, 'हामी समस्यालाई उल्झाउने भन्दापनि सुल्झाउनेतर्फ केन्द्रित छौं। एउटा संस्थासँग २८ पटकसम्म छलफल गरेका छौं। त्यति गर्दा पनि समस्या समाधान भएन भने र सञ्चालकहरु सम्पर्कमा नै आएनन् भने मात्र प्रहरीकहाँ उजुरी पठाउँछौं।' संस्थाबाट ऋण नतिर्ने सदस्यलाई कारबाही गर्न ऐनले नै संस्थाहरुलाई अधिकार दिएको र पूर्ण प्रक्रिया अपनाएर दिएको ऋण नउठे उठाउन विभागले सघाउने बताइन्।

'संस्थाले गरेको लगानी सुरक्षित छ भन्ने आधार प्रस्तुत गरे विभागले सदस्यहरुलाई ६ महिनाको लागि कुर्न समेत आव्हान गर्छ' भनिन्। 'कुनै सहकारीले गल्ती गऱ्यो, सम्पत्ति रोक्का गर्नुपऱ्यो भने कानुनी व्यवधान आउने रहेछ। एक पालिकाले अर्को पालिकालाई पत्र काट्न समस्या आउने गरेको छ', उप-निर्देशक कोइरालाले भनिन्, 'यस्तो अवस्थामा प्रहरीको समेत सपोर्ट चाहिने हुँदा केन्द्रीय सरकारले नै यसको जिम्मेवारी लिइदिँदा सहज हुने थियो।'

उप-निर्देशक कोइरालाले पछिल्लो समय महानगरभित्र सहकारीहरुले बचतकर्ता सदस्यको वचत रकम फिर्ता नदिने, वचत लिएर फरार हुने जस्ता घटना बढेको भन्दै सयौंको संख्यामा उजुरीहरु परिरहेको बताइन्। सम्भव भएसम्मका सहकारीका विवादहरु महानगर भित्रै समाधान गरेर पठाउने गरेको तर, केहीँ गर्दा पनि समाधान ननिक्लने, अटेर गर्ने संस्थाहरुलाई प्रहरीको पठाउन बाध्य भएको बताइन्। चालु आर्थिक वर्षमा मात्र यस्ता ५८ वटा सहकारी संघ-संस्थाहरुलाई प्रहरीको जिम्मा लगाइएको बताइन्।


कृषि उत्पादनमा वृद्धि र सहजता,
कृषि यान्त्रीकरणको प्रवर्द्धन र उपयोगिता देश
आत्मनिर्भरताको मूल आधार, कृषि विकासमा नविनम्
सुधार
कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण
प्रवर्द्धन केन्द्र
( CAIDMP)

कार्यक्रममा काठमाडौं जिल्ला वहुउद्देश्यीय सहकारी संघ काठमाडौंका अध्यक्ष समेत रहेका सहकारी बैंकका सञ्चालक मनोज थापाले अहिलेको समस्या सहकारीका कारणले मात्र नभएर विश्वव्यापी रुपमा नै आएको आर्थिक मन्दीका कारण रहेको बताए ।

'यतिखेर एउटा मात्र क्षेत्र होइन सबै जसो क्षेत्र प्रताडित छ । सहकारी मात्र होइन बैंकमा नै तरलताको समस्यामा छ' अध्यक्ष थापाले भने, 'केही महिना अघिसम्म ७-८ प्रतिशत रहेको ब्याजदर एकैपटक १८ प्रतिशत हाराहारी पुग्दा अवस्था कस्तो होला ? यो वित्तीय क्षेत्रकै भूकम्प हो । एकैपटक १० प्रतिशतमाथिले ब्याजदर बढ्नु भनेको सुनामी आउनु जस्तै हो ।

अहिलेको कठिन अवस्थामा सहकारी बचाउन सबै पक्ष एक भएर लाग्नुपर्ने जोड दिए । यसका लागि महानगरपालिकाले पहल थालेको प्रति खुशी व्यक्त गर्दै थापाले धन्यवाद समेत दिए । मुलुकमा ३३ हजार सहकारी खुलेपनि त्यसको नियमन गर्न नसक्दा समस्या आएको बताए । त्यति धेरै सहकारी आवश्यक छ कि छैन भन्ने नियामकले बिचार पुऱ्याउनुपर्थ्यो । अब सहकारीमा एकीकरण आवश्यक छ । त्यो संख्यालाई घटाएर ५ हजारमा झार्नुपर्छ ।

कार्यक्रममा काठमाडौं वचत तथा ऋण सहकारी संघ (कास्कून) की कोषाध्यक्ष सिमा पुरीले अहिलेको स्थिति कसैका कारण नभएर वित्तीय संकटले निम्त्याएको बताउँदै पहिला सहकारी अभियान बचाउन लाग्नुपर्ने बताइन् । सहकारीले वचत रकम फिर्ता गर्न नसकेको भन्दा पनि तत्कालका लागि तरलता सहजिकरण गर्न सहयोग गरेर विश्वास बढाउनतर्फ लाग्नुपर्ने बताइन् । सदस्यहरुले पनि समयको कठिनाई बुझेर वचत झिक्नु भन्दा सहकारी बचाउन लाग्नुपर्ने उनको भनाई थियो । सदस्यले विश्वास गरेको हकमा मात्रै संस्था बच्ने भन्दै अविश्वासको हावाहुरी सहकारीभित्र छिरे २५-३० प्रतिशत तरलता लिएर बसेका संस्थापनि समस्यामा पर्नसक्ने उनको भनाई छ ।

कार्यक्रममा काठमाडौं जिल्ला सहकारी संघका सचिव बालकृष्ण बास्तोलाले अहिलेको समस्याको निराकरणका लागि सबै सरोकारवाला पक्षहरुले एक ठाउँमा भेला भएर सहजताको बाटो पहिल्याउनु पर्ने बताए ।

नेपाल सहकारी पत्रकार समाज (सीजेएन)का अध्यक्ष काजी श्रेष्ठले सहकारी अभियानको सुदृढिकरणका लागि यस्ता अन्तर्क्रिया र छलफल नियमित रुपमा चलाउनुपर्नेमा धारणा राखे ।

# लघुवित्त आन्दोलनकारी सडकमा

२०७९ चैत्र २८

काठमाडौं । डेढ वर्षदेखि आन्दोलनरत लघुवित्त पीडितहरुले सरकारसँग न्यायको भाग गरेका छन् । उनीहरुले ५८ लाख दिदीबहिनीहरु मर्नु न बाँच्नु भएको बताएका छन् ।

राजधानीको संवाद डबलीमा पत्रकार सम्मेलन



गरी उनीहरुले चरणवद्ध आन्दोलनको घोषणा गरेका छन् । उनीहरुले "सरकार कि हामीहरुलाई मुक्ति देउ कि गोली हानिदेउ" भन्दै थप संघर्षका कार्यक्रम घोषणा गरेका छन् ।

कार्यक्रममा लघुवित्तीय संस्था विरुद्धको संघर्ष समितिले अध्यक्ष मनिराम ज्ञावालीको नेतृत्वमा बैशाख ५ गतेदेखि आमरण अनसनको घोषणा गरेको थियो । त्यस्तै, देशव्यापीरुपमा संघर्षलाई थप आक्रमक गर्ने उद्घोष गरेका छन् ।

चैत २१ देखि माइतिघर मण्डलामा अनसनरत पीडितहरुले लघुवित्तले आफूहरुलाई मर्नु न बाच्नुको अवस्थामा पुऱ्याएको बताए । उनीहरुले आफूहरु घरमा बस्ने नसक्ने अवस्था सिर्जना भएको बताएका छन् ।

समितिका अध्यक्ष ज्ञावालीले पीडितहरुको जीवन मर्नु न बाँच्नुको अवस्थामा पुऱ्याउने लघुवित्तले कैयौंको ज्यान लिइसकेको र सयौंलाई विस्थापित गरिसकेको जानकारी दिए । ज्ञावालीले न्यायको निम्ति आफूहरुले निष्कर्षसहीतको अन्तिम लडाइँको लागि चरणवद्ध आन्दोलनको घोषणा गरेको बताए ।

राष्ट्रिय किसान संघ सञ्जाल नेता अगस्त अधिकारीले लघुवित्तीय संस्थाहरुले राष्ट्र बैंकको निर्देशिका र प्रचलित ऐन कानुन मिचेर आमजनतालाई गर्दै आएको ज्यानमारा ज्यादतिबाट न्याय पाउन आफ्नो किसान संगठनले सम्पूर्ण सहयोग गर्ने प्रतिवद्धता गरेका छन् ।

संघर्ष समितिका केन्द्रीय सचिव रमेश तामाङले देशको झण्डै ५८ लाख महिलाहरु लघुवित्तहरुको ऋणि भएको र अधिकाशंलाई ब्याजको स्याज लगाएर गैर-कानुनी तिरकाले यातना दिएको आरोप लगाए । उनले अहिले गरिब दुःखीको पार्टी माओवादी र त्यसका अध्यक्ष प्रचण्डले नेतृत्व गरेको सरकार मुख दर्शक भएर बस्नु गलत भएको बताउँदै भने, "प्रचण्डज्यू तपाईं साँच्चिकै गरिब जनताको नेता हो भने अब यही हो मौका, ऋण मिनाह गरेर न्याय दिनुस् ।"

त्यसैगरी समितिकी केन्द्रीय कोषाध्यक्ष शिखा रेस्मीले आफूहरुको आन्दोलनलाई साथ दिनुको सट्टा पीडितहरुको पीडामा घ्यू थप्ने कार्य गरेको र त्यस्तो नगर्न चेतावनी दिइन् । अभियन्ता दुर्गा प्रसाईले बैंक तथा वित्तिय संस्थाविरुद्धको नाममा पीडितकै विरुद्ध लागेको बताए । उनले दुर्गा प्रसाईले वास्तविक पीडितलाई न्याय दिन नसक्ने बताउँदै आफ्नो लागि नबोल्न समेत सुझाव दिइन् ।

दाङकी पार्वती भूषाल, बर्दियाकी सविता विक, चितवनकी माया महत, नवलपरासीकी मायादेवी थारुलगायतले लघुवित्तहरुको ज्यादतीविरुद्ध आत्मदाहसम्म गर्न तयार भएको बताए ।

१. चैत्र २९ गतेदेखि बैशाख २ गतेसम्म वडा र स्थानीय तहहरुमा व्यापक विरोध प्रदर्शनका साथै ज्यादतीका विरुद्ध प्रतिरोध गर्ने ।

२. २०८० साल बैशाख ३ र ४ गते राष्ट्रिय लोकमार्गहरुमा सडक बिस्तारमा सुत्ने ।

३. बैशाख ५ गते अध्यक्ष मनिराम ज्ञवालीको नेतृत्वमा आमरण अनसन बस्ने ।

४. पीडितलाई स्वतरुफूर्त रुपमा आमरण अनसन बस्नका लागि आव्हावान गर्ने ।

५. माग पूरा नभए वडा, स्थानीय तह हुँदै केन्द्रसम्म आन्दोलन सशक्त बनाउने जानकारी दिए ।

# अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)द्धारा जारी विज्ञाप्ति



**प्रेस विज्ञाप्ति :**

देशका गरिब किसान, आम जनता र त्यसमा पनि विशेष गरी महिलाहरूमाथि विगत ३० वर्षदेखि शोषण, उत्पीडन र अत्याचारसहित संस्थागत सुद्खोरी र मीटरव्याजको धन्दा चलाउने देशभरका लघुवित्तहरूका गैरकानुनी तथा अमानवीय हर्कतहरूलाई अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)ले गम्भीरतापूर्वक नियालिरहेको छ । मिति २०७९ असोज ७ र ८ गते सम्पन्न महासंघको ऐतिहासिक तेस्रो राष्ट्रिय भेला तथा २०७९ फागुन १२ गते सम्पन्न केन्द्रीय समितिको प्रथम पूर्ण बैठकबाट लघुवित्तहरूबाट किसानहरू र आम जनसमुदायमाथि भइरहेको चरम शोषण र उत्पीडनबारे विशेष प्रस्ताव पास गरिएको छ भने यसबारे महासंघले नेपाल सरकार र विभिन्न राजनीतिक दलहरूलाई पटक-पटक एकल वा विभिन्न किसान संगठनहरूसँग मिलेर संयुक्तरूपमा ध्यानाकर्षण गराउँदै, लघुवित्त पीडितहरूको संघर्षमा समर्थन तथा ऐक्यबद्धता जाहेर गर्दै आएको छ । यतिबेला लघुवित्तहरूको चरम शोषण र अमानवीय व्यवहारका विरुद्ध 'लघुवित्तीय संस्था विरुद्धको संघर्ष समिति, नेपालको नेतृत्वमा देशव्यापीरूपमा पीडित जनसुमदायले सञ्चालन गरेको संघर्षमा हामी महासंघको तर्फबाट दृढ ऐक्यवद्धता जाहेर गर्दछौं र नेपाल सरकारसमक्ष निम्न मागहरू प्रस्तुत गर्दै तिनलाई अविलम्ब पुरा गराउन जोडदार माग गर्दछौं ।

१. देशभर संस्थागत रूपमा किसान तथा गरिब जनतामाथि चरम शोषण र अमानवीय व्यवहारसहित अत्यचार गर्ने लघुवित्तहरूको विरुद्ध गरिब किसान तथा जनताले चलाएको संघर्षलाई सम्वोधन गरियोस् । तत्काल एक वार्ता समिति गठन गरी समस्या समाधानका लागि पहल गरियोस् ।

२. राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रको विकास गर्दै समाजवादको आधार तयार गर्ने गरी किसानमुखी तथा जनमूखी मौद्रिक नीति जारी गरी लागु गरियोस् । नेपाल राष्ट्र बैंकको नीति विपरीत ऋण प्रवाह तथा अन्य कारोबार गर्ने लघुवित्तहरू र तिनका सञ्चालकहरूलाई कालो सूचीमा राखी कडा कारबाही गरियोस् ।

३. लघुवित्तहरूमा एउटै व्यक्ति २ भन्दा बढी लघुवित्तमा सदस्य बन्न र ऋण लिन नपाउने व्यवस्था गरी कडाइका साथ लागु गरियोस् ।

४. लघुवित्तहरूले ऋणीहरूलाई लगाउने ब्याज १ अंकमा झारियोस् । लघुवित्तहरूले चक्रीय व्याज र हर्जानाको नाममा मासिक ३६ प्रतिशभन्दा बढी रकम असुल्ने गरी चलाएको संस्थागत सुद्खोरी र मीटरव्याजको धन्दा अविलम्ब बन्द गरियोस् । यसरी हर्जाना असुल्ने लघुवित्तहरूलाई कडा कारबाही गरियोस् ।

५. ऋण लिँदा एक किस्ता कटाउने र सोको समेत व्याज असुल्ने कार्य अविलम्ब रोकियोस् । ऋण दिँदा सम्पूर्ण ऋण भुक्तानी अवधिको प्रत्येक किस्ता र व्याजबारे प्रष्ट उल्लेख भएको लिखित प्रमाण दिइयोस् । समूह र सदस्यको दोहोरो पासबुक व्यवस्था गरी समूहको प्रत्येक बैठकमा सदस्यको वचत र ऋणको अनिवार्यरूपले अद्यावधिक गर्ने (भर्ने) व्यवस्था गरियोस् । त्यसो नगर्ने लघुवित्तको लाइसेन्स खारेज गरियोस् ।

६. ऋण लिँदा प्रत्येक पटक सदस्यको जीवन विमा वापतको रकम कटाउने, गाईवस्तुको पशुधनको बिमा कटाउने तर तिनको कुनै लिखित प्रमाण नदिने लघुवित्त र लघुवित्तका प्रतिनिधिहरूलाई कडा कारबाही गरियोस् । सबै कारोबारको लिखित प्रमाण दिने व्यवस्था गराइयोस् ।

७. लघुवित्तहरूले केन्द्र वचतको नाममा विगत ३० वर्षदेखि ५८ लाख सदस्यहरूबाट प्रत्येक महिना रु ५ का दरले र समूह वचतको नाममा मासिक रु ५० देखि १५००/- सम्म असुलिरहेको अरबौं रुपैयाँ समूहहरूमा फिर्ता गरी सम्बन्धित सदस्यको व्यक्तिगत वचतमा जम्मा गर्ने वा ऋणको किस्तामा कटौती गर्ने व्यवस्था गरियोस् । अब उप्रान्त लघुवित्तहरूले केन्द्र वचतको नाममा रकम असुल्न नपाउने र समूह वचत प्रत्येक आर्थिक वर्षको अन्त्यमा समूहमा फिर्ता गरी सदस्यहरूको व्यक्तिगत वचतमा जम्मा गर्ने वा ऋणको किस्ताबाट घटाउने व्यवस्था गरियोस् ।

८. कुनै पनि समूहको सदस्यले आफूले लिएको ऋण चुक्ता गरेपछि आफ्नो इच्छामुताविक चाहेको दिन चाहेको समयमा आफू सदस्य रहेको समूहबाट हट्न पाउने र त्यसरी हट्दा आफ्नो व्यक्तिगत वचत, समूह वचत र केन्द्र वचत वापत जम्मा भएको रकम तत्काल र निःशर्त फिर्ता पाउने व्यवस्था गरी कडाईका साथ लागु गरियोस् ।

९. लघुवित्तहरूले चक्रीय व्याज प्रणालीमा लिइरहेको कोरोनाकालदेखि हालसम्मको सम्पूर्ण ब्याज र हर्जाना विनाशर्त तत्काल मिनाहा गरियोस् । बाँकी ऋण भुक्तानीका लागि ऋणीको माग र क्षमताअनुसार पर्याप्त समयावधि दिई ऋणको पुर्नतालिकीकरण ( नयाँ किस्ता जारी) गरियोस् ।

१०. समूहबाट लिएको ऋण उठाउने नाममा गरिब ऋणीहरूलाई भौतिक यातना वा यातनाको धम्की दिने, महिला हिंसा गर्ने, असुरक्षित महसुस गराउने, समूहमा अपशव्द बोल्ने, अपमानजनक व्यवहार गर्ने, घरमा ताला ठोकिदिने, गाईवस्तुको दाम्लो काटिदिने, पशुपन्छी लगिदिने वा आफू खोसी बेचिदिने, मानसिक यातना दिने, सामाजिक रूपमा अपहेलित गर्ने/गराउने, घर तथा परिवार छोड्न वाध्य बनाउने र आत्महत्याका लागि दुरुत्साहन गर्ने सबै लघुवित्तहरू, लघुवित्तका प्रतिनिधिहरू र तिनका मतियारहरूलाई अविलम्ब गिरफ्तार गरी कडा कारबाही गरियोस् ।

११. दलाल पूँजीवादी व्यवस्थाका हिमायतीको रूपमा रहेका नाफाखोर लघुवित्तहरूलाई नियमन र निरुत्साहित गरी उत्पादनमूलक सहकारीलाई प्रोत्साहित गरियोस् र तिनै मार्फत् सामूहिक जमानीमा विनाधितो किसान तथा गरिब जनतालाई सहजरूपमा ऋण प्रवाहको व्यवस्था गरियोस् ।

१२.लघुवित्तको समस्या राज्यको गलत नीति र नियमनको अभावका कारण सिर्जित र विगत लामो समयदेखि रहँदै आएको समस्या हो । विगतका सरकारहरूले यसबारे कुनै कुरा सुन्न तयार भएनन् । नेपाली क्रान्तिका नायक

तथा जनताका आशा र भरोसाका धरोहर पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री भएको बेला सम्माननीय प्रधानमन्त्रीज्यू स्वयंको उपस्थितिमा लघुवित्त पीडित तथा संघर्षरत जनसमुदायको माग सुनेर सम्बोधन गर्न वार्ता टोली र सरोकारवाला निकायलाई आवश्यक निर्देशन प्रदान गरियोस् ।

१३. वार्ता र छानविनलाई अति द्रुत गतिमा अघि बढाई यथाशीघ्र निष्कर्षमा पुऱ्याएर पीडितहरूलाई न्याय प्रदान गरियोस् । सो पक्रिया टुंगोमा नपुगुञ्जेल लघुवित्त पीडितहरूको कानुनी, भौतिक र साँस्कृतिकरूपमा जीवन रक्षा गरियोस् ।

मिति : २०८०/०१/०३

चित्रबहादुर श्रेष्ठ

अध्यक्ष

---

# दोषी उपर कडाभन्दा कडा कारबाही गर्न किसान महासंघको अनुरोध

**प्रेस विज्ञप्ति :**

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाउने नाममा भ्रष्टाचार गर्ने व्यक्तिहरूलाई गिरफ्तार गरी हिरासतमा लिने र छानबिन अघि बढाउने नेपाल सरकारको ऐतिहासिक र प्रशंसायोग्य कदमका लागि हामी अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) नेपाल सरकारका प्रधानमन्त्री क. पुष्पकमल दाहाल 'प्रचण्ड', गृहमन्त्री क. नारायणकाजी श्रेष्ठ 'प्रकाश', सिंगो मन्त्रिपरिषद् तथा प्रहरी प्रशासनलाई नेपाली किसानहरूको तर्फबाट हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

नेपाली नागरिकहरूलाई नक्कली भुटानी शरणार्थी बनाउने, गैरकानुनी रूपमा अमेरिका वा तेस्रो देशमा पठाउने नाममा करोडौं रुपैयाँ भ्रष्टाचार गर्ने र सो प्रयोजनका लागि आफ्नो ओहोदाको दुरुपयोग गर्ने, अप्रासंगिक तरिकाले छानबिन आयोग बनाउने, आयोगको प्रतिवेदनसहित अन्य किर्ते दस्तावेजहरू तयार गर्ने लगायतका धेरै कसुरहरू जोडिएको र देशकै ठुला राजनीतिक दलका नेताहरूको संलग्नता देखिएको यस काण्डमा नेपालको इतिहासमै सबैभन्दा उच्च ओहादाका पदाधिकारी तथा कर्मचारीहरूलाई हिरासतमा लिई छानबिन गर्ने कार्य कुनै चानचुने कुरा होइन । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष प्रधानमन्त्री र वरिष्ठ उपाध्यक्ष गृहमन्त्री रहेको समयमा वर्तमान सरकारले उठाएको यो साहसिक, संवेदनशील र दुरगामी महत्त्वको कदमले भ्रष्टाचारमुक्त नेपाल बनाउने संकल्पसहित सिंगो देश पुनः एकताबद्ध भएको छ । आम नेपाली जनतामा गणतन्त्र, लोकतन्त्र र कानुनको शासनको पक्षमा नयाँ आशाको दियो बलेको छ भने नेकपा (माओवादी केन्द्र) मात्रै नेपाली जनताको सच्चा प्रतिनिधि भएको पुनः पुष्टि भएको छ ।

यस प्रकरणमा अझै ठुला र शक्तिशाली व्यक्तिहरू संलग्न हुनसक्ने आम जनतामा आशंका छ भने केही राजनीतिक दलका नेताहरूको रातोदिनको दौडधुप र धम्की एवम् विभिन्न निकायहरू र राजनीतिक दलहरूबाट छानबिनलाई अधुरो र अपूरो रहँदै तुरुन्त रोक्न, हालसम्म प्रष्ट नखुलिसकेका अन्य अभियुक्तहरूको रक्षा गर्न, सबुत-प्रमाणहरू नष्ट गर्न, पीडितहरूलाई फकाएर वा तर्साएर छानबिन रोक्न प्रयत्न हुनसक्ने संभावना टड्कारो देखिएको छ । केही आरोपीहरू भर्खरै गिरफ्तार भएको, केही आरोपीहरू गिरफ्तार हुन बाँकी नै रहेको र प्रहरीले छानबिनका लागि पाउनुपर्ने अवधि बाँकी रहँदै सरकारी वकिलको कार्यालयले प्रहरीलाई छानबिन छिटो सकेर मुद्दा दर्ता गर्न दबाब दिएको समाचार सार्वजनिक हुनुले थप संशय पैदा भएको छ ।

यो स्थितिमा हामी यो देशको दुई तिहाइ जनसंख्या ओगट्ने, प्रमुख उत्पादक शक्तिको रूपमा रहेका र देशको राजनीतिका मुख्य शक्तिको रूपमा रहेका किसानहरूको प्रतिनिधित्व गर्दै प्रधानमन्त्री क. पुष्पकमल दाहाल 'प्रचण्ड', गृहमन्त्री क. नारायणकाजी श्रेष्ठ 'प्रकाश', नेपाल सरकार, गृह मन्त्रालय र गृह प्रशासनलाई कुनै दबाबमा नपरी निष्पक्ष रूपमा घटनाको सम्पूर्ण छानबिन गरी तथ्यका आधारमा सत्य पत्ता लगाउँदै दोषीहरू उपर कडाभन्दा कडा कारबाही गर्न विशेष अनुरोध गर्दछौं । यस प्रकरणसँगै शक्तिको आडमा छोपिएका निर्मला पन्त हत्या प्रकरण, वाडडबडी काण्ड, यति होल्डिङ काण्ड, ओम्नी प्रकरण, सेक्युरिटी प्रेस प्रकरण, ल्याब प्रकरण, फोर जी प्रकरण, एनसेल प्रकरण लगायतका काण्डहरूको छानबिन गर्न, सो क्रममा सत्ता परिवर्तन वा विश्वासको मत जस्ता राजनीतिक धम्कीहरू आइलागेमा तिनको समेत बेवास्ता गरी जनचाहनाबमोजिम सत्य र न्यायको पक्षमा उभिँदै भ्रष्टाचारमुक्त नेपाल बनाउने नेपाली जनताको वर्षौं पुरानो सपना साकार पार्न हार्दिक अनुरोध गर्दछौं । हामी नेपाली किसानहरू भ्रष्टाचारको विरूद्धमा छौं, भ्रष्टाचारमुक्त नेपालको पक्षमा छौं, भ्रष्टाचार निर्मूल पार्न र भ्रष्टाचारीहरूलाई कारबाही गर्न नेपाल सरकारले उठाउने सबै साहसिक कदमहरूप्रति समर्थन र ऐक्यबद्धता जाहेर गर्दछौं ।

.....................

मिति: २०८०/०२/०२ गते

नहेन्द्र खड्का

महासचिव

---


## नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना सानोठिमी, भक्तपुर

**कार्यक्रम सञ्चालित जिल्लाहरु :** जाजरकोट, डोटी, दार्चुला, अछाम, बझाङ र बाजुरा

**मुख्य उद्देश्य :** खाद्यान्न अभाव र शिक्षाको पहुँचमा अति न्यून् देखिएका जिल्लाहरुका सामुदायिक विद्यालयका बालबालिकाहरुलाई आधारभूत शिक्षा पहुँचमा अभिवृद्धि गर्न तथा विद्यार्थीको पोषण र स्वास्थ्य स्थिति सुधार ल्याउने कार्यक्रम सञ्चालित जिल्लाहरुमा सामूदायिक विद्यालयहरुमा कक्षा १ देखि कक्षा ५ सम्म सम्पूर्ण विद्याथीहरुलाई प्रति दिन प्रति विद्यार्थी (चामल ८० ग्राम, दाल २० ग्राम, तेल १० ग्राम र नुन २ ग्राम) गरी जम्मा ११२ ग्राम खाद्यान्नबाट विद्यालयमा नै खाजा पकाई खुवाउने कार्यक्रम रहेको छ ।

नेपाल सरकार

खाद्य कार्यक्रम परियोजना

# सार्क स्तरीय किसान सम्मेलन



अखिल नेपाल किसान महासंघका अध्यक्ष डा.प्रेम दंगालले एक प्रेस विज्ञाप्ति प्रकाशित गरि दक्षिण एशियाली किसान सम्मेलन सम्पन्न भएको जनाएको छ ।

**प्रेस विज्ञाप्ति :**

अखिल नेपाल किसान महासंघको आयोजनामा यही २०७९ चैत्र २९ गते (अप्रिल १२, २०२३) दक्षिण एशियाली किसान सम्मेलन झापाको झिलझिलेमा सम्पन्न भयो । सम्मेलनको उद्घाटन एनेकपा एमालेका श्रद्धेय अध्यक्ष एवं पूर्व प्रधानमन्त्री के.पी. शर्मा आलीले गर्नु भएको थियो । सम्मेलनलाई सम्बोधन गर्दै ओलीले विश्व व्यापीकरण र नवउदारवादी अर्थनीतिका कारण किसानहरूका अधिकार हनन् हुँदै गएको सन्दर्भमा आयोजित सम्मेलनले दक्षिण एशियाका किसानहरु एकजुट हुनुपर्ने दक्षिण एशियाली किसान सम्मेलनको आयोजना : विषयमा जोड दिनुभयो । सम्मेलनमा दक्षिण एशियाका नेपाल, भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकाका किसान नेताहरु सहभागी रहनु भएको थियो । उक्त सम्मेलनले दक्षिण एशियामा किसानहरुले भोगिरहेका श्रमिकहरूको पहिचान गरि साझा मुद्दाको रुपमा उठाउने निर्णय गरेको छ । ती मुद्दाहरुआई आ-आफनो देशको सन्दर्भमा सकार समक्ष प्रस्तुत गर्ने समेत कार्ययोजना निर्णय गर्दै किसान हक, हित र अधिकारको लागि किसान आन्दोलनलाई दक्षिण एशिया स्तरमा विस्तार गर्ने निर्णय गरेको छ । यस क्रममा यसै वर्ष आयोजना गरिने समूह २०का देशहरुका भारतमा हुने सम्मेलनका क्रममा किसानका समस्या उठाउन, किसानका मुद्दाहरु (दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन सार्क) सचिवालयमा प्रस्तुत गर्ने समेत कार्ययोजना बनाएको छ । सम्मेलनले झापा घोषणा पत्र जारी गरेको छ । यसका अन्तरवस्तुहरु यसैसाथ संलग्न गरिएको छ । सम्मेलनले दक्षिण एशियाली किसान मञ्चको ९ सदस्यीय नयाँ नेतृत्व निर्वाचित गरेको छ। जुन यस प्रकार छ। अध्यक्ष अखिल नेपाल किसान महासंघ अक्ष्यक्ष डा.प्रेम दंगाल, उपाध्यक्षमा बंगालदेशबाट निमाई गांगुली, तथा भारतबाट एक उपाध्यक्ष र सदस्यको नामपछि पठाउने गरि निर्णय गरिएको छ । महासचिवमा पाकिस्तानको तारिक महम्मद, सचिवमा भारतका पिभि रामाराज सुन्दर र श्रीलकाकी सिवानी दिवा र सदस्यमा नेपालबाट अखिल नेपाल किसान महासंघकी उपाध्यक्षमा महासचिव सिरिभुसारिस र बंगलादेशबाट परशु खार निर्वाचित हुनु भएको छ । सम्मेलनमा दक्षिण एशियाका १२५ जना प्रतिनिधीहरु सहभागी रहेको थिए । यो संगठनको सचिवालय नेपाल रहने र यसको सञ्चालन आदि नेपाल किसान महासंघले गर्ने निर्णय गरेको छ ।

# अखिल नेपाल किसान महासंघद्धारा जारी प्रस्तुत प्रेस विज्ञाप्ति

मिति:२०८०/१/१४

**प्रेस विज्ञाप्ती :**

युवा किसान श्रीराम घिमिरेका माग तत्काल सम्बोधन गरी जिवनरक्षा गरियोस ।

ककनी गाउँपालिका वडा नं २ सिउडेनीका ३२ वर्षका युवा किसान २०८० साल बैशाख ५ गते देखि किसानका समस्या समाधानका ६ बुँदे माग राख्दै काठमाण्डौंको भूगोलपार्कमा आमरण अनशनमा बसिरहेको विषयप्रति अखिल नेपाल किसान महासंघको गम्भीर ध्यानाकर्षण भएको छ । अनशनरत किसान श्रीराम घिमिरेका मागप्रति किसान महासंघ पूर्णरुपमा ऐक्यवद्धता जाहर गर्दै उहाँको आन्दोलनप्रति समर्थन गर्दछु ।

एउटा व्यवसायी किसान देशको राजधानीमा विगत १० दिनदेखि आमरण अनशन बसेको जानकारी हुँदाहुदै पनि सरकार वेखबर भएजस्तो गरी उपेक्षा गरिनु आफैमा लज्जावोधको विषय हो । आम जनताका जायज मागहरु सम्बोधन गर्नु सरकारको प्रमुख दायित्व हुदाँहुदैपनि किसानप्रति सरकारको यस्तो हेपाहा प्रवृतिले देशको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको धज्जी उडेको छ । अनशनरत किसान श्रीरामको स्वास्थ्य अवस्था दिनप्रतिदिन जटिल बन्दै गहिरहेकोले उहाँका मागहरु यथासिघ्र सम्वोधन गर्दै उहाँको जिवन रक्षाको लागि नेपाल सरकारसँग अखिल नेपाल किसान महासंघ जोडदार माग गर्दछ ।

डा. प्रेम दंगाल

अध्यक्ष

# लघुवित्त पीडितहरूको पक्षमा श्रेष्ठद्वारा संघर्ष जारी राख्न आव्हान



**प्रेस विज्ञाप्ति :**

१. मिति २०८०/०१/०३ गते लघुवित्त पीडितहरूको संघर्षको क्रममा चितवनको मुग्लिनमा र मीटरव्याज पीडितहरूको संघर्षको क्रममा काठमाडौंको शान्तिबाटिकामा प्रहरीद्वारा निर्मम दमन भएकोमा हामी त्यसको जोडदार शब्दमा विरोध गर्दै जनताले आफ्ना समस्याहरूबारे संघर्ष गर्न पाउने अधिकारलाई सम्मान गर्न र अनावश्यक बल प्रयोग नगर्न नेपाल सरकारसँग जोडदार माग गर्दछौं । गृहमन्त्रीको आदेशविना अनावश्यक शक्ति प्रयोग गरी जनतामाथि दमन गर्ने प्रहरी अधिकारीहरूलाई अविलम्ब निलम्बन गरी विभागीय कारबाही चलाउन माग गर्दछौं । साथै, प्रहरी दमनबाट घाइते भएका सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै घाइतेहरूको स्वास्थ्योपचारको व्यवस्था गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछौं ।

२. मीटरव्याज र तमसुक व्यवस्था पीडित जनतासँग मिति २०७९/१२/१८ गते नेपाल सरकारले गरेको ५ बुँदे सम्भौता अक्षरशः इमानदारितापूर्वक कार्यान्वयन गर्दै जनतालाई अनुभूति हुने गरी यथाशीघ्र न्याय प्रदान गर्न र सो सम्बन्धमा नेपाल सरकार तथा सम्बन्धित निकायहरूले गरेका कार्यहरूको विवरण निरन्तर सार्वजनिक गरी जनतालाई सुसूचित गर्न माग गर्दछौं ।

३. लघुवित्तहरूबाट पीडित जनताले देशव्यापी घोषणा गरेको संघर्षमा पुनः ऐक्यवद्धता प्रकट गर्दै संघर्षरत जनतासँग तत्काल वार्ता गरी समस्या समाधान गर्न हामी नेपाल सरकारसँग जोड्दार माग गर्दछौं ।

४. मिति २०७९/१२/१४ गते नेपाल सरकार, मन्त्रिपरिषद्ले मीटरव्याजलाई गैरकानुनी घोषणा गर्दै मीटर- व्याजीहरूलाई कानुनी दायरामा ल्याउन विधेयक मस्यौदा गर्ने निर्णय गरेको र विधेयक मस्यौदाको प्रक्रियामा रहेको, मीटरव्याज पीडितहरूसँग प्रधानमन्त्री स्वयंले भेटघाट तथ छलफल गरि पीडितका समस्याबारे गहिरो चासोसहित सम्वोधनको प्रतिवद्धता जाहेर गरेको, गृहमन्त्री स्वयंको उपस्थितिमा मिति २०७९/१२/१७ गते मीटरव्याज पीडितहरूसँग नेपाल सरकारले ५ बुँदे सम्झौता गरेको र सम्झौता कार्यान्वयनमा अग्रसरता देखाउँदै मीटरव्याज पीडितहरूको समस्या द्रुत गतिमा समाधान गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा ३ महिनाको



समय दिई आयोग गठन गरेको र मीटरव्याज पीडितहरूलाई न्याय दिन तदारुकताका साथ कारबाही अघि बढाएकोमा प्रधानमन्त्री क. पुष्पकमल दाहाल 'प्रचण्ड', गृहमन्त्री क. नारायणकाजी श्रेष्ठ 'प्रकाश' र नेपाल सरकार मन्त्रिपरिषद्लाई हार्दिक धन्यवाद दिँदै संघर्षरत जनसमुदायलाई धैर्यता अपनाउन र जिम्मेवार बन्न समेत हार्दिक अपिल गर्दछौं ।

५. देशमा दक्षिणपन्थी, प्रतिगामी, पुनरुत्थानवादी तथा सामन्तवादी शक्तिहरू, विस्तारवाद एवम् साम्राज्यवादका दलालहरूले टाउको उठाउन र देशलाई अराजकतामा धकेलेर धमिलो पानीमा माछा मार्ने षड्यन्त्र गरिरहेको र महान् जनयुद्ध तथा जनआन्दोलनका ऐतिहासिक उपलब्धिहरूमाथि धावा बोल्ने षड्यन्त्र गरिरहेको बेला गरिब किसान र पीडित जनताको संघर्षलाई घुसपैठबाट जोगाउन र एकतावद्ध हुँदै अघि बढ्न हार्दिक अपिल गर्न चाहन्छौं ।

६. यदि सरकारले जनचाहना अनुसार अत्याचारी मीटरव्याजीहरू र नाफाखोर लघुवित्तहरूलाई कारबाही गरी पीडित जनतालाई न्याय दिलाउन असफल भएमा नेपाली किसानहरूको एकमात्र आशा र भरोसाको केन्द्रको रूपमा रहेको देशको सबैभन्दा ठूलो क्रान्तिकारी किसान संगठन अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)ले संघर्षको आँधीबेहरी सिर्जना गर्ने र पीडितहरूलाई न्याय दिलाईछाड्ने प्रतिवद्धतासमेत व्यक्त गर्दछौं ।

मितिः २०८०/०१/०६ गते
चित्रबहादुर श्रेष्ठ
अध्यक्ष


**हार्दिक अनुरोध ।**

उच्च ज्वरो आउने, खोकी लाग्ने, घाँटी दुख्ने, सम्पूर्ण शरीर दुख्ने, वान्ता आउने र झाडापखाला लाग्ने लक्षणहरु देखिएमा इनफ्लुएन्जा ए, (H1N1) स्वाइनफ्लु पनि हुनसक्छ । तसर्थ यस अस्पतालमा तथा नजिकको स्वास्थ्य संस्थामा जचाई समयमा नै उपचार गराउनु हुन अनुरोध गरिन्छ ।

नेपाल सरकार
शुक्रराज ट्रपिकल तथा
सरुवा रोग अस्पताल

# दक्षिण एशियाली किसान मञ्चको घोषणा

## अध्यक्ष : डा.प्रेम दंगाल

*‘खाद्य सम्प्रभुत्ता’को अवधारणाले नवउदारवादले सिर्जना गरेको समस्याहरुको दिगो समाधान प्रदान गर्दछ भन्ने हाम्रो विश्व छ । जमीन, वन, जल, बीउ, जैविक विविधता लगायत उत्पादनका साधनमा किसानले अझै पनि आफ्नो अधिकार पाउन नसक्दा खाद्य सम्प्रभुत्ता गम्भीर खतरामा परेको छ ।*

हामी, दक्षिण एशियाली किसान संगठनहरूका प्रतिनिधिहरू, कृषि श्रमिक संघहरू, यवा किसानहरू, महिला, जमीनहीन र दलितहरू, आदिवासीहरू साना किसानहरू र अन्य खाद्य उत्पादकहरू १२५ जनाको संख्यामा नेपालको झापामा दक्षिण एशियाली किसान सम्मेलनको अवसरमा भेलाभई सम्पूर्ण दक्षिण एशियाका सरकारहरू, विश्व व्यापार, संगठनका किसान विरोधी नीतिबाट सीमान्तकृत भएकाले विरोध गर्दछौं । नवउदारीकरण, विश्वव्यापीकरण, खुल्ला अर्थनीति र निजीकरणका नीतिहरुले किसानहरुहरूको जीवन र जीवकोपार्जनमा ज्यादै धेरै प्रतिकूल असर पारेको हाम्रो ठहर छ । दक्षिण एशियामा कृषि सामाग्री न्यूनतम समर्थन मूल्य निर्धारण कानुनहरूमा अधिकांश अनुदानहरू नभएका वा भएका भए पनि ती प्रभावहीन वा फितलो गरिएका छन् ।

‘खाद्य सम्प्रभुत्ता’को अवधारणाले नवउदारवादले सिर्जना गरेको समस्याहरुको दिगो समाधान प्रदान गर्दछ भन्ने हाम्रो विश्व छ । जमीन, वन, जल, बीउ, जैविक विविधता लगायत उत्पादनका साधनमा किसानले अझै पनि आफ्नो अधिकार पाउन नसक्दा खाद्य सम्प्रभुत्ता गम्भीर खतरामा परेको छ । उदारीकरणले कृषिमा कर्पोपोरेटाइजेशनलाई निम्त्याएको छ । जसले साना र सीमान्तकृतहरुलाई भूमिहीन बनाउन नयाँ रुपमा उत्प्रेरित गरेको छ । खाद्य सम्प्रभुत्ता सुनिश्चित गर्नको लागि वास्तविक कृषि रुपान्तरण पूर्व शर्त हो भन्ने हाम्रो निष्कर्ष रहको छ ।

विश्वव्यापी संगठन, विश्व बैंक, एशियाली विकास बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता संगठनहरुमा साम्राज्यवादी शक्तिहरुको नियन्त्रण बढ्दै गएको छ । डव्लुटीओद्वारा निर्देशित उदारीकरण र निजीकरणको नीतिहरुको प्रभावले गर्दा बजार पहुँच र कृषिमा अनुदान घटाउने प्रावधानहरु किसानहरुका लागि हानीकारक व्यापारिक संस्थाहरुद्वारा गरिवी निवारण कार्यक्रमहरुको नाममा किसान विरोधी नीतिहरुको घोर भत्सर्ना गर्दछौं । जसले किसानहरुको जीवनलाई धेरै चोटी आत्महत्यासम्म पुऱ्याएको छ ।

दक्षिण एशियाली किसान संगठनहरुले लामो समयदेखि खाद्य सम्प्रभुत्ता, कृषि रुपान्तरण र किसानको अधिकारको वकालत गर्दै आएका छन् । यस क्षेत्रको किसानहरुले भोगेको उल्लेखि अवस्थाको सुधारको लागि निम्न मागहरु छन् ।

(दक्षिण एशियाली क्षेत्रको खाद्य प्रणालीमा साना किसान, माछामार्ने र आदिवासी जनजातिको नियन्त्रण सुनिश्चित गरियोस् । वहुर्राष्ट्रिय कम्पनीहरुलाई कृषि क्षेत्रबाट अलग






राखियोस् ।

(हामी स्थानीय खाद्य प्रणालीलाई स्वादेशी खाद्य प्रजाति, बीउ बैंक र परम्परागत ज्ञानको संरक्षण मार्फत बलियो बनाउन माग गर्दछौं । किसान संगठनहरुले उत्पादकत्व वृद्धि, खाद्य सुरक्षा र दिगोपनामा केन्द्रित कृषि रुपान्तरणको माग गर्दै आएका छन् । दक्षिण एशियाका सरकारहरूले साना किसानहरुलाई भुमिका पहँच, ऋण र अन्य कृषि लागि गर्नु पर्ने सहयोग र समर्थनहरु प्रदान गर्ने नीतिहरु लागु गर्न माग गर्दछौं । किसानको जमीनमाथिको हक प्रमुख माग हो । हामी श्रम अधिकार जग्गा कब्जाबाट संरक्षण र निष्पक्ष शर्तहरुमा बजारमा पहुँचको लागि लड्छौं । हामी व्यापक भूमि रुपान्तरणका लागि आव्हान गर्छौं । जसले लिग, आदीवासी र जनजातिलाई ध्यानमा राख्छ । र गरिबहरुलाई भूमि बाँड्छ । खेती गर्नेहरुलाई र तिनीहरुका समुदायहरुका लागि अझ बढी न्यायोचित, दिगो र खाद्यान्नको सुरक्षित भविष्य सिर्जना गर्ने लक्ष राख्छौं ।

(हामी वहुर्राष्टिूय कम्पनीहरुद्धारा डिजाइन गरिएको र जनताको दिगो विकासमा अन्यायपूर्ण मुनाफा मुखीलाई समर्थन गर्ने र जनताको सामुहिक अधिकारलाई अस्वीकार गर्ने बजारहरुद्धारा सञ्चालित नवउदारवादको अन्त्य चाहन्छौं ।

(दिगो कृषि अभ्यासका लागि महिलाको भुमिका समान अधिकार र प्रयोग सुनिश्चित गर्ने । भूमि, ऋण, शिक्षा, सामाजिक लाभ र शक्तिमा पहुँच सहित सामाजिक र आर्थिक व्यवस्थाको रुपान्तरण, महिलाहरुको लागि न्याय र समानता सुनिश्चित गर्न माग गर्दछौं ।

व्यक्तिगत किसानहरुलाई अनुदान र सस्तो समाग्रीहरु आपूर्ति गरियोस र बाली बीमाको ग्यारेन्टी गरियोस, न्यून्तम समर्थन मूल्यको ग्यारेन्टी ऐन ल्याई कानुनको रुपमा साना किसानहरुको लागि न्यून्तम समर्थन मूल्य सुनिश्चित गरियोस् । कृषिमा राज्यको वजेट विनियोजन बढाउन नीति ल्याइयोस् ।

(उर्वर कृषि भूमिको संरक्षण सुनिश्चित गर्दै प्रत्येक देशको भूमि उपयोग नीतिको प्रभावकारी कार्यन्वयन गर्ने । कृषिको प्राथमिक

उत्पादनमा प्रत्यक्ष वैदेशिक लगानी
(दक्षिण एशियाका धेरै साना किसानहरु उच्च व्याजदर, ऋणमा पहुँचको कमी र बाली असफलताका कारण ऋणको बोझले दबिएका छन् । यस्तो प्रकृतिका किसानहरुलाई सरकारले राहत र सहयोग गर्न माग गर्दछौं ।
(एफडीआई) रोक्न पनि माग गर्दछौं ।
(कृषि क्षेत्रमा आएको संकटका कारण सबैभन्दा बढी प्रभावित भएको साना र सीमान्त किसानहरुका लागि संकटको समयमा सरकारले ऋण माफी योजना ल्याउनु पर्छ यसले यी किसानहरुलाई ऋणको जालबाट बाहिर आउन र नयाँ ढंगले कृषिमा काम गर्न प्रोत्साहन गर्नु मद्दत गर्ने ।
(हामीले सरकारहरुलाई नीति र कार्यक्रमहरु मार्फत कृषिमा महिलाको योगदानलाई सामान्यता दिन र मूल्याङ्कन गर्न माग गर्दछौं ।
(किसानहरु प्रायः माहिलाहरू कृषि कार्यको क्रममा उच्चस्तरको कीटनाशकको सम्पर्कमा आउँछन् । बाँझोपन र क्यान्सर लगायत स्वास्थ्य प्रतिकूल असर पार्न सक्छ यस्तो जोखिमबाट म(हामी क्षेत्रीय सरकारहरुलाई यस क्षेत्रका साना किसानहरुको हितको गर्नु भूमि वर्गीकरण भर भूमि उपयोग नीतिहरुको लागि आग्रह गर्छौं । महिला समेत आम किसानलाई जोगाउने सरकारले पहल गर्नु पर्छ ।
(कृषि अधिकार सुनिश्चित गर्न र राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रहरुका किसानहरुले सामना गर्ने समस्याहरुलाई सम्वोधन गर्न आवश्यक छ ।
(राज्यले कृषि मजदुहरुका लागि वर्षभरि काम उपलब्ध हुने कुरा सुनिश्चित गर्नु पर्छ ।
(हामीले किसान र मजदुरको रुपमा सामना गरेको समस्याहरुलाई सम्वोधन गर्न संठनात्मक अभिव्यक्तिको रुपमा हामी दक्षिण एशियाली किसान मञ्चका कार्यकारी समिति गर्न सहमति गर्दछौं ।
(राज्यको किसानहरुको स्वास्थ्य, बीमा र निवृत्तिभरणको सामाजिक सुरक्षा सुनिश्चित गर्नु पर्छ । किसान, खेत मजदुर, भाडामा लिन किसानहरुको पनि समाजको सुरक्षा सुनिश्चित गर्नु पर्छ ।
(राष्ट्रियस्तरमा न्यूनतम समर्थन मूल्य ग्योरेन्टी ऐन ल्याउन माग गर्दछौं ।
(       हामी अन्य किसान आन्दोलनहरुलाई पनि किसान आन्दोलनका फराकिलो र बलियो बनाउन हामीसँग हातेमालो गर्न आव्हान गर्दछौं ।

# सयुक्त राष्ट्र संघीय खाद्य फ्रेमवर्क सार्वजनिक

नेपालको समग्र कृषि तथा वन क्षेत्रको रुपान्तरणमा सयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि सङ्गठन ९एफ ए ओ० को कन्ट्री प्रोग्रामिङ फ्रेमवर्क २०२३–२०२७ सार्वजनिक गरिएको छ ।




काठमाडौंमा एक कार्यक्रमका बीच सन् २०२३ देखि २०२७ सम्मको रणनीतिक कार्यक्रम समावेश भएको सो फ्रेमवर्क कृषि तथा पशुपंक्षी विकास मन्त्री डा. बेदुराम भुषाल, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डाक्टर मिन बहादुर श्रेष्ठ, सयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि सङ्गठन एफ ए ओ का एशिया प्रशान्त क्षेत्रका प्रमुख जोङ्ग जिन किम र संयुक्त राष्ट्र संघीय आवसिय प्रतिनिधि हाना सिंगर ह्याम्डीले संयुक्त रुपमा सो फ्रेम वर्क सार्वजनिक गरेका हुन् ।
अर्थ मन्त्रालयका सह सचिव श्रीकृष्ण नेपाल र एफ ए ओ नेपालका प्रमुख केन शिमिजुले संयुक्त रुपमा हस्ताक्षर गरेका हुन् ।
कार्यक्रममा कृषि तथा पशुपंक्षी विकास मन्त्री डा. बेदुराम भुषालले, नेपालको कृषि क्षेत्रको विकासमा एफएओ नेपालको साथको प्रशंसागर्दै दिगो विकासका लक्ष्य प्राप्त गर्न यो फ्रेमवर्कले सहयोग गर्ने विश्वास व्यक्त गरे ।
एफएओ नेपालसंगको करिव ७ दशक भन्दा लामो सहयोग र सहकार्यको प्रशंसा गर्दै उनले यो फ्रेमवर्क नेपाल सरकार र एफएओको साझा दस्तावेज भएको बताए ।
यसले नेपालको कृषि क्षेत्र तथा वन क्षेत्रको दीगो विकास, खाद्य तथा पोषण सुरक्षा कायम गर्ने साथै दीगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने उनको विश्वास छ ।
कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डाक्टर मिन बहादुर श्रेष्ठले यो कन्ट्री प्रोग्रामिङ फ्रेमवर्क सिपिएफले नेपालको खाद्य प्रणाली रुपान्तरण, भोकमरी तथा गरिबी विरुद्धको राष्ट्रिय अभियानमा सहयोग गर्न तथा जलवायु परिवर्तनसँग जुध्न विशेष भूमिका रहने बताए ।
एफएओका एशिया प्रशान्त क्षेत्रका प्रमुख जोङ्ग जिन किमले नेपाल सरकारले तय गरेका नीति तथा प्राथमिकतालाई एफएओको म्यान्डेट अनुसार सहयोग गर्न तत्पर रहेको बताए ।
एफएओले उत्पादनमा वृद्धि, पोषणमा सुधार, वातावरणमा सुधार, संवृद्ध जीवनयापनको रणनीतिक ढाँचा अनुसार आफ्ना सदस्य राष्ट्रहरुमा कार्यक्रम तथा क्रियाकलाप संचालनमा ल्याएको उनको भनाई छ ।
उनले यस्ता अभ्यासले समावेशी विकास मात्र नभई सबै नागरिकका लागि खाद्य सुरक्षाको प्रत्याभूति हुनेमा जोड दिए । किमले कुपोषण र अन्य खाद्य सुरक्षा चुनौतिहरू सम्बन्धी मुद्दाहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न देशको खाद्य प्रणालीलाई रूपान्तरण गर्न आवश्यक रहेको बताए ।
संयुक्त राष्ट्र संघीय आवसिय प्रतिनिधि हाना सिंगर ह्याम्डीले नेपालमा युवा तथा पुरुष वैदेशिक रोजगारीका निम्ति आफ्नो थातथलो छोड्ने क्रमले कृषिमा महिलाको जिम्मेवारी बढेको सन्दर्भमा यस फ्रेमवर्कले महिला मैत्री प्रविधिको विकास र प्रवर्द्धनमा तथा महिला सशक्तिकरणमा विशेष ध्यान दिएको भन्दै खुसी व्यक्त गरिन । अतिकम विकसित मुलुकबाट सन् २०२६ सम्म विकासउन्मुख राष्ट्रमा स्तरोनत्ती हुने प्रक्रियामा संयुक्त राष्ट्रसंघको पूर्ण साथ र सहयोग रहने प्रतिवद्धता उनले जनाइन् ।
Country Programming Framework 2023-2027 सार्वजनिक कार्यक्रममा राजदुत, विकास साझेदारी निकायका प्रतिनिधि सरकारी अधिकारी, निजी क्षेत्रका प्रतिनिधि, कृषि व्यवसायी, उद्यमी, विकास साझेदारहरुको सहभागी थिए ।

# व्यवसायिक माछा पालन

**परिचय :**

नेपालमा धेरै प्रकृतिका तालहरु भएकाले व्यवसायिक माछा पालनको लागि निकै ठूलो सम्भावना रहेको छ। तराई, भित्री मधेश तथा न्यानो पानी भएका जलाशयहरुको लागि सात जातको माछाहरु सिफारिस गरिएका छन्। माछा पालनको लागि सिफारिस गरिएका सात जातका माछा मध्ये तीन स्थानीय छन् भने बाँकी अरु चार जात विदेशबाट आयातित छन्।

माछा पालनको लागि ठाउँ छनौंट गर्दा पानीको भरपर्दो स्रोत भएको ठाउँ छनौट गर्नु पर्दछ। चिम्टाइलो माटो भएको ठाउँ माछा पालनको लागि उपयुक्त मानिन्छ। त्यस प्रकारको ठाउँमा पानी धेरै समयसम्म अडिरहन्छ। बलौटे माटो भएको ठाउँमा पानी छिटोछिटो चुहिएर जाने भएकाले पानीको समस्या हुन सक्दछ।



**२. माछा पालनको लागि पोखरीका साइज :**

(मूलतः उत्पादन पोखरी ६ का देखि १५ कासम्म उपयुक्त हुन्छ यो। भन्दा ठूलो पोखरी पनि बनाउन सकिन्छ। तर काम गर्नका लागि सहज हुने बनाउनु पर्दछ।

(जग्गाको अवस्था एवं उपलब्धताका आधारमा पोखरीको साइजमा भर पर्दछ।

(नर्सरी पोखरी र भूरा हुर्काउने पोखरी १ देखि ३ कासम्म उपयुक्त हुन्छ। तर आवश्यकताको आधारमा साइज बढाउन र घटाउन सकिन्छ।

(माउ माछा पाल्ने पोखरी भने आवश्यकता तथा क्षमतका आधारमा साना वा ठूलो बनाउन सकिन्छ।

**३. पोखरीको आधार :**

साधारणतया आयतकार पोखरी बनाउने उपयुक्त हुन्छ। पोखरीमा जाल तान्ने कार्यमा सहज हुन अधिकतम् ५० मिटर चौडाई भएको पाखरी भन्दा ठूलो पाखेरी राम्रो मानिदैन। त्यसैले २० देखि ३० मिटरका चौडाई भएका पोखरी बनाउन उत्तम हुन्छ। लम्वाई भने जग्गाको अवस्था एवं आवश्यकता अनुसार बनाउनु पर्दछ।

(बिहान सूर्योदय भएपछि बेलुकी सूर्यास्त हुँदासम्म पोखरीमा घाम लाग्ने किसिमबाट पोखरी निर्माण गर्नु पर्दछ।

(वर्गाकार पोखरी पनि बनाउने सकिन्छ। तर मिलेको जग्गा आवश्यक पर्दछ।

**४. पोखरीको ढलान :**

(साधारतया : पोखरीको डिल, २ मिटर चौडाईको बनाइयो भने त्यसको पिँध ४ मिटरको बनाइन्छ। यसरी बनाइएको पोखरीको ढलान १-२ को भनिन्छ। पोखरीको डिल बनाउँदा डिल भत्कने सम्भावना कम हुन जान्छ। किनकी वर्षायाममा पानीको सतह पोखरीमा बढ्न गई पानीको बहावले ठाडो डिल भएको माटो खस्ने हुन्छ। तर ढलान उपयुक्त भएमा डिलको माटो भत्कन पाउँदैन। त्यस्तै कमन कार्प जातको माछा पोखरीको पिँधमा बसी माटो खोतल्ने बानी हुन्छ। डिल ठाडो भएमा पनि भत्कने सम्भावना रहन्छ। यसबाट जोगाउन पोखरीको डिल र पोखरीको पिँधको ढलान १-२ राख्नु पर्ने हुन्छ।

**५ पोखरीमा पानीको प्रवेशद्धारा र पानीको निकासद्धारा निर्माण :**

(जग्गाको अवस्थिति हेरेर पोखरीमा पानीको प्रवशेद्धारा र पानीको निकासद्धार निर्माण गर्नु पर्ने भएकाले साधारणतयाः पोखरी निर्माण गर्दा होचो ठाउँबाट पानीको निकासद्धार बनाउनु पर्दछ। जसले गर्दा पोखरी सुकाउने समयमा सजिलै पानी सुकाउन सकिन्छ। त्यस्तै सबैभन्दा अग्लो ठाउँबाट पानीको प्रवेशद्धार बनाउनु पर्दछ।

(पानीको प्रवेशद्धार र पानीको निकासद्धारका दुबै ठाउँमा जंगली माछा तथा अन्यवस्तु पोखरीमा प्रवेश गर्नृ नसक्ने किसिमबाट मसिनो जालीले छोप्नु वा राख्नु आवश्यक हुन्छ। पोखरीमा पालिएका माछा बाहिर जानबाट जोगाउन पनि जालीको आवश्यकता हुन्छ।

(निम्न लिखित विशेषताको पोखरमिा मत्स्य पालन गर्न बढी लाभप्रद उपयुक्त हुन्छ।

(पोखरीको चार दिशाका डील राम्रो अवस्थामा हुनु पर्छ।

(माटोको डिल भासिने र पानीको कटानबाट जोगाउन डीलमा घाँस लगाएको हुनु पर्दछ।

(पानीको प्रवेश र निकासको समुचित व्यवस्था हुनुपर्दछ। यस प्रकार जथाभावी बाहिरिएको पानी, भित्रको पानी बाहिर जानबाट नियन्त्रित हुनुका साथै जंगली माछा पोखरीभित्र पस्नबाट रोक्न सकिन्छ। र पोखरीलाई पूर्णतया सुकाउन समेत सकिन्छ।

(ठाउँ छनौट गर्दा बाढी नआउने तथा चोरी नहुने ठाउँ हुनु पर्दछ। माछा पालन गर्ने पोखरीको गहिराई १-५-२ मीटर हुनु पर्दछ।

**७. स्वदेशी जातका माछाहरु :**

हाम्रो देशमा पालिएका स्वदेशी माछालाई मेजर कार्प वा इण्डियन मेजर कार्प भनिन्छ। यी माछा तराईको नदीनाला, घोल र तलाउहरुमा पाइन्छ। नेपालमा पालिएका स्वदेशी जातका माछाहरुमा रहु, नैनी र भाकुर हुन्।

रहु : यो माछाको लम्वाई बढीमा ९० से.मी.सम्म पाइएको छ। शरीरलाई ठूलो कल्लाले ढाकेको हुन्छ। टाउको सानो हुन्छ। यसको ओंठ मोटो र तलतिर फर्केको हुन्छ। माछाको शरीर करीव गोला, माथिल्लो भाग खैरो, कालो, हल्का हरियो रंगको हुन्छ भने तल्लो भाग सेतो हुन्छ। बिक्री योग्य माछाको शरीरको कल्लामा रातो रंग चढेको हुन्छ। रहु माछाको बोसोको परिमाणमा मिलेकाले माछा खानामा निकै स्वादिलो हुन्छ। यो माछा पहिलो वर्षमा ३०० देखि ५०० ग्रामसम्म बढ्छ भने दोस्रो वर्षमा यसको वृद्धि राम्रो हुन्छ।

ख, नैनी : यो माछोको शरीर रहु माछा जस्तै

हुन् । तर अलि पातलो टाउको सानो, ओंठ पातलो र चुच्चे परेको हुन्छ । जिउ हल्का खैरो चाँदी रंगको हुन्छ । पोखरीको तल्लो भागमा यो माछा बस्छ । सडे गलेको जस्तै झारपात, जैविक प्राणीजन्य जीवाणुको साथै दाना पनि खान्छ । यसको वृद्धि पहिलो वर्षमा ३०० देखि ७०० ग्रामसम्मको हुन्छ भने दोस्रो वर्षमा वृद्धि राम्रो भएको पाइन्छ ।

ग. भाकुर : यो माछाको आधार छोटो तर जीउ भाग अग्लो र शरीर चेप्टो हुन्छ । शरीरको पूरै भागमा ठूलो खरानी रंगको कत्लाले ढाकेको हुन्छ । टाउको ठूलो हुन्छ । मोटो ओंठ माथितिर फुकेको हुन्छ । यो माछा पोखरीको माथिल्लो भागमा विचरण गरेर मुख्यतया सुक्ष्म प्राणीजन्य जिवाणु खान्छ । यसको वृद्धि दर रहु नैनी भन्दा बढी हुन्छ । एक वर्षमा १.५ देखि २ केजी सम्म वृद्धि भएको पाइएको छ । यो माछाको प्रजनन् कृत्रिम तरिकाबाट गरिन्छ । प्राकृतिक आधार उत्पादन हुने पोखरीमा यो माछाको वृद्धि राम्रो पाइन्छ ।

८. विदेशी जातको कार्प माछा : यस अर्न्तगत ४ जातका माछाहरु विगतका दशकहहरुमा भारत, इजराइल, जापान र हँगेरीबाट झिकाइएको हुन्छ । यी माछाहरुमा कमन कार्प, ग्रास कार्प, विगहेड कार्प र सिल्भर कार्प हुन्छ ।

क. कमन कार्प : कमन कार्पको शरीर छोटो, टाउको, सानो ढाडको भागमा अलि उच्चा परेको शरीरको बीच भाग बढी चौडाई भएको हुन्छ टाउकोमा २ जोडी जुँगा हुन्छ । शरीर सुनौंलो पहेँलो कत्लाले ढाकेको हुन्छ । यी माछा पोखरीमा उत्पादन भएको सबै कुरा खान्छन् । अथवा सर्वहारा हुन् । यिनीहरु पोखीरी पिँधमा चाहार्ने, त्यहाँको हिलो खोतलेर माटो भित्रको कीरा, सडेगलेको झारपात, प्राणीजन्य ठूलो जीवाणु शंखे कीरा आदि खाने गर्दछन् । यी माछाले दाना खान रुचाउँछन् । यी माछाको भूरा उत्पादन प्राकृतिक तरिकाबाट गर्न सकिने र माछा स्वादिलो भएकाले कमन कार्प माछा लोकप्रिय माछाको रुपमा गनिन्छ । माछाको शरीरमा कत्ला कम र नहुन माछालाई इजरायली कार्प र कत्ला शरीरभरि हुने माछालाई जर्मन कार्प भनिन्छ ।

ख. ग्रास कार्प : यो माछाको जीउ लामो हुन्छ । जीउभरि ठुला(ठूला कत्ला, जीउको माथिल्लो खैरो र तल्लो पेटतिर हल्का पहेँलो हल्का पहेँलो अथवा दाँया वायाँ भागमा हल्का पहेँलो रंगको कत्ला हुन्छ । यो माछाले पोखरीमा घएको घाँस र झारपात खाने भएकाले यो माछालाई ग्रास कार्प वा घाँसे माछा भनिन्छ । यसले दाना पनि खाने गर्छ र जमीनको घाँस, केराको पात, काटेर दिएमा खाने सक्छ । यो माछाको वृद्धि दर राम्रो हुन्छ । र बढीमा ३०(४० केजीसम्म पाइएको छ । यो माछाको प्रजनन् कृत्रिम तरिकाबाट गरिन्छ ।

ग. सिल्भर कार्प : यो माछाको शरीर दायाँ बायाँबाट चेप्टो र पेट छातीको भाग धारिलो हुन्छ । यस माछाको पूरा जीउमा साना(साना चाँदी जस्तो टल्कने कत्लाले ढाकिएको हुन्छ । यो माछा पानीको माथिल्लो सतहमा बस्ने र जमीनको वनस्पतिजन्य सुक्ष्म जीवाणु, लेउ वा अल्गि खाने गर्छ । यो माछाको मासु



नरम भएकाले गर्मी याममा चाँडै बिग्रन्छ । र साना साइजका माछा बोसिलो र स्वादिलो हुन्छ ।

घ. बिगहेड कार्प : यो माछाको टाउको ठूलो र जीउ पातलो सिल्भर कार्प माछा जस्तै देखिन्छ । मुख ठूलो र माथितिर फुकेको हुन्छ । शरीरको माथिल्लो भाग फुस्रो र केही कालो खरानी रंगको र पेटमा सेतो टल्कने सानो कत्ला शरीरभरि हुन्छ, शरीर दायाँबायाँबाट चेप्टो र पेटभन्दा छातीको भाग धारिलो हुँदैन । यो माछा प्राणीजन्य सुक्ष्म जीवाणु खान्छ । यो माछाको प्रजनन् कृत्रिम तरिकाबाट गरिन्छ ।

९. माछाको जात तथा माछाको खाने बानी :

| क्र.सं माछाकोको जात | माछाको खाने बानी |
|---|---|
| १. कमन कार्प | दानो र सडेगलेको झारपात र ठूलो कीरा आदि |
| २. नैनी | सडेगलेका झारपात |
| ३. सिल्भर कार्म | वनस्पतिजन्य सुक्ष्म जीवाणु |
| ४. विगहेड कार्प | प्राणीजन्य सुक्ष्म जीवाणु |
| ५. भाकुर | प्राणीजन्य सुक्ष्म जीवाणु |
| ६. रहु | वनस्पतिजन्य तथा प्राणीजन्य सुक्ष्म जीवाणु |
| ७. ग्रास कार्प | पोखरीभित्र वा छेउमा उम्रेका झारपात |

१०. माछाको दाना : चामलको कनीका, मकै, गहुँको पिठो, गहुँको चोकर, धानको ढुटो, तोरी वा आलसको पिना, भटमास वा बदामको पिना, माछाको सिद्रा, भिटामिन र उपयोगी लवणहरुको भिश्रणहरु केही मात्रा मिसाएर तयार गरिएको आहारलाई कृत्रिम दाना भनिन्छ । । उत्पादन पोखरीको माछाको लागि २० देखि २५ प्रतिशत प्रोटिनयुक्त तथा भूराको लागि ३० देखि ३५ प्रतिशत प्रोटिनयुक्त दाना दिनु पर्दछ ।

१०.१. माछालाई दाना खुवाउने विधि :

(दाना दिँदा दानालाई केही पानीमा मुछेर डल्लो पारेर सानो भूरा भएको अवस्थामा नाङ्लोमा राखेर दिनु पर्दछ । ठूलो माछा वा माउ माछा छ भने डल्लो पारेको दाना डिलभन्दा ४(५ फिट पर दाना दिनु पर्दछ ।

(उत्पादन पोखरीमा ५ देखि २५ फिट पर दाना दिनु विभिन्न जातका माछाका भूरा छाडी सकेपछि शुरुमा कुल तौलको ५ प्रतिशतका दरले र पछि माछाको वद्धि ५०० ग्राम पुगिसके पछि ३ देखि ४ प्रतिशतका दरले दिनु पर्दछ ।

माछालाई दाना एउटै ठाउँ र समयमा दिनु पर्दछ । एक महिनामा माछाको वृद्धि जाँच गरि माछाको कुल तौल निकालिन्छ र त्यसको ३ देखि ५ प्रतिशत दाना दिनु पर्दछ ।

(राम्रो व्यवस्थापनसँग माछा पालन भएको

छ भने माछाको दैनिक वृद्धि एकदेखि पाँच ग्रामसम्म हुनु पर्दछ ।
(४ इन्च साइजमा पुगेको ग्रास कार्म माछा घाँस खान शुरु गर्छ ।
(शिल्भर, विगहेड र भाकुर माछाले प्रायः दाना खाँदैन ।
(जाडो याममा पुस र माघ महिनामा १५ डिग्री सेल्सियस भएको बेला कार्प माछाले दाना खाँदैन ।

**११. मलखादको प्रयोग :**

११.१. मलखादको आवश्यकता :

पोखरीमा पालिएका माछाका भूरा मुख्यतया प्राकृतिक आहारमा निर्भर रहन्छन् । सिल्भर कार्प, विगहेड कार्प, रहु, भाकुर, माछाले प्रकृतिकजन्य वा प्राणीजन्य सुक्ष्म, जीवाणुहरु खान्छ । यी प्राकृतिक आहारको उत्पादन पोखरीको माटोको उर्वरा शक्ति र पानीको मलिलोपनामा निर्भर गर्दछ । पोखरीमा मलिलोपना बढी भएको अवस्थामा पानीको रंग हरियो हुन्छ । अर्थात वनस्पतिजन्य जीवाणुको हरियो लेउ उत्पादन बढी हुन्छ । पानीको रंग खैरो छ भने प्राणीजन्य सुक्ष्म जीवाणुको परिमाण बढी भएको पाइन्छ । यसरी यी दुबै जीवाणुको जीवन चक्र एक पछि अर्को भै राख्छ ।

**११.२. मलखादको प्रयोग गर्ने तरिका :**

सिफारिस गरिएको मलको प्रयोग गर्नु पर्दछ । पोखरीमा मलिलोपना सेच्ची डिस्को मद्दतले निर्धारण गर्न सकिन्छ । त्यसको अभावमा दाहिने हात पानी भित्र दुबाएर वा पानीको रंग हेरेर थाहा पाउन सकिन्छ ।

मलखाद प्रयोग गर्दा ध्यान दिनु पर्ने कुराहरु (पाखेरीमा मलखाद दिउँसो घाम लागेको बेलामा प्रयोग गर्नु पर्दछ ।

कम्पोष्ट मल र रासायनिक मल दुबैलाई घोलेर पोखरीमा प्रयोग गर्नु पर्दछ ।
(सकभर आलो गोबरमल प्रयोग गर्नु हुँदैन ।
(गोबर ग्याँसबाट प्राप्त लेदो गोबरमल माछा उत्पादनको लागि राम्रो हुन्छ ।

**(१२. माछाको वृद्धि जाँच गर्ने तरिका :**

(पोखरीमा स्टक गरिएको माछाको ५० प्रतिशत सम्म माछा समात्ने किसिमले जाल तान्नु पर्छ ।
(प्रत्येक जातको माछाको सानो ठूलो साइज मिलाएर १०(१० गोटा माछाको तौल निकाल्नु पर्छ ।
(प्रत्येक जातको माछाको सानो ठूलो साइज तौललाई जोडेर जात अनुसारको माछाको संख्याले भाग दिए पछि माछाको सरदर तौल ग्राम वा किलोमा निकालिन्छ ।
(यसरी माछाको तौल पेन व्यालेन्समा लिनु पर्छ ।
(माछाको सरदर तौललाई पोखरीमा जात अनुसार स्टक रहेको माछासित गुणन गर्दा त्यो जातको माछाको कुल तौल जोडेर पोखरीमा माछाको कुल तौल निकालिन्छ । यसै तौलको २ देखि ४ प्रतिशतका दरले दानाको परिणाण निर्धारण गरिन्छ ।

**१३. माछा समात्ने विधि :**

पोखरीको साइज अनुसार माछा समात्ने उपकरणहरु र त्यसको साइज पनि फरक पर्दछ । माछा समात्नको लागि हाते जाल, तान्ने जाल, महाजालको आवश्यकता पर्दछ । पोखरीबाट माछा समात्दा कुन प्रयोजनको लागि के कति माछा झिक्ने हो विचार पुऱ्याउनु आवश्यक छ । सम्पूर्ण माछालाई एकै चाटी झिक्ने वा बिक्रीयोग्य माछालाई मात्र बिक्री गर्ने । वर्ष भरि पानी भएको पोखरीहरुमा बिक्रीयोग्य माछाहरु ५००(ग्राम भन्दा बढी माथि बिक्री गर्न र निकालिएको माछाको संख्या र जात अनुसार पुनः यो पोखरीमा १० देखि २५ ग्राम वा अरु ठूलो साइजको भूरा छाड्ने प्रकृयिालाई माल्टिपल हार्भेष्टिङ्ग र मल्टिपल स्टक गर्ने तरिका भनिन्छ ।

१४. साना कृषकहरुका लागि माछा पालनबाट **आय आर्जनको प्याकेज :**

उल्लोखित नर्म अनुसार निर्माण गरिएको पोखरीमा माछा पालन तथा उत्पादनका लागि पोखरीको तयारी, माछा भूराको व्यवस्था एवं माछाको वृद्धि जाँच तथा रेकडिङ्ग र पानीको गुणस्तरको जाँच निम्न अनुसार गर्नु पर्ने हुन्छ ।

पोखरीको जलासय क्षेत्रफल : १ का

**घर पोत्ने चुनको प्रयोग :**

पोखरीमा पानी भर्ने अगाडि पोखरीको पिँधमा करिब ८ देखि १० किलो घर पोत्ने चुना छर्ने ।

**पोखरीमा पानी भर्ने :**

पोखरीमा चुनाको प्रयोग गरिसके पछि पोखरीमा पानी करिब १ मिटर हुने गरि राख्ने र माछा पालिन्जेल १ मिटर पानी नघटाउने ।

**पोखरीमा मलको प्रयोग :**

पोखरीमा पानी भरिसके पछि वा पानी भर्नु अगावै १ का क्षेत्रफलको लागि गोवर मल करिव २५ देखि ३० किलो सुख्खा पोखरीमा थुप्रो बनाएर तथा पानी भरिएको पोखरीमा ५०(६० किलो गोबर मल र ६०० ग्राम डिएपी झोल बनाएर दिउँसो १२ बजे देखि २ बजेको को समय पारेर घाम लागेको दिन पूरै पोखरीमा पर्ने गरि छर्ने ।

**पोखरीमा माछा भूरा स्टक :**

पोखरीमा मलको प्रयोग गरेको करिव ५(६ दिन पछि पोखरीमा पानीको रंग हरियो हुन्छ । र करिव ४(५ इन्चको माछाको भूरा ३०० ५०० गोटा स्टक गर्ने (१ ज्ञ क्षेत्रफलको लागि पानीमा विभिन प्रकारको प्राकृतिक आहारा खाने विभिन्न जातको माछा भूरा जातिय संख्याको अनुपात निम्न अनुसार पोखरीमा स्टक गर्नु पर्ने हुन्छ ।

**१५. कार्प जातको भूरा माछाको जातिय मिश्रण :**

| | |
|---|---|
| कमन कार्प | १५५ |
| ग्रास कार्प | २५५ |
| सिल्भर कार्प | ४०५ |
| बिगहेड वा भाकुर | १० ५ |
| रहु र नैनी | १० ५ |

नेपालको मध्य पश्चिाञ्चल तथा सुदुरपश्चिमाञ्चलमा माछा भूराको स्रोत माछा भूरा पाउने ठाउँ मत्स्या विकास केन्द्र महादेवपुरी बाँके, राधेपुर, गेटा कैलाली तथा रुपन्देही(भैरहवा, अथवा निजी क्षेत्रबाट फागुन र चैत्र देखि भदौ सम्म उपलब्ध गर्न सकिन्छ । पोखरीमा माछा भूरा स्टक गरेपछि कम्तिमा ८ देखि १० महिनासम्म पालन गरिनु पर्दछ । त्यसो गर्दा कृषकहरुले ठूलो(ठूलो माछा उत्पादन गर्न सक्दछन् । पोखरीमा पानीको गुणस्तर हरियो र मलिलो कायम राखि राख्न १५ दिनमा एक पटक ५०(६० किलो गोवर मल तथा आधा किलो डिएपी एक पाउ युरियाका साथै झोल बनाएर दिउँसो १२ बजे देखि २ बजे समय पारेर घाम लागेको दिन पारी पोखरीमा पर्ने गरि छर्ने ।

यसरी मल प्रयोग गर्दा पोखरीको पानी धेरै मलिलो भई धेरै हरियो देखिएमा पानीको पारदर्शिता जाँच गरेर एक हात मात्रा पारदर्शिता पाइएमा मलको प्रयोग नगर्ने तर त्यो भन्दा बढी पारदर्शिता हुन गएमा पुनः तोकिएको मात्रा अनुसार मलको प्रयोग गर्ने ।

**१६. माछाको दानाको प्रयोग :**

माछा पालेका कृषकहरुले आफ्नो घरमा उपलब्ध भएको ढुटो, चोकर, मकै तथा गहुँको पिठो तथा पिना मिसाएर दैनिक पोखरीमा स्टक गरिएको माछाको कूल वजनको २(३ प्रतिशतको हिसाबले दाना दिने । माछालाई दाना दिँदा बिहान १० बजे देखि १२ बजेको समयमा दिनको एक पटक दिने माछाको दानाको समुचित प्रयोग गरोस र यसको लागि डिमाण्ड फिडर कृषकहरुले साधारण

तरिकाले खाने माछा समेत स्टक गरिएकाले तरकारीको पात, केराको पात, फर्सीको पात हरियो र कलिलो घाँस दैनिक हेरेर माछाले खानसक्ने गरि आवश्यकता अनुसार दिने प्राय माछा पालन गरिएको पोखरीमा शुरुका ३ महिना पछि पर्याप्त मात्रामा घाँस दिने तथा माछालाई दाना र मलको प्रयोग क्रमश: घटाउँदै लगे हुन्छ। यस प्रकार कृषकको माछामा कम लगानी लाग्नुका साथै माछा पालनबाट बढी उत्पादन प्राप्त हुन्छ।

**१७. पोखरीमा पालिएका माछाको वृद्धि अध्ययन रेकर्ड** :

पोखरीमा पालिएका माछाहरुको रेखदेख

पोखरीमा पालिएका माछाहरुलाई दिइएको दाना खाइरहेका छन् वा छैनन् त्यसको दैनिक रुपमा निरीक्षण गर्नु पर्छ। र माछाले प्रयोग गर्ने गरिएको घाँसहरु पोखरीभित्रबाट निकालेर बाहिर फाल्नु पर्दछ। तथा दाना खाई नसकेको भए दिएको खाई सकेपछि मात्र दोस्रो दाना दिने।

**१८. पोखरीमा पालिएका माछाको वृद्धि अध्ययन रेकर्ड :**

पोखरीमा पालिएका माछाको महिनामा एक पटक पोखरीबाट माछाको वृद्धि कति पटक भयो सो एकीन गर्ने समयको साथै पोखरीको तापक्रम भरसक दिनको दुईपटक बिहान १० बजे र बुलेका ४ बजे रेकर्ड लिन माछाको वृद्धि भएको देखिदैन भने सम्बन्धित मत्स्य विशेषाज्ञसँग सम्पर्क राखी जानकारी लिने विशेषाज्ञको सल्लाह अनुसार गर्ने।

**१९. माछाको शत्रु रेखदेख :**

माछाको शत्रुहरु मध्ये चराहरुलाई साना माछा भइन्जेल धपाएर जोगाउने, सर्प भए मत्स्य विकाससँग सम्पर्क राखी गरि सर्पको खोर बनाई पाखेरीमा राखि सर्प नियन्त्रण गर्ने। मान्छेलाई विष राख्दा वा चोरीबाट जोगाउने आफैले रेखदेख गरिरहनु पर्दछ।

मलिलो भएको पोखरीमा खासगरि गर्मी समयमा प्राय: बिहान सबेरै अथवा बादल लागेको समय अक्सिजनको कमी भएर माछा मर्ने सम्भावना हुन्छ। त्यसलै बिहान सबेरै वा बादल लागेको समयमा पोखरीको रेखदेख गरि रहनु पर्दछ। र अक्सिजनको कमी भएमा माछा पानीको सतहमा आएर हावा लिने गर्दछन्। त्यस्तो अवस्थामा नयाँ पानी लगाएर अक्सिजनको मात्रा बढाई माछा बचाउने सकिन्छ। उत्पादन भएको माछाको बजार व्यवस्थाको लागि सकभर जाडो समयमा गर्न त्यस्तो अवस्थामा नयाँ पानी लगाएर अक्सिजनको मात्रा बढाई माछा बचाउन सकिन्छ।

उत्पादन भएको माछाको बजार व्यवस्थाको लागि सकभर जाडो समयमा गर्ने जुनबेला माछाको वृद्धि हुँदैन अथवा कम हुन्छ। साथै जाडो समयमा माछा बिग्रीने कम सम्भावन हुन्छ।

माछा पालिने पोखरीको डिलमा विभिन्न किसिमका तरकारीको खेतीगरि पोखरीको मलिलो पानी तरकारीमा प्रयोग गर्दा तरकारी समेत फस्टाउने भई बढी उत्पादन गर्न सकिने र पोखरीबाट माछा तथा पोखरीको डिलबाट तरकारी खेती गरी एकीकृत मत्स्य पालन व्यवसायबाट बढी आयआर्जन गर्न सकिन्छ। पोखरीमा माछा राखि सकेपछि कामदार लगायत सबै लागत रकमहरुको विवरण तथा कूल माछाको उत्पादन सबैभन्दा सानो, सबैभन्दा ठूलो र सालाखालाको विस्तृत विवरण रेकर्ड गर्नु पर्दछ। उपयुक्त सल्लाह अनुसारको मत्स्य पालन प्रविधि अपनाइएको खण्डमा नयाँ निर्माण गरिएको पोखरीबाट पहिलो दुई वर्षको अवधिमा ३ देखि ५ मे.टन हे माछा उत्पादन गर्न सकिन्छ। पोखरी पूरानो हुँदै जाने क्रममा राम्रो व्यवस्था पऱ्याउने सकिएको खण्डमा ५ देखि ८ मेट्रिक टन हे माछा उत्पादन गर्न सकिन्छ। पोखरीको पूरानो हँदै जाने क्रममा राम्रो व्यवस्थापन पुऱ्याउने सकियो भने सम्भावना हुन्छ।

**२०. माछाको राम्रो वृद्धिको लागि पानीको न्यूततम् आवश्यक मापदण्ड :**

(पोखरीमा पानीको रंग हरियो हुनु पर्दछ। हरियो पानीमा माछाको वृद्धिको लागि पोषक तत्वहरु पाइन्छ। मलकोलाई फाइटोप्लाँक्टान र जुप्लाँक्टान भन्दछन्। जुन सिल्भर विगहेड कार्प तथा भाकुर माछाको मुख्य आहार हो। (पोखरीको पानीमा कति हरियोपना चाहिन्छ। त्यसको मापन गर्ने उपकरण सेची डिस्क हो। यस उपकरणको मद्दतले पोखरीको पानीको मलिलोपना मापन गर्न सकिन्छ। त्यसको अभावमा दाहिने हात कुहिनोसम्म पानी भित्र डुबाएर वा पानीको रंग हरियो हेरेर पाउने सकिन्छ।

पोखरीको पानीमा मलिलोपना बढाउनको लागि प्राङ्गारिक मल तथा रासायनिक मल प्रयोग गरिनु पर्दछ। तर पोखरीको पानीमा धेरै बढी मलिलोपनाले पनि माछाको वृद्धि हुनुको सट्टा माछालाई अक्सिजनको कमी भएर माछा मर्ने बढी सम्भावना हुन्छ।

(माछाको राम्रो वृद्धिको लागि निम्न अनुसारको मापदण्ड हुनु आवश्यक हुन्छ।

(पोखरीमा पानीको तापक्रम बढ्दै जाँदा पानीमा फाइटोप्लाँटान तथा पानीमा तथा जुप्लाँक्टानको संख्या वृद्धि हुँदै जान्छ।

१. पोखरीको पानीमा मलिलोपना जाँच गर्न पानीको पारदर्शिता हेर्नु पर्दछ। जुन २० देखि ३० सेन्टिमिटर हुनु पर्दछ।

(पोखरीमा पानीको पिएच ६.५ देखि ९.० हुनु पर्दछ।

३. पोखरीको पानीको तापक्रम २० डिग्री देखि ३२ डिग्री सेन्टीग्रेड हुनु पर्दछ।

४. पाखेरीको पानीमा घुलित अक्सिजन २ देखि ५ पि.पि. यम हुनु पर्दछ। तर पानीमा पि.पि.एम घुलित अक्सिजन हुँदा माछाको वृद्धिमा प्रतिकूल असर पार्दछ। तसर्थ पोखरीको पानीमा ४ देखि ५ पि.पि.एम घुलित ४ देखि ५ पि.पि.एम घुलित अक्सिजन भएमा माछाको वृद्धि राम्रो सित हुन्छ।

पोखरीको पानीमा क्षारियता २० देखि २०० पि.प.एम हुनु पर्दछ।

**२१. पोखरीमा अपर्झट माछा मर्नुका कारणहरु :**

(पोखरीमा पानीको पारदर्शिता २० डिग्री सेन्टीग्रेड मिटर भन्दा कम हुनु।

(पोखरीमा पानीको तापक्रम ३५ डिग्री सेन्टीग्रेड भन्दा बढी हुनु।

(बिहानको समय ६ बजेको आसपासमा पोखरीको पानीमा अघुलित अक्सिजन १ पि.पि.एम भन्दाकम हुनुपर्दछ।

(गर्मीको समयमा पोखरीमा ठूलो ठूलो माछा हुनु।

(पोखरीमा पानीको गहिराई एक मिटर भन्दा कम हुनु।

पोखरीमा तोकिएको संख्याभन्दा बढी माछा स्टक हुनु।

(माछामा रोग लागेर पनि माछा मर्न सक्दछ। तर रोगबाट एकै पटक सबै माछा मर्दैनन्। प्राय: एकदुई गरेर माछा मर्दछन्।

(एकै पटक पोखरीमा धेरै माछा मर्नु, पोखरीको पानीमा अक्सिजनको कमी वा विषले मरेको हुनु पर्दन।

**२२. माछा मर्नुबाट बचाउने उपायहरु :**

(पोखरीको पानीको तापक्रम ३२ डिग्री सेन्टीग्रेड भन्दा बढी हुन गएमा पोखरीमा थप पानी भर्ने।

(बिहानको ६ बजेको समयमा पोखरीको पानीको सतहमा माछा देखिन थालेमा पोखरीमा माछालाई दिने दानाको मात्रा घटाउनु पर्दछ।

(पोखरीको पानीको पारदर्शिता २० सेन्टीमिटर भन्दा कम हुन गएमा पोखरीमा मलखाद प्रयोग कम्तिमा एक हप्तासम्म नगरौं।

(पोखरीको माछा मर्न थालेमा पोखरीमा भएको ठूलो माछा ५०० ग्राम भन्दा माथिको बिक्री गर्ने।

**२३. माछा पोखरीको लागि ध्यान दिनु पर्ने कुराहरु :**

पोखरीको माछाको राम्रो वृद्धि तथा माछालाई रोगमुक्त राख्न पोखरीमा पानीमा घुलित अक्सिजनको मात्रा जानकारी हुन आवश्यक हुन्छ। पानीमा घुलित अक्सिजन १ पी.पी. एम भन्ने छ। त्यो १ क्यूविक मिटर पानीमा १ ग्राम घुलित अक्सिजनको मात्रा हुन आउँछ। पानीमा घुलित अक्सिजनको मात्रा तीन कुरा माथि निर्भर गर्दछ।

(पानीको तापक्रम : पानीको तापक्रम जति बढी हुन्छ कम मात्रामा त्यस पानीमा अक्सिजन घुलित हुन्छ।

वायू मण्डलीय दबाव : कम हुँदा कम अक्सिजन घुलित हुन्छ। बढी उचाई भएको ठाउँमा पोखरीको पानीमा कम अक्सिजन घुलित हुन्छ। हुरी वतासका बेलामा पनि पानीमा अक्सिजनको घुलनसिलता कम हुन्छ।

पानीको गहिराई : पानीको गहिराई बढ्दै जाँदा पानीका घुलित अक्सिजनको मात्रा बढ्छ।

**२५. पोखरीको पानीमा घुलित अक्सिजन एक्कासी घट्नु :**

-पोखरीमा सप्लाई हुने पानीमा धेरै कम अक्सिजन हुने।

-पोखरीमा बोरिङ्गको पानी सप्लाई हुनु।

-पानीको सप्लाई हुने मुहानमा हरियो लेउ कुहिनाले।

-सप्लाई हुने मात्रामा प्राङ्गारिक प्रदुर्षणले (पानी थोरै मात्रामा प्राप्त हुनु।

-चिसो पानीको वर्षा तथा ठूलो हुरी बतासले पोखरीको तल्लो सतहको कम अक्सिजन भएको पानी माथिल्लो सतहको पानी तलको सतहमा लाने भएमा।

-धेरै दिनसम्म बादल लागेर फाइटोप्लाँक्टानको प्रकाश संस्लेषण क्रियामा अवरोध भएर।

-धेरै गर्मीको दिनमा पानीको तापक्रम बढ्ने, पानीको तापक्रम बढ्नु र पानीमा कम अक्सिजन घुलन हुनु।

-पोखरीको पानीमा बाक्लो फाइटाप्लाँक्टान हुने र रातीमा बढी अक्सिजन खपत हुने।

-पोखरीमा बढी प्राङ्गारिक मल हुनु तथा कुहिनाले अक्सिजन कमी हुने अक्सिजन कमी हने।

-पोखरीमा अझै अक्सिजन कमी हुने सम्भावना रहन्छ। धेरै माछा स्टक हुनु।

-माछालाई बढी दाना दिनु तथा बढी मल विसर्जन पनि अक्सिजन कमी हुन्छ।

-उपरोक्त कारणले गर्दा पोखरीको पानीमा घुलित अक्सिजनको कमी गराउँदछ। तर राम्रो व्यवस्थापनले पोखरीको पानीमा घुलित अक्सिजनको कमीलाई नियन्त्रण गर्न सक्दछ।

**२६. पोखरीको पानीमा कम घुलित अक्सिजनको संकेतहरु :**

भ्यागुताको साना(साना बच्चाहरु पोखरीको पानीमा किनारमा लाग्नु।

(पोखरीको पानी सडेको अण्डा जस्तो गन्हाउने

-माछाले आहार खान छोड्नु।

-माछा बिहानको समयमा पोखरीको माथि माथि आएर साँस फेर्नु।

२७. सेची डिस्कबाट पोखरीको पानीमा घुलित अक्सिजन बारे पत्ता लगाउने :

-२५ सेची डिस्क रिडिङ्ग पोखरीमा घुलित अक्सिजनको कमी हुने धेरै सम्भावना हुन्छ। यदि

-२, ३ दिनसम्म दिन बादल वा कुहिरो लाग्ने समय भएमा।

-यदि ६० सेमी सेची डिस्क रिडिङ्ग एक हप्ता पोखरीको पानीमा भएमा।

स्रोत : सम्पादक : कुलप्रसाद तिवारी वरिष्ठ कृषि प्रसार अधिकृत, (आयोजना कोर्डिनेटर) रानी जमरा कुलरिया सिँचाई आयोजना कृषि तर्फ प्रकाशन २०७२/०७३

# मालपोतका निर्देशकलाई मन्त्री श्रेष्ठको निर्देशन

मालपोतका निर्देशकलाई मन्त्री श्रेष्ठको निर्देशन, 'कास्की मालपोतको घटना तत्काल छानविन गरेर रिपोर्ट पेश गर्नु' छानविन गरि विभागीय कारवाही गर्न मन्त्री श्रेष्ठले निर्देशन दिएकी हुन्। 'मैले नेतृत्व गरेको मन्त्रालय अन्तर्गत हुने कुनै पनि




वैशाख ३, काठमाण्डौं। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रन्जिता श्रेष्ठले मालपोत कार्यालय कास्कीको कर्मचारीहरुले आर्थिक चलखेल गरि सेटिङ्गमा काम गर्ने गरेको कुरा तत्काल छानविन गर्न निर्देशन दिएकी छिन्। आईतबार मन्त्री श्रेष्ठले भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक पद्मनिधि सोतीलाई ठाडो निर्देशन दिएकी हुन्।

केही दिन अघि मात्रै मालपोत कार्यालय कास्कीका कर्मचारीहरूले आर्थिक चलखेल गरि सेटिङमा काम गर्ने गरेको एक टेलिभिजन कार्यक्रमबाट सार्वजनिक भएको थियो।

सोही घटनाको विषयमा थप सत्यतथ्य अनियमितता, भ्रष्टाचार र गलत कामलाई म नजरअन्दाज गर्न सक्दिँन। जसरी मालपोत कार्यालय कास्कीको भिडियो मिडिया र सामाजिक सञ्जालमा भाइरल भईरहेको छ त्यस विषयमा तत्काल छानविन गरि रिपोर्ट बुझाउनु होला।', मन्त्री श्रेष्ठले महानिर्देशकलाई टेलिफोनमा भनिन्।

मन्त्री श्रेष्ठले कास्की मात्रै हैन् अन्य जिल्लाको मालपोत तथा नापी कार्यालयहरुको अवस्था र समस्याका विषयमा अध्ययन गरि रिपोर्ट पेश गर्न निर्देशन दिईन्। मालपोत र नापी कार्यालयहरुमा सेटिङ्गमा हुने अनियमितताको जालो आफ्नो नेतृत्वमा न्यूनीकरण गर्ने उनले बताईन्।

# FAO and Nepal's Joint CPF technology for Agriculture sector

Dhanbahadur magar
May 17, Capital of Kathmandu Nepal Wednesday, in the Soaltee Hotel, Kathmandu FAo Country programing Framework (CPF Nepal (2023-2027 Lunching Ceremony.

Objective of overall Agriculture and Forest sector Transformation of United Nations and Agriculture




organization (FAO) Country Programing Fremework 2023-2027 has lunched.
Ministry of Agriculture, livestock development, honorable minister Dr. Beduram, bhuusal. \
National planning vice chairman Dr. Minbahadur Shrestha, United Nations Food and Agriculture Organization (FAO)'s Asia Paciffic chief Jong-Zin kim and United Nation habitat residency Ms. Hanaa singer Hamdy.
Economic cooperation and coordination division, ministry finance, Shreekrishna Nepal, and FAO Representative for Nepal chief Ken shimizu jointly signed in CPF 2023-2027.
Honorable Minster and program's chief guest Dr. Beduram Bhusal said, 7 decade long assistance, cooperation are appraciable FAO Nepal. The Lunching CPF fremework 2023-27, government and' FAO's common documents. He Added, On behalf government of Nepal Thanks to FAO continue supporting for Nepal. as Sector of policy ADS Making, even though one village one product program. I will hope finally productive partnership in Nepal in food systems and various stakeholders.
The ministry of forest secretary Rewati raman paudel said major resources of forest sectors will meaning full framework of CPF, I Appreciate to FAO for assistance in technical support. Sustainable development of biodiversity. Achieving objectively the successful implementation prosperity of Nepal.
I want to added on sustainable development goal, from food and Nutrition security, agriculture and forest sector.
National Planning commission vice chairman Minbahadur shrestha country framework 2027, Nepal's i believe on that CPF food system transformation, against the fight hunger and poverty, climate change, specially role, make effective. He added.
I am very much delighting with FAO, Nepal government fremework of CPF 2023-2027, roadmap of agriculuture's multisectors, processing on plan will be synchronize. He said, in 1951 FAO partnership collaboration are continue, I hope to recommendation on agricultural enviroment friendly, the processing sector services of food system dialogue. Equality, responsibility, sustainable development, transforming systems Knowledge, skill and advices together from FAO for implimentation CPF up to 2027, with Strong collaboration, we need to extensive, sustainable and ground base action.
Guest FAO assistance Director general Mr.Jong-jin Kim Asia pacific regional representative Asia and Pacific, He added to implementation Nepal government prioritize policy according to FAO mandate.
FAO.s wants members country's increased production, Nutrition reforms , environment reforms process, sample of the own members country program, activities scale up extension program and enhance. He said, unique opportunity food system its can reduction nature disaster, Nepal playing significant role during the long time in griculture, evaluation on past lessons Of, crops: rice, wheat, maize, livestock sector. We appreciate FAO, Nepal. Helping for demographic change. But we have common challenges. CPF 2023-2027 will address right to food, Right to food sovereignty, past and formers in to development. specially program centrelled in technology sector. Fishery and livestock sector i am confidence to implement a 5 year extension. provision of internal

action. Emerging new issues to solve the agricultural problems and will able to face challenges.

Not only the inclusive development all of the citizens for Food ensure to added in formation of food security. Food sovereignty, Mal nutrition and other food security regarding the challenges issues will essential, effectively coordination address for country's food system transformation, she said.

United Nations residency representative Ms Hanaa singer-hamdy added. Nepal's youth have abundant their origin for engages in for foreign employment, So, Increasing women responsibility in agriculture sector. on her country could mention its fremeworks women friendly technonology should apply, development, promotion, specially should mention of 2026 CPF, developing country, she feels happy, will fulfill the improvement, upgrading power of lifestyle process. UN continue assistances she, added, Country Programming Framework 2023-2027

She said Agriculture sector this significant progrman 70 year long collaboraiton with FAO and Government of Nepal.

Nepal agriculture still have traditional. Necessary or promote agriculture development, climate change impact on in an agriculture. Urban agriculture development food distribution. resources more gender responsible inclusive, gender of food system in Nepal, to reduce the hunger and minimize the poverty. The sustainable food system in data are necessary. Food Nutrition and Food Security of Nepal. opportunity she said yes we can, yes we can do, yes you all.

In Lunching the public ceremony program Diplomatic Ambassador, development partnership representative, governmental officer, private sector, agriculture representative, agriculture professional entrepreneurship, development partnership were presents.

